## पूर्ण इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६५-NF-००५३, उत्प्रेषण परमादेश, *मालपोत कार्यालय, चावहिलको तर्फबाट प्रमुख मालपोत अधिकृत वि. गुठी संस्थान, केन्द्रीय कार्यालयको तर्फबाट ऐ.का प्रशासक सेमन्तराज चापागाई समेत*

कुनै विषय आफैंले निर्णय गर्ने विषय भए पनि सो सम्बन्धमा सम्बन्धित व्यक्तिको आफूसमक्ष कानूनबमोजिम एवं रीतपूर्वकको निवेदन नपरेसम्म निर्णय गर्न कानूनसम्मत् हुँदैन। अन्य कार्यालय, निकाय वा विभागमा परेको निवेदन अर्के प्रसंगमा आफूसमक्ष प्राप्त हुन आए पनि सो विषयमा आफ्नो अधिकारक्षेत्र ग्रहण गरी निर्णय गर्न नमिल्ने ।

निर्णय गर्न पाउने गरी कानूनद्वारा अधिकार पाएको कुनै अधिकारी, निकाय वा कार्यालयले आफूसमक्ष निर्णयार्थ पेश भएको कुनै निवेदन, उजूरी वा नालेसउपर सुनुवाइ गरी निर्णय गरेको मात्र कानूनसम्मत् मान्न मिल्ने ।

कुनै विषयको बारेमा माथिल्लो निकायले आफू अधिनस्थ निकाय वा पदाधिकारीको राय माग गरी मातहत निकाय वा पदाधिकारीबाट प्राप्त राय समेतलाई आधार लिई सम्बद्ध विषयमा सम्बन्धित मन्त्रालय वा पदाधिकारीबाट प्रशासनिक तवरले निर्णय गर्नुपर्ने विषयमा राय माग गरेको अधिनस्थ निकाय वा पदाधिकारी आफैंले निर्णय गर्नाले माथिल्लो निकाय वा पदाधिकारीको अधिकारमा हस्तक्षेप हुने ।

बिना कानूनी आधार माथिल्लो पदाधिकारी वा निकायसमक्ष विचाराधीन प्रशासनिक विषयमा सो मातहतको तल्लो निकाय वा पदाधिकारीबाट भएको निर्णयको वैधता प्राप्त गर्न सक्ने स्थिति नहुने ।

छूट जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत कार्यालयमा निवेदन नपरी तालुक मन्त्रालयमा पत्राचार गरिएको र सो सम्बन्धमा मालपोत कार्यालयबाट राय माग गरिएको अवस्थामा कानूनबमोजिम राय दिनु पर्नेमा राय माग गरिएको विषयमा राय नदिई मालपोत कार्यालय, चावहिलले जग्गा दर्ता गर्न नमिल्ने भनी २०६०।३।६ मा निर्णय नै गरेको हुँदा सो निर्णय कानूनसम्मत् नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी भूमिसुधार तथा व्यवस्थापन विभागको पत्रानुसार रायसम्म पठाउन मालपोत कार्यालयको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट/विकेश गरागाई
इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.पु.इ.नं. ०६८-WF-०००४, उत्प्रेषण समेत, *उमाशंकर साह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ११ को उपदफा (२) को खण्ड (ग) बमोजिम प्राज्ञसभाका मनोनीत सदस्यहरूबाट प्राज्ञ परिषद्मा मनोनीत गर्नुपर्ने ६ जना सदस्यहरूमा शारदा चित्रकार, रागिनी उपाध्याय ग्रेला, कर्ण मास्के, शान्तकुमार राई, ओम खत्री र रविन कोइराला समेतका व्यक्तिहरूको नाम सिफारिश गरेको देखिन आउँछ । परिषद्को सदस्यमा मनोनयनको सिफारिश गरिएका निवेदिका रागिनी उपाध्याय ग्रेलासहित दुईजना महिला देखिएको तथा अन्य सदस्यहरूलाई समष्टिगतमा हेर्दा समावेशीको आधारमा गर्न खोजिएको देखिएको छ । यसबाट उक्त सिफारिश निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सभा र परिषद् गठनको लागि सिफारिश समिति गठन गर्ने गरी मिति २०६६।१२।२६ मा भएको निर्णय र सो समितिले मिति २०६६।१२।३१ मा प्राज्ञसभा र परिषद्मा मनोनयन र नियुक्तिको लागि गरेको सिफारिश निर्णय समेत नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ७(२)(घ), ८, र ११(२)(ग) अनुरूप नै देखिँदा सो कामकारवाही र निर्णयबाट निवेदकहरूको कुनै कानूनी र संवैधानिक हक अधिकारमा असर पर्न गएको अवस्था नदेखिँदा मागबमोजिमको आदेश जारी गर्नु नपर्ने

इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

## विशेष इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती** रिट नं. ०६६-WS-००४८, उत्प्रेषण, *कुमारप्रसाद दाहाल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारी कर्मचारीलाई के कस्तो आधारमा कसरी बढुवा र स्तरवृद्धि गर्ने भन्ने विषय कर्मचारीको ईच्छा, आवश्यकता र चाहनाभन्दा पनि जनताको ईच्छा र सुविधाअनुसार राज्यले व्यवस्थापन गर्ने कुरा हो । यस्तो व्यवस्था गर्दा राज्यले समानहरूका बीच असमान व्यवहार गर्नु हुँदैन भन्ने समानताको सामान्य सिद्धान्त भने राज्य सञ्चालन गर्ने सरकार वा सरकारका निकायहरूले पालना गर्नुपर्ने हुन्छ । तर समान व्यवहारको अर्थ विशेष गुण र योग्यताको बेवास्ता गर्ने भन्ने होइन । समानता र वृत्ति विकासको नाममा गुणस्तर र मापदण्डको कुरामा सम्झौता गर्न मिल्दैन, स्वास्थ्य सेवाको सम्वेदनशीलतालाई विचार गरी स्पष्ट आधार र योग्यतालाई परिभाषित गरी लोकसेवा आयोगको प्रक्रियाबाट नियुक्ति भएको कर्मचारी र स्वतः स्तरवृद्धि भएको कर्मचारीका हकमा गरिएको माथिल्लो तहको स्तरवृद्धिसम्बन्धी प्रावधान तर्कसंगत वर्गीकरण (Reasonable Classification) को सिद्धान्तविपरीत देखिन नआएकोले यसबाट समानताको हक तथा पेशा रोजगार गर्ने स्वतन्त्रता अपहरण भयो भन्न नमिल्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल फागुन ४ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको रिट नं. ०६६-WS-००४९, उत्प्रेषण, *प्रकाशकुमार योगी समेत* वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती** रिट नं. ०६७-WS-००७२, उत्प्रेषण, *दीपकप्रसाद न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

दुर्गम क्षेत्र विकास समितिको कार्य सञ्चालन नियमावली, २०६५ को नियम २४ को अनुसूची-१ सँग सम्बन्धित व्यवस्था र ऐ. ऐनको उपनियम (४) को व्यवस्था दुर्गमक्षेत्र विकास समिति गठन आदेश २०३३(संशोधन २०६३) को दफा ४ (ज) एवं दफा ९ एवं नेपालको अन्तरिम संविधान, २०६३ को धारा १, १२(३)(च), १८(१) समेतसँग बाझिन गएकोले उक्त नियमावली, २०६५ को नियम २४ संविधानको धारा १०७(१) बमोजिम अमान्य र बदर हुनुपर्छ भन्ने दावीतर्फ विचार गर्दा संशोधित नियमावलीको नियम २४ मा समितिको संगठनात्मक स्वरूप तथा कर्मचारीसम्बन्धी व्यवस्था रहेको छ । सोबमोजिम समितिको संगठनात्मक तालिका निर्माण गरी कर्मचारीको दरबन्दीमा केही कटौती गरिएको देखिन्छ । यसरी दरबन्दी कटौतीसम्बन्धी यी प्रावधान लागू भई नयाँ संगठनात्मक स्वरूप कायम हुँदा नयाँ संगठनात्मक स्वरूपअनुसार केन्द्रलाई आवश्यक पर्ने कर्मचारी केन्द्रमा राखी केन्द्र तथा मातहत निकायमा बढी हुने कर्मचारीहरूलाई कार्यबोझ बढी भएका र स्रोत साधन कम रहेका दुर्गमका जिल्ला विकास समितिमा खटाई कामकाज लगाउने व्यवस्था गरिएको पाइन्छ । उक्त समिति दुर्गम क्षेत्रको विकाससँग सम्बन्धित कार्यहरू गर्ने प्रयोजनको लागि गठन भएकोले यसले आफ्नो कार्यबोझ र कार्यको प्रकृतिअनुसार कर्मचारीहरू राख्न सक्दछ । यसमा विवाद हुन सक्दैन । कर्मचारीहरूको संख्याको निर्धारण र आफ्नो आवश्यकताको पहिचान पनि सोही समितिले गर्नुपर्ने हुन्छ । आफूलाई आवश्यक नभएको कर्मचारी पनि राखी रहनु पर्छ भनी निर्देशित गर्न मिल्ने देखिँदैन । आफ्नो उद्देश्य र कार्यका लागि चाहिने जति कर्मचारी राख्नुपर्ने हुन्छ । यस्तो अवस्थामा पहिला काम बढी भएको बेला बढी कर्मचारी राखिएकोमा काम नहुँदा पछि कर्मचारी संख्यामा गरिएको कटौतीलाई अस्वाभाविक भन्न मिल्दैन । यसरी उक्त नियमावलीको उक्त संशोधित व्यवस्थाबाट नागरिकको पेशा रोजगार उद्योग र

व्यापार गर्ने स्वतन्त्रता तथा रोजगारीको हकमा कुनै प्रतिकूल असर परेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल फागुन ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६८-WS-००३९, उत्प्रेषण समेत, *सञ्चिता न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्यले सार्वजनिक क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्दा विशेष वर्गका नागरिकहरूको हकमा सम्म विशेष संरक्षणात्मक व्यवस्था गर्नसक्ने देखिन्छ । सो बाहेक अन्य कुनै पनि आधारमा पेशा, व्यवसाय वा रोजगारीको हकको उपभोग गर्दा गरिने विभेदपूर्ण व्यवहारलाई पूर्ण रूपले प्रतिवन्धित गरिएको पाइन्छ । विपक्षी घरेलु तथा साना उद्योग विकास समितिमा अस्थायी रूपमा कार्यरत् कर्मचारीहरू संविधानको धारा १२(३) को प्रतिवन्धात्मक खण्ड (५) अन्तर्गत पर्दैनन् । सो सम्बन्धमा विधायिकाले कुनै विशेष कानून बनाएको पनि छैन । यस्तो अवस्थामा पहिलादेखि अस्थायी पदमा कार्यरत् कर्मचारीहरू विशेष संरक्षणको हकदार हुन नसक्ने ।

यस्तै विवादको विषयवस्तु समावेश भएको निवेदक अधिवक्ता मीना खड्का विरूद्ध राष्ट्रिय मानवअधिकार आयोग समेत भएको रिट नं. ०६५-WS-००३५, ००३६ को रिट निवेदन (*नेकाप* २०६७ बैशाख नि.न. ८२९२ पृष्ठ २०) मा प्रतिस्पर्धालाई सीमित तुल्याउने गरी गरिएको कानूनी व्यवस्थालाई कुनै पनि तर्कका आधारमा संविधानअनुकूल मान्न सकिने अवस्था देखिँदैन भनी यस अदालतको विशेष इजलासबाट राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा तेस्रो संशोधनबाट थप गरिएको नियम ९ को उपनियम (४) को व्यवस्था अन्तरिम संविधानको धारा १८, १२(३)(च) र १३ समेतको विपरीत भएको भनी अमान्य र बदर घोषित गर्दै सिद्धान्त समेत प्रतिपादन भइसकेको छ । उक्त निर्णयमा प्रतिपादित सिद्धान्त प्रस्तुत विवादमा पनि पूर्ण रूपले आकर्षित हुने अवस्था भएकोले समेत घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५५ मा मिति २०६५।१२।३१ को मन्त्रिस्तरीय निर्णयानुसार थप भएको नियम ३.१.७(३) को व्यवस्था नेपालको अन्तरिम संविधानको धारा १२(३)(च) र धारा १८ सँग बाझिएको देखिने ।

घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत् अस्थायी कर्मचारीहरूबीच मात्र सीमित प्रतिस्पर्धा गर्ने व्यवस्था गरेको घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५५ मा मिति २०६५।१२।३१ को मन्त्रिस्तरीय निर्णयानुसार थप भएको नियम ३.१.७(३) को व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ द्वारा प्रदत्त रोजगारी प्राप्त गर्ने नेपाली नागरिकको हक, धारा १२(३) को खण्ड(च) बमोजिम पेशा, रोजगार गर्ने स्वतन्त्रता तथा धारा १३ द्वारा प्रदत्त समानताको हकमा समेत अनुचित बन्देज लगाएको देखिन आएकोले संविधानसँग बाझिएको उक्त नियम ३.१.७(३) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) बमोजिम आजैका मितिबाट अमान्य र बदर घोषित गरिएको छ । उक्त नियम ३.१.७(३) को व्यवस्था अमान्य र बदर घोषित भएको हुँदा सोही नियमअनुरूप प्रकाशित सीमित प्रतिष्पर्धातर्फको विज्ञापन नं. ७५/०६५/०६६, ७६/०६५/०६६, ७७/०६५/०६६, ७८/०६५/०६६, ७९/०६५/०६६ र ८०/०६५/०६६ का विज्ञापन र सोसँग सम्बन्धित अन्य कारवाही समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

संवत् २०६८ साल चैत २ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. २०६८-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *बबलु खान वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदकउपर सार्वजनिक अपराधमा म्याद थप गरी अनुसन्धान गरिएको भनिएको मिसिल हेर्दा निजको बयानसम्म पनि नगराइएको स्थिति देखिएबाट अनुसन्धान अधिकारीले कानूनबमोजिमको कर्तव्य पालनातर्फ उदासीनता देखाई बिना आधार म्याद थपको अनुमति माग गर्दै निवेदकलाई थुनामा राखिरहेको भन्ने देखिन आयो । अतः निवेदकउपर सार्वजनिक अपराध सम्बन्धमा मुद्दा चल्ने, नचल्ने के हो ? यकीन गरी मुद्दा दायर गर्नुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीबाट दोस्रो पटक म्याद थप भएको मिति २०६८।९।२० बाट ३(तीन) दिनभित्रै मुद्दा दायर गर्नु, अन्यथा निवेदक सत्यनारायण कनौजियालाई थुनामुक्त गरी यस अदालतलाई सोको जानकारी गराउनु भनी विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल, फौ.पु.नं.** २०६५-CR-०३६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर कुँवर समेत*

मृतकहरूलाई कर्तव्य गरी मार्ने कार्यमा प्रत्यक्ष संलग्न भई वारदात घटाइसकेपछि पनि प्रतिवादीहरू देवबहादुर र मदनराजले घटनाको बारेमा नबताउनु भनी प्रतिवादी वीरबहादुरलाई डर, धाक, धम्की दिई त्रासमा पारेको भन्ने देखिएको अवस्थामा आफ्नो साथमा रहेको बन्दुक यी प्रतिवादी वीरबहादुर कुँवरले मृतकलाई मार्नु भनी प्रतिवादीहरू देवबहादुर र मदनराज समेतलाई मनसायपूर्वक दिई अह्राई पठाएको नभई निज देवबहादुर र मदनराजले नै जवर्जस्ती रूपमा सो बन्दुक लिई गएपछि वारदात घटाई यी प्रतिवादीकै घरको भान्सा कोठामा छोडी गएको भन्ने देखिन आउँछ। यस्तो अवस्थामा प्रतिवादी वीरबहादुर कुँवरले मृतकको ज्यान लिने उद्देश्यले प्रतिवादीहरू देवबहादुर र मदनराजसँग सल्लाहमा पसी वा निजहरूलाई अह्राई जानाजान बन्दुक र छूरी दिएको भन्ने अभियोग दावी स्थापित हुन सक्ने अवस्था नदेखिने ।

प्रतिवादी रामबहादुर कुँवर मृतकहरूलाई कर्तव्य गरी मार्नमा अन्य किसिमबाट मत सल्लाहमा पसेको भन्ने कुरा तथ्ययुक्त एवं ठोस रूपमा पुष्टि हुन नसकेको अवस्थामा अनुमानको आधारमा निज प्रतिवादी र मृतकका परिवारबीच सामान्य वादविवाद वा झैंझगडा रहेको भन्ने देखिएको आधारले मात्र यी प्रतिवादी पनि दोषी रहेछन् भन्ने निष्कर्षमा पुग्नु न्यायोचित नहुने हुँदा प्रतिवादी वीरबहादुर कुँवर तथा रामबहादुर कुँवरले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६५-CI-०१००, परमादेश समेत, *अयोध्याप्रसाद श्रेष्ठ वि. शंकरमाली निर्माण सेवा प्रा.लि.ललितपुर*

निवेदन दावीको सम्झौतामा पक्ष नै नरहेको भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सडक विभाग र डिभिजन सडक कार्यालय नं. २ लाई समेत दायित्व बहन गराउने गरी निवेदन दायर गरिएको पुनरावेदन अदालत, पाटनको फैसलाबाट पनि ती निकायले दायित्व बहन गर्नुपर्ने अवस्था देखिन आएको छ । सम्झौताको दफा ५ मा नियोक्ता भन्ने शब्दको प्रयोग भए पनि सम्झौताको कुनै पनि प्रावधानबाट नियोक्ता शब्दलाई परिभाषित गरिएको वा नियोक्ता भन्नाले के कुन निकायलाई बुझाउँछ भन्ने कुरा खुल्दैन । यदि भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सडक विभाग र डिभिजन सडक कार्यालय नं. २ लगायतका निकायहरू नेशनल कन्स्ट्रक्शन कम्पनीलाई निर्माण कार्य लगाउने नियोक्ता हुन् र उनीहरूबीच कुनै करार भएको छ भने त्यो विषय नेशनल कन्स्ट्रक्शन कम्पनी र नेपाल सरकारका बीचमा सीमित रहने विषय हो । त्यो सम्झौतालाई आधार बनाएर सो सम्झौताको पक्ष नै नरहेको निवेदक कम्पनीले नेपाल सकारका निकायहरूसँग दावी गर्नसक्ने अवस्था रहँदैन । त्यसरी निवेदक कम्पनी र नेशनल कन्स्ट्रक्शन कम्पनीबीचको ठेक्का सम्झौताका

प्रावधानहरूबाट भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सडक विभाग र डिभिजन सडक कार्यालय नं. २ को संलग्नता नै नदेखिएको हुँदा ती निकायहरूलाई समेत दायित्व बहन गराउने गरी जारी भएको आदेश सो हदसम्म मनासिब नदेखिने ।

निवेदक कम्पनी र नेशनल कन्स्ट्रक्शन कम्पनीबीच सम्पन्न भएको सम्झौता नेशनल कन्स्ट्रक्शन कम्पनी बाहेक विपक्षीहरू भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सडक विभाग र डिभिजन सडक कार्यालय नं. २ को संलग्नता नदेखिएको र ती निकायहरू सम्झौताको पक्ष नै नरहेको हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।११।१५ मा जारी भएको परमादेशको आदेश नेशनल कन्स्ट्रक्शन कम्पनी बाहेकका अन्य विपक्षीहरूको हकमा सम्म केही उल्टी भै ती निकायहरूका हकमा निवेदन खारेज हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६६-CR-०१७३, कर्तव्य ज्यान, *सुष्मा वि.क. वि. नेपाल सरकार*

प्रतिवादीले अदालत समक्षको बयानमा आफ्नो स्वास्थ्य स्थिति समेतको उल्लेख गर्दै औषधि सेवन गर्दै आएको व्यहोरा उल्लेख गरे पनि बालिकाको हजुरआमा समेतले आफूलाई गाली गलौज गर्ने गरेको कुरा सम्झेर नहरमा धकेलिदिएको भन्ने समेतको व्यहोरा उल्लेख गरेको पाइन्छ । सो कथनले पनि आफ्नो मानसिक असन्तुलनकै कारणले सो घटना भएको भन्ने देखिन आउँदैन। उल्लिखित आधारमा यी प्रतिवादीलाई निजको मानसिक अवस्थालाई नै आधार बनाएर सजायबाट उन्मुक्ति दिन नमिल्ने ।

प्रतिवादी सुष्मा वि.क.ले २ वर्षकी बालिका नाजविन खानलाई आफ्नो साथमा लिई गई नहरको डिलबाट पानीमा फालिदिएको र सोही कारणबाट निज बालिकाको मृत्यु भएको भन्ने तथ्यको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर अपराधमा सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

वारदात अघिको निजको स्वास्थ्य स्थितिको सम्बन्धमा प्रामाणिक रूपमा पुष्टि हुने अवस्था नदेखिए पनि वारदातपछिको स्वास्थ्य स्थितिका सम्बन्धमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराले गरेको स्वास्थ्य परीक्षणका क्रममा प्रतिवादीको आमाको कथन समेतलाई उद्धृत गरी Behavioral Disorder, Mental Retardation र Austism Disorder भन्ने समेतको व्यहोरा उल्लेख गरिएको परिप्रेक्ष्यमा निजलाई थप उपचारको आवश्यकता रहेको भन्ने देखिएको छ। यसरी घटनाको प्रकृति, निजले न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोग, निजको उमेर र निजको स्वास्थ्य स्थिति समेतलाई विचार गर्दा ज्यानसम्बन्धीको १३(३) नं बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादी सुष्मा वि.क.लाई अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल जेठ ३ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CI-०३६६, परमादेश समेत, *लीलाकुमारी शाह समेत वि.वचत संकलन केन्द्र, घोराही नगरपालिका वडा नं. ११, दाङ्ग समेत*

विनियमावलीको व्यवस्थाका आधारमा यी निवेदकहरूलाई निष्काशन गरिएको भन्ने देखिएको र सो निर्णय कायम नै रहेको अवस्थामा विनियमावलीको प्रक्रिया पूरा गरेर निर्णय गर्नु भनी परमादेशको आदेश जारी गर्न मिल्ने हुँदैन । निवेदकहरूलाई दिइएको पत्रमा कार्यसमितिको निर्णयअनुसार भनी उल्लेख गरिएको हुँदा निवेदन दावीकै भरमा कार्यसमितिबाट निर्णय नभएको भनी अन्यथा अनुमान गर्न मिल्ने पनि हुँदैन । त्यसबाहेक निवेदकहरूलाई शेयर सदस्यबाट निष्काशन गर्ने सम्बन्धमा कार्यसमितिको बैठकमा के कस्तो प्रक्रियाको अवलम्बन भयो वा निवेदकहरूले माग गरेअनुसारको प्रक्रियाको अवलम्बन गरियो, गरिएन भन्ने जस्ता विषयमा परमादेशको निवेदनको रोहमा मूल्याङ्कन गर्न सिद्धान्ततः नमिल्ने हुँदा निवेदकहरूको आफूलाई शेयर सदस्यबाट निष्काशन गर्ने गरी गरेको कार्यसमितिको निर्णय बदर गराउन नसकेको अवस्थामा

सो निर्णय यथावत् कायम रहँदासम्म परमादेशको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत: उमेश कोइराला
कम्प्युटर: मुकुन्द विष्ट
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६७-CI-०४२६, निषेधाज्ञा समेत, *कुमारदोस्ती अधिकारी वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

निवेदकले विपक्षी साना जलविद्युत तथा ग्रामीण विद्युतीकरण विभागसँग गरेको ९ नोभेम्बर, २००१ को सम्झौताअनुसारको कार्य सम्पन्न हुन बाँकी नै रहेको भन्ने कुरा निवेदन लेखबाट नै देखिन्छ। प्रस्तुत पुनरावेदनमा पनि निवेदकले सम्झौताअनुसारको कार्य सम्पन्न भैसकेको भनी जिकीर लिन सकेको पाईदैन। निवेदकले नै सम्झौताअनुसारको करिव ८० प्रतिशत कार्य सम्पन्न भएको भनी स्वीकार गरेबाट सम्झौताबमोजिम पूरै कार्य भैसकेको छैन भन्ने तथ्य स्थापित हुन आउँछ। निवेदक कम्पनीले मिति २०६६।१।१३ मा आयोजना प्रमुखलाई सम्बोधन गरी लेखेको पत्रमा पनि सम्झौताअनुसारको कार्य बाँकी रहेको अवस्था देखाइएको छ। उक्त पत्रमा बैंक ग्यारेन्टीसम्बन्धी कार्य २० दिनभित्र सम्पन्न गरी पेश गर्ने प्रतिवद्धता व्यक्त भैरहेको अवस्थामा बैंक जमानीपत्र अनुसारको रकम फुकुवाको दावी स्वयंमा परिपक्व भैनसकेको भन्ने देखिन आउँछ। प्रस्तुत निवेदन बैंक ग्यारेन्टी फुकुवासँग सम्बन्धित रहेको र निवेदकले नै बैंक ग्यारेन्टीसम्बन्धी कार्य बाँकी नै रहेको भनी पत्रबाट स्वीकार गरेको अवस्थामा बैंक ग्यारेन्टी जफत नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्न वा बैंक ग्यारेन्टी फुकुवा गरिदिनु भनी परमादेशको आदेश जारी गर्न नमिल्ने।
इजलास अधिकृत: उमेश कोइराला
कम्प्युटर: मुकुन्द विष्ट
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६७-CI-०५१८, निषेधाज्ञा, *जीवराज अधिकारी वि. म्हेपी वचत तथा ऋण सहकारी संस्था लिमिटेड, का.म.न.पा, वडा नं. १६ समेत*

कर्जाबापत धितो जमानीमा रहेको जग्गा कर्जा चुक्ता भएपछि स्वत: फुकुवा हुने नै हुन्छ । विपक्षी सहकारी संस्थाले पनि ऋण रकम नउठेसम्मका लागि रोक्का राखिएको भनी लिखित जवाफमा उल्लेख गरेको सन्दर्भमा निवेदकले विपक्षी सहकारी संस्थासँगको आफ्नो व्यवहारमध्ये आंशिक व्यवहारलाई मात्र उल्लेख गरी अन्य तथ्यहरू लुकाई परमादेशको मागसहित निवेदन दायर गरेको देखिन्छ। त्यसरी तथ्य लुकाई अदालत प्रवेश गर्ने पक्षलाई अदालतले सहयोग गर्न सक्ने अवस्था पनि रहदैन । साथै निवेदकले सहकारी सस्थाबाट अन्य व्यक्तिहरूका लागि कर्जा प्रवाह गर्न आफ्नो नामको जग्गा धितोस्वरूप राख्न मञ्जूर गरेको भन्ने तथ्य स्थापित भएको अवस्थामा सहकारी संस्थाबाट को कसले के कति कर्जा लिएका छन् र त्यसरी कर्जा लिने व्यक्तिहरूमध्ये को कसको कर्जा के कति चुक्ता भयो वा भएन र त्यस्तो कर्जा असूल गर्नेतर्फ सहकारी संस्थाका तर्फबाट प्रयास गरियो वा गरिएन भन्ने जस्ता तथ्यगत प्रश्नमा प्रवेश गरी समग्र पक्षको मूल्याङ्कन प्रस्तुत निवेदनको रोहबाट गर्न नसकिने ।
इजलास अधिकृत: उमेश कोइराला
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६७-CI-०५२१, निषेधाज्ञा, *सिंगासन राउत अहिर समेत वि. चुरिल पण्डित कुम्हार*

विवादको कित्ता नं. ७१ को जग्गामा निवेदकको मोहियानी हक रहेको देखिएको अवस्थामा विपक्षीहरूले लिखित जवाफमा निवेदक मोही नै नरहेको र उक्त जग्गा आफैंले जोतकोड गरेको भनी जिकीर लिएबाट सो जग्गामा मोहीको हैसियतले जोतकोड गर्न बाधा अवरोध सिर्जना हुन सक्ने अवस्थाको विद्यमानता रहे भएकै देखिन आयो । निषेधाज्ञाको निवेदनबाट हक बेहकको प्रश्नमा न्याय निरोपण गरिने नभै कानूनप्रदत्त हकको उपभोगमा कहीं कतैबाट बाधा अवरोध उत्पन्न हुन लागेमा तत्कालका लागि त्यस्तो बाधा अवरोध हुने खालका कार्य हुन नदिनेसम्मको कार्य गरिने हुन्छ। पुनरावेदक विपक्षीले साविक मोहीले र यी निवेदकले समेत

मोही हक छाडी दिएको र त्यसरी मोही हक छाड्ने सिलसिलामा भूमि प्रशासन कार्यालय, पर्साबाट लिखत पारीत गरिदिएको भनी जिकीर लिए पनि विवादको कित्ता नं. ७१ को जग्गामा अद्यापि साविक मोही सिउनारायण पण्डित कुम्हारको नाम कायमै रहेको हुँदा विवादको कित्ता नं. ७१ को जग्गामा मोहीको हैसियतले जग्गा जोतकोड गर्ने कार्यमा विरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६७-CI-०५२३, निषेधाज्ञा, *जंगबहादुर भण्डारी वि. थानसिङ्ग गा.वि.स.को कार्यालय, नुवाकोट समेत*

अ.बं. १७१क नं. ले "चल अचल सम्पत्ति वा बिगो दावी भएको तथा हक बेहकको प्रश्न उठेको मुद्दामा विवादित अचल सम्पत्ति यथास्थितिमा राखी कुनै किसिमको निर्माण गर्न नदिन वा भइरहेको निर्माण बिगार्न वा भौतिकस्वरूप परिवर्तन गर्न नदिन ... पक्षले निवेदन दिएकोमा अदालतले मुद्दाको प्रकृति र औचित्य हेरी प्रतिउत्तरपत्र नपरेसम्मको लागि वा मुद्दाको किनारा नभएसम्मको लागि वादीको दावी पुग्न सक्ने जस्तो देखिएमा दावी पुग्नेसम्मको सम्पत्ति रोक्का गर्न वा अन्य उपयुक्त आदेश जारी गर्न सक्ने" भनी स्पष्ट रूपमा उपचारको व्यवस्था गरेको र यी निवेदकले पनि आफैंले दायर गरेको कित्ताकाट बदर मुद्दाको रोहमा नुवाकोट जिल्ला अदालतमा निवेदन दिन सक्ने र अदालतबाट मुद्दाको प्रकृति र औचित्य हेरी उपयुक्त किसिमको आदेश जारी गर्न सक्ने नै देखिँदा साधारण अधिकारक्षेत्र अन्तर्गत मुद्दाबाटै निवेदकले दावी गरेको उपचार प्राप्त गर्न सक्ने अवस्थामा निषेधाज्ञाको निवेदनबाट हस्तक्षेप गरिनु न्यायोचित् र औचित्यपूर्ण नहुने ।

इजलास अधिकृतः उमेश कोइराला
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

१०

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** मुद्दा नं. ०६५-CI-०६९४, निषेधाज्ञा, *उत्तमबहादुर चौहान वि. नरेशकुमार साह*

आफ्नो लेना रकम र सुरक्षणस्वरूप राखिएको धितो समेतको मूल्याङ्कन नगरी, कर्जा असूलीका लागि कानूनले निर्धारण गरेको प्रक्रियाको अवलम्बन समेत नगरी अनावश्यक रूपमा जग्गाहरू सुरक्षणस्वरूप राखी अनन्तकालसम्म रोक्का राख्ने परिपाटीलाई भने जायज र न्यायोचित् मान्न नसकिने ।

आफूले असूल गर्नुपर्ने रकम र त्यसको सुरक्षणका लागि राखिएको धितो समेतको मूल्याङ्कन गरी बिगोले खाम्न सक्ने जग्गा मात्र रोक्का राखी अन्य जग्गा बाँकी देखिए अविलम्ब फुकुवा गरिदिनु भनी बैंकलाई नै अधिकार प्रदान गरी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

ललीतादेवी साहले लिएको कर्जाको सुरक्षण स्वरूप रहेको निज ऋणी स्वयंका नामको जग्गाका साथै निवेदकको नामको कित्ता नं. ६९५ को जग्गामध्ये के कति जग्गा आवश्यक पर्ने हो सो समेतको आँकलन गरी सो बाहेकको जग्गा भए अविलम्ब फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

११

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६८-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि.कमलबहादुर दाहाल*

मौकामा कागज गर्ने वर्ष (१०)दशकी प्रत्यक्षदर्शी भोजकुमारी दाहालले प्रतिवादीले आफ्नी आमालाई गालीगलौज गरिरहेको अवस्थामा मृतक पूर्णमाया राईले आमालाई किन त्यसरी गाली गरेको भनी भन्दा प्रतिवादीले तँलाई के मतलव भनी नानाथरी अपशब्द प्रयोग गरेपछि मृतकले ढुङ्गामुढा गर्दै प्रतिवादीतर्फ आउँदै गर्दा प्रतिवादीले मृतकको टाउकोमा खुकुरीले प्रहार गरेको र मृतक भूईंमा लडेपछि पनि प्रतिवादीले फेरि मृतकको पेटमा समेत

खुकुरीले प्रहार गरेको हो भनी बकपत्र समेत गरिदिएको देखिँदा आरोपित कसूरमा सावित भई प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयान वारदातकी प्रत्यक्षदर्शी भोजकुमारी दाहालले गरेको बकपत्र समेतबाट समर्थित भएको अवस्था हुँदा अभियोग माग दावीबमोजिम प्रतिवादी कमलबहादुर दाहाललाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

१२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-१०७०, उत्प्रेषण समेत, *प्रमोदराज शर्मा वि. सिंचाई मन्त्रालय समेत*

भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा ४ख मा भूमिगत जलस्रोत विकास समितिको दैनिक कार्य सञ्चालनका लागि कार्यकारी निर्देशक नियुक्त गरिने प्रावधान रहेको देखिन्छ । उक्त गठन आदेशमा कार्यकारी निर्देशकलाई सो समिति बाहेक अन्यत्र सरूवा गर्ने, काज खटाउने वा कतै हाजीर गराई कुनै काम लगाउन सकिने भन्ने व्यवस्था रहेको भएको देखिँदैन । यसरी उक्त समितिको दैनिक कार्य सञ्चालनका लागि भनी गठन आदेशद्वारा छुट्टै काम कर्तव्य निर्धारण गरी सिर्जना गरिएको कार्यकारी निर्देशकको पदमा कार्यरत् निवेदकलाई कुन कानूनको अधिकारअन्तर्गत मन्त्रालयमा कामकाज गर्न झिकाइएको हो भन्ने सम्बन्धमा विपक्षी सिंचाई मन्त्रालयको विवादित पत्र तथा लिखित जवाफमा समेत केही उल्लेख भएको नपाइँदा निवेदकलाई सिंचाई मन्त्रालयमा हाजीर गराई कामकाज लगाउनेसम्बन्धी विपक्षी सिंचाई मन्त्रालयको मिति २०६८।१।२९ को निर्णय तथा पत्र समेत कानूनसम्मत् देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल फागुन १४ गते रोज १ शुभम् ।

१३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६८-RC-०००७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनबहादुर चेपाङ समेत*

प्रतिवादीहरू धनबहादुर चेपाङ्ग, शिवहरि चेपाङ्ग र चन्द्रकुमार चेपाङ्गले अनुसन्धान अधिकारीसमक्ष र शुरू अदातलमा समेत मृतक झाँक्री बरम साहिला भन्ने सुकुम्बर प्रजाले मानिस तथा वस्तुभाउलाई भेदेर मारेको र बालीनाली समेत बिगारिदिएको कारण निजलाई मार्ने भनी परस्पर सल्लाह गरी निजको घरमा गई निजलाई भूइँमा पछारी तीनैजनाले पालैपालो घाँटी थिची मारेको र लास जंगलमा फालिदिएको हो भनी परस्पर पोल गरी एकै मिलानको साविती बयान गरेको मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा, “Asphyxia most probably due to strangulation” भन्ने उल्लेख भएबाट प्रतिवादीहरूको उपरोक्त साविती बयान समर्थित भइरहेको अवस्था हुँदा प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष सावित भई अनुसन्धानमा सहयोग पुऱ्याएको र अदालतमा समेत आरोपित कसूरमा सावित भई न्यायिक प्रक्रियामा समेत सुगमता पुऱ्याएको देखिन्छ । यसका अतिरिक्त तीनैजना प्रतिवादीहरू आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिकोणबाट पिछडिएको चेपाङ्ग समुदायका भएका र मृतकले बोक्सी लागी मानिस तथा वस्तुभाउलाई भेदेर मारेको भन्ने जस्तो अन्धविश्वासका कारण ज्यान मार्न उद्यत भएको देखिन आएको हुँदा प्रतिवादीहरूको सामाजिक तथा शैक्षिक पछौटेपन र अन्धविश्वासयुक्त मनोसामाजिक अवस्थालाई विचार गर्दा जन्मकैदको सजाय नगरी जनही आठ वर्ष मात्र कैद गरे पनि न्यायको उद्देश्य पूरा हुने देखिएकोले अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही आठ वर्ष कैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

१४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं.०६८-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजनकुमार सुनार*

प्रतिवादी राजनकुमार सुनार अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतक दाजु वीरबहादुर सुनारले आमालाई गालीगलौज गरेको विषयमा भनाभन हुँदा भाइ राजकुमार सुनारले बञ्चरोले मृतकको टाउकोमा प्रहार गरेको र मृतक सागबारीमा ढलेपछि मैले पनि काठको डल्लेठोले ४।५ पटक मृतकलाई टाउकोलगायतका विभिन्न भागमा प्रहार गरेको हुँ भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा भने भाई राजकुमारले दाउराको चिरपटले र मैले हातले ढाडमा कुटपीट गरेको हो भनी बयान गरेको देखिए तापनि लासजाँच मुचुल्काबाट मृतकको टाउकोमा धारिलो हतियारले काटेका चोटहरू समेत देखिएको र शव परीक्षण प्रतिवेदनमा पनि "Multiple skull Injuries" का कारण मृत्यु भएको भन्ने उल्लेख भएबाट प्रतिवादीको अदालतसमक्षको उक्त बयान व्यहोरा साँचो रहेछ भन्न सकिने अवस्था नदेखिँदा आफूले समेत डल्लेठोले मृतकलाई टाउकोमा प्रहार गरेको हो भनी आरोपित कसूरमा सावित भई अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, लासजाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन समेतबाट समर्थित भएको देखिन आएको हुँदा निज प्रतिवादी राजनकुमार सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

१५

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६६-CR-१२४३, बैंक ठगी कीर्ते, *नेपाल सरकार वि. गोपाल बराल समेत*

बैंकको बहिखाता एवं चेक समेतमा सम्बन्धित खातावाला बाहेकको व्यक्तिले रकम जम्मा गरेको देखाई त्यस्तो रकम झिकी बैंकलाई ठगी गरेको कसूरमा विवादित बहीखाता एवं चेकको लेखाई वा हस्ताक्षर र आरोपित व्यक्तिको लेखाई वा हस्ताक्षर भिडाई आरोपित व्यक्तिको संलग्नता रहे नरहेको भन्ने कुरा प्रथमतः निर्क्यौल गर्नुपर्ने हुन्छ । तर, विवादित बहिखाता एवं चेकको हस्ताक्षर एवं प्रतिवादीको हस्ताक्षर एकापसमा नभिड्ने भनी सम्बन्धित विशेषज्ञले प्रतिवेदन दिएको स्थितिमा विवादित चेक काटी रकम झिक्ने कार्यमा प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरे नै संलग्न रहेको भनी अनुमानको भरमा निष्कर्ष निकाल्न न्यायोचित् देखिँदैन । प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेउपर जाहेरी परेको भए तापनि मिसिलसंलग्न कुनै पनि प्रमाणबाट निज उपरको अभियोग प्रमाणित र पुष्टि हुने अवस्था देखिन आउँदैन । साथै अन्य प्रतिवादीहरूउपर जाहेरी समेतमा पोल गरिएको स्थितिसम्म पनि नदेखिएको अवस्था रहेको र निजहरू समेत भई आरोपित कसूर गरेको भन्ने प्रत्यक्ष एवं विश्वसनीय प्रमाणको समेत अभाव रहेको देखिँदा प्रमाणको अभावमा प्रतिवादीहरूउपरको अभियोग दावी पुष्टि हुने स्थिति नदेखिने ।

प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेउपरको जाहेरी बाहेक अन्य कुनै पनि प्रमाणबाट निजउपरको अभियोग पुष्टि नभएको तथा अन्य प्रतिवादीहरूउपर जाहेरीमा पोलसम्म पनि नगरिएको संकलित प्रमाणबाट निजहरूउपरको अभियोग पुष्टि हुन नसकेको अवस्थामा केवल शंकाको आधारमा मात्र कसूरदार कायम गरी सजाय गर्न न्यायोचित् र विवेकसम्मत् नहुने हुँदा प्रतिवादीहरू ज्ञानेन्द्रकुमार घिमिरे, गोपाल बराल, हरिहर पौडेल र केदारनाथ बरालले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः-विदुर कोइराला

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६८ साल फागुन २ गते रोज ४ शुभम् ।

१६

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** फौ.पु.नं. २०६४-CR-०२८५, ०५१७, बैंक ठगी, कीर्ते, *नेपाल सरकार वि. ज्ञानेन्द्रकुमार घिमिरे, ज्ञानेन्द्रकुमार घिमिरे वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा हस्ताक्षर सच्याइएका बहिखाता एवं नमूना हस्ताक्षर कार्डहरू प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेको जिम्मामा रहेको देखिएकोमा ती बहिखाता एवं नमूना कार्डहरूमा नै पछिबाट खातावालाको भनी दस्तखत थप गरिएको र त्यसरी थप गरिएका हस्ताक्षरसँग मिल्ने गरी चेकमा दस्तखत गरी रकम झिकिएको भनी सम्बन्धित विशेषज्ञले राय दिई सो रायको व्यहोरालाई बकपत्र गरी पुष्टि गरेको देखिन्छ । सामान्यतः बैंकमा एक पटक खाता खोल्दा

वास्तविक खातावालाले दिएको नमूना हस्ताक्षरमा पछिबाट परिवर्तन गर्नुपर्ने वा थप गर्नुपर्ने कारण पनि हुन सक्तैन । वास्तविक खातावालाको नमूना हस्ताक्षर फाराममा पछिबाट हस्ताक्षर थप वा परिवर्तन गर्ने कार्य गर्दा त्यस्तो नमूना हस्ताक्षर फारामको जिम्मा लिने सम्बन्धित कर्मचारीलाई थाहा नहुने अवस्था पनि हुँदैन । त्यसैले पुनरावेदन प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेको जिम्मामा रहेका बहिखाता, नमूना हस्ताक्षर फारामहरूलगायतका बैङ्किङ कागजातहरूमा निजको संलग्नताबिना हस्ताक्षर सच्याउने, चेकबुक वितरण गरेको देखाई चेक काट्ने र रकम झिक्नेलगायतका कार्यहरू सम्पन्न हुन सक्ने स्थिति देखिँदैन । यी सम्पूर्ण अवस्था एवं प्रमाणहरूबाट आफ्नो पहुँच एवं जिम्मामा रहेका हस्ताक्षर नमूना कार्डहरूमा रहेका हस्ताक्षरहरू सच्याउने, बैंक खातामा जम्मा हुँदै नभएको रकम जम्मा भएको भन्ने देखाई सो रकम ती खाताहरूबाट झिकी त्यसरी झिकिएको रकममध्ये आधा रकम अर्का प्रतिवादी गोपाल बराललाई दिई आधा आफूले लिई खाएको भन्ने पुनरावेदक प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेको साविती बयान स्वाभाविक रूपमा स्थापित र पुष्टि हुने ।

ठगीको कसूरमा एक व्यक्तिमात्र कसूरदार कायम भएको अवस्थामा विगो खुलेको छ भने उसैलाई विगोबमोजिम जरीवाना गर्नुपर्ने र एकभन्दा बढी व्यक्ति कसूरदार कायम भएमा प्रत्येक व्यक्तिले खाएको रकम बराबर वा खुलेको कुल विगोलाई दामासाहीले हिसाब गरी हुन आउने रकम बराबर मात्रै त्यस्तो व्यक्तिलाई जरीवाना गर्नुपर्ने अर्थमा उक्त कानूनी प्रावधानलाई ग्रहण गर्नुपर्ने ।

प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरे समेतले विभिन्न खातावालाहरूको हस्ताक्षर नमूना कार्डको हस्ताक्षर थप गरी कीर्ते सहिछाप गरी रकम जम्मा गरेको देखाई चेकमा समेत कीर्ते सहिछाप गरी रकम झिकी खाएको कार्यलाई ठगी मानी सोहीअनुरूप कसूर कायम भइसकेको स्थितिमा सो एउटै तथ्य र आरोपमा आधारित कसूरलाई कीर्ते कागजको महलअन्तर्गत कीर्ते कायम गरी सजाय गर्नु न्यायको रोहबाट वाञ्छनीय र तर्कसम्मत् हुने देखिँदैन । एउटा निश्चित् कसूर कायम भैरहेकोमा सो कसूर गर्दाको स्थितिलाई विचार गरी फरक-फरक कानूनी व्यवस्थाअन्तर्गतत दोहोरो कसूर कायम गरी सजाय गर्नु फौजदारी न्यायको रोहबाट उचित हुने पनि देखिँदैन । यस्तो निर्णय गर्न दोहोरो खतराको सिद्धान्तले पनि मिल्ने देखिँदैन । त्यसैले प्रतिवादीलाई ठगीको कसूर कायम गरी सजाय भइसकेको अवस्थामा पुनः सोही कार्यलाई कीर्ते गरेको मानी कीर्तेतर्फ पनि कसूर कायम हुने स्थिति नदेखिँदा कसूरको गम्भीरता र बिगो लिने खाने कार्यमा दुईजना प्रतिवादीहरू संलग्न रहेको स्थिति समेतलाई विचार गरी पुनरावेदक प्रतिवादी ज्ञानेन्द्रकुमार घिमिरेबाट कुल बिगो रू. २६,९०,०००।- को आधा रू. १३,४५,०००।- भराई निजलाई १ वर्ष कैद तथा निजबाट भराई दिने ठहर भएको बिगो बराबर अर्थात् कुल बिगोको आधा रू. १३,४५,०००।- जरीवाना हुने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्यूटर सेटिङ : विकेश गुरागाई
संवत् २०६८ साल फागुन महिना २ गते रोज ३ शुभम्

१७

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६६-CR-०८६५, जवर्जस्ती करणी, *बलराम गिरी वि. नेपाल सरकार*

कुनै विश्वासिलो आधार र कारण नै नभई प्रतिवादीउपर सामान्य रिसइवीकै आधारले मात्र जाहेरवालालगायतका व्यक्तिले पोल गरी पीडित अवोध बालिकाको मानसिक, शारीरिक, सामाजिक प्रतिष्ठा र इज्जतमा नै अन्यथा दाग लाग्ने प्रकृतिको जवर्जस्ती करणी गरे भनी जाहेरी दिई बकपत्र समेतबाट पुष्टि गर्नुपर्ने कारण नदेखिँने ।

प्रस्तुत वारदात मूलतः जवर्जस्ती करणीकै प्रकृतिको भई प्रतिवादीले पीडित बालिकालाई पटक-पटक आफ्नो घर पसल कोठामा बोलाई कहिले मिठाई र कहिले पैसा दिई सुलभ बाल मनोविज्ञानको चरम् दुरूपयोग गरी यौन तृष्णा मेटाउने उद्देश्यले बालिकाको अविकसित यौनाङ्गको बाहिरपट्टि नै आफ्नो लिङ्ग दल्ने, चुसाउने एवं बालिकाको यौनाङ्ग सुमसुम्याउने, एवं बीर्य स्खलन समेत गराई यौन तृष्णा मेट्ने कार्य गरी अप्राकृतिक मैथुन समेत गर्ने गरेको तथ्य पीडित बालिकाले स्कूलमा पढ्ने आफ्ना साथीहरूलाई भनेपछि क्रमशः पीडितका अभिभावकसम्मले थाहा पाई प्रतिवादीउपर

निगरानी राखी निजलाई पुनः त्यस्तै प्रयास गर्न लागेका बखत रंगेहात फेला पारी जाहेरी दिएको देखिन्छ । निश्चय नै पीडित बालिकाको यौनाङ्गमा जवर्जस्ती करणीको लक्षण वा वीर्यलगायतको कुनै दशी हाल प्राप्त भएको देखिँदैन । तर प्रस्तुत वारदात एउटी उमेर पुगेकी बयस्क महिला वा आफू उपर के हुँदैछ भनी बुझ्न र त्यसको परिणाम र असर थाहा पाउन सक्ने शारीरिक रूपमा सक्षम महिलाउपर घटाइएको जबरजस्ती करणी जस्तो होइन । यहाँ पीडित बालिका केवल ६ बर्षकी अवोध एवं सहजै फकाई फुल्याई गरी यौन शोषण वा अप्राकृतिक यौन क्रिया गर्न सकिने निष्कट एवं निश्चल बालिका देखिन्छन् । यस्ती अवोध बालिकालाई ललाई फकाई आफ्नो कोठामा लगी उल्लिखित तवरले गरिने यौनजन्य क्रियाबाट बालिकाको यौन अंगमा वीर्यलगायत चिन्ह वा दशीहरू प्राप्त हुनुपर्ने वा यौनाङ्ग च्यातिएकै अवस्था हुनुपर्ने तब मात्र जवर्जस्ती करणी वा अप्राकृतिक मैथुनको वारदात स्थापित हुने भन्ने शास्त्रीय मान्यता राख्ने हो भने अबोध बालिकाउपर हुने यस प्रकृतिका जघन्य अपराध कदापि न्यायको दायरामा आउन नसक्ने ।

अपराधबाट पीडित बालिकाको आधिकारिक बयान र बकपत्रको प्रमाणिक महत्त्व अकाट्य रूपमा रहेको यस स्थितिमा वारदातका प्रत्यक्ष साक्षी नरहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकीरतर्फ विचार गर्नुपर्ने कुनै औचित्य देखिँदैन । किनभने अवोध बालिकालाई आफ्नो घरमा बोलाई दुई तलामाथिको एकान्त कोठामा लगी गरिएको यस प्रकृतिको आपराधिक कार्यमा प्रत्यक्ष साक्षीको उपस्थिति हुन सक्दैन । हरेक प्रकृतिको यौनजन्य अपराध एकान्त स्थलमा नै घटने गर्दछन्, त्यसमा पनि साना उमेरका अवोध बालिकाउपर हुने यौन अपराधहरू उद्घाटित नहून भन्नेमा कसूरदार पर्याप्त सावधान भई एकान्तस्थलमा सो कार्य गर्ने प्रयास गर्नु अन्यथा होइन । सोही अनुरूप नै प्रस्तुत वारदात पनि एकान्त पारी घटाइएको देखिँदा अर्को तेस्रो व्यक्तिको उपस्थिति हुने स्थिति नै देखिँदैन । त्यसैकारण जवर्जस्ती करणीलगायतका यौनजन्य कसूरको प्रत्यक्ष साक्षी मूलतः पीडित महिला वा बालिका मात्रै हुन्छन् । पीडितले अदालतमा उपस्थित भई आफूउपर भएको आपराधिक क्रियाकलापका बारेमा स्पष्ट रूपमा खुलाई दिएको कुरालाई अदालतले अन्यथा प्रमाणित नभएसम्म कसूर स्थापित गर्ने महत्त्वपूर्ण एवं अकाट्य प्रमाणका रूपमा ग्रहण गरी न्याय निरोपण गर्नु नै विवेकसम्मत् एवं न्यायपूर्ण हुने ।

प्रतिवादी बलराम गिरीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको ९क नं. समेतको कसूरमा सोही ३(१) नं. १० वर्ष कैद एवं ९क बमोजिम थप ६ महिना समेत जम्मा १०½ वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम पीडित बालिकालाई प्रतिवादी बलराम गिरीको आधा अंश समेत भराई दिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा पनि यसै अनुरूप फैसला भएका छन्:

- फौ.पु.नं.०६६-CR-०८६६, जवर्जस्ती करणी, *बलराम गिरी वि. नेपाल सरकार*
- फौ.पु.नं. ०६६-CR-०८६७, जवर्जस्ती करणी, *बलराम गिरी वि. नेपाल सरकार*

१८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट, दे.पु.नं.** ०६५-CI-०४०५, फैसला बदर, *मञ्जू जोशी वि. दीपकदास प्रधान समेत*

दावीको कि.न. ८५९ र ८६० को जग्गाबाट समेत आधा भागको पाँच खण्डको एक खण्ड अंश दीपकदास प्रधानले मथुरादास प्रधानबाट पाउने गरी भएको फैसला अन्तिम भएर रहेको र सोही जग्गा मथुरादास प्रधानले यी वादी मञ्जू जोशीलाई राजीनामा गरिदिएको लिखत समेत सो हदसम्म जालसाजी ठहरी भएको फैसला समेत अन्तिम भइरहेको देखिएको परिप्रेक्ष्यमा उक्त कित्ता जग्गाहरूमा आफ्नो राजीनामाअनुसारको पूर्ण हक रहेको भन्ने आधारमा फैसला बदरतर्फ वादी मञ्जू जोशीले गरेको प्रस्तुत दावी समर्थित हुन सक्ने अवस्था एकातर्फ रहेको देखिँदैन भने निजले बदर माग गरेको दे.मि.नं. २३४१।३९७२ को उक्त अंश चलन मुद्दाको फैसलाका बारेमा निज वादीलाई तत्कालै थाहा जानकारी भएको देखिएकोमा मिति २०६१।६।४ मा नक्कल लिएपछि मात्र थाहा भएको भनी मिति २०६१।६।६ मा दायर भएको प्रस्तुत मुद्दाको

फिरादपत्र अ.बं. ८६ नं. को हदम्यादभित्र दायर भएको समेत देखिन नआएकोले हदम्यादको अभावमा फिराद दावी खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल फागुन १५ गते रोज २ शुभम् ।

१९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६७-CR-०१९१, जीउ मास्ने बेच्ने, *तेजबहादुर राना मगर वि. नेपाल सरकार*

आफैंले विवाह गरी श्रीमतीको रूपमा रहिरहेकी पीडित महिलालाई अन्य प्रतिवादीहरूसँग पूर्वसल्लाह र योजना बनाई भारतको सिलगुढीसम्म पुऱ्याउनु पर्ने र त्यहाँबाट प्रतिवादी राकेश लामाको साथ लगाई आसामतर्फ पठाउनु पर्ने कुनै प्रयोजन यी प्रतिवादीले देखाउन खुलाउन सकेका छैनन् । यस्तो अवस्थामा निजले अदालतको बयानमा नास्ता खाएपछि आफू बेहोस् भएको र सोही अवस्थामा पीडितलाई अन्य प्रतिवादीले आसामतर्फ लगेको भनी लिएको जिकीर सर्वथा पत्याारलायक देखिँदैन । यसका अतिरिक्त पीडितलाई बेश्यालयबाट उद्धार गर्ने कार्यमा संलग्न पीडितको बाबु स्वयम्ले यी प्रतिवादीलाई किटान गरी जाहेरी दिएको देखिनुको साथै उद्धार कार्यमा संलग्न माया लामाले समेत अदालतमा उपस्थित भई प्रतिवादीउपर किटानी बकपत्र समेत गरेको देखिँदा प्रतिवादीले पीडितलाई पहिले आफैले अनेक बहाना बनाई प्रेम विवाह गरी श्रीमतीको रूपमा राखी अन्ततोगत्वा अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी, योजना बनाई पैसा कमाउने उद्देश्य लिई पारिवारिक नाता सम्बन्ध एवं पति पत्नीबीचको मानवीय, पारिवारिक एवं सामाजिक सम्बन्ध समेतलाई तिरस्कृत गरी आफ्नै पतिद्वारा पत्नी बेश्यालयमा बेचिनु पर्नेसम्मको चरम अमानवीय कार्य यी प्रतिवादी समेतबाट हुन गएको स्पष्ट हुँदा प्रतिवादी हरि मगर भन्ने तेजबहादुर रानामगरलाई अभियोग माग दावीबमोजिम तत्कालीन जीउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम कैद १९ वर्ष ११ महिना हुने ।

इजलास अधिकृतः विदुर कोइराला

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

२०

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** दे.पु.नं. ०६५-CI-०७२८, खिचोला मेटाई सेफ्टी ट्याङ्की हटाई चलन, *रामवरन कुर्मी वि. जलालुद्धिन जसगढ*

न.नं. ७ लाई छोटे कुर्मीको घरजग्गा भनी नक्सा कैफियतमा लेखिएको देखिएबाट र तिनै छोटे कुर्मी यी प्रत्यर्थी जलालुद्धिन जसगढका दाता प्रस्तुत मुद्दाका प्रतिवादी भएको तथ्यबाट विवादित न.नं. ७ र ७क को जग्गा यी वादी रामवरन कुर्मीको बेलगतीको भएको भए निज वादीकै दाजु रोहबरमा बसेर भएको सो नक्सा मुचुल्कामा वादीले दावी गरेको सो न.नं. १०४० को जग्गाको अस्तित्व नै नदेखाई सो जग्गालाई उनाउ व्यक्तिको भनी लेखाउनु पर्ने अवस्था नदेखिने ।

जसबाट वादीले अंश पाएको हो उसैले लिखत गर्दा दक्षिणतर्फ वादी दावी बमोजिमको न.नं. १०४० को जग्गा नदेखाएबाट समेत विवादित न.नं. ७ र ७क को जग्गा वादी रामवरन कुर्मीको बेलगती दर्ताको भन्ने देखिन नआएको हुँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६८ साल फागुन १५ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६७-WO-०५०९, उत्प्रेषणमिश्रित परमादेश समेत, *डिल्लीबजार कन्या बहुमुखी क्याम्पस तथा सोको सञ्चालक समितिको तर्फबाट र आफ्नो हकमा समेत क्याम्पस प्रमुख तथा सञ्चालक समितिका सदस्य सचिव भोलानाथ रेग्मी समेत वि.सविता सापकोटा समेत*

श्रम ऐन, २०४८ को दफा ६०(ग) अन्तर्गत श्रम अदालतमा पुनरावेदन लाग्न नसक्नेमा प्रत्यर्थी सविता सापकोटालाई सेवा आवश्यक नभएको भनी जानकारी दिने निवेदक डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको निर्णयउपर प्रत्यर्थी सविता सापकोटाले

श्रम अदालतमा पुनरावेदन गर्न र श्रम अदालतबाट प्रत्यर्थी सविता सापकोटाको पुनरावेदन सुनी निर्णय गर्न समेत नमिल्नेमा श्रम अदालतले आफूसमक्ष लाग्दै नलाग्ने पुनरावेदन लिई प्रत्यर्थी सविता सापकोटालाई साविक पद सेवामा पुनः स्थापना गरी सो अवधिको तलवलगायतको आर्थिक सुविधा समेत दिनु भनी गरेको मिति २०६७।६।२० को निर्णय कानूनसंगत् नभई त्रुटिपूर्ण रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०१८७, उत्प्रेषण परमादेश, *खेम्पो डिमादोर्जे नेमा लामा समेत वि. स्थानीय विकास मन्त्रालय समेत*

निवेदक लाक्पा लामा वि. स्थानीय विकास मन्त्रालय समेत भएको उत्प्रेषण परमादेश मुद्दामा यस अदालतबाट "थपघट वा हेरफेर गर्न सक्ने तजबिजी अधिकार पनि कानूनसम्मत्, न्यायोचित् र सद्विवेकमा भर परेको हुनुपर्दछ। कानूनले नै निश्चित् पदावधि तोकिएको पदमा नियुक्त वा मनोनयन भएका व्यक्तिलाई सो पदावधि पूरा नहुँदै हटाउन ठोस र निश्चित् आधार देखाउन सक्नु पर्दछ" (*नेकाप* २०५९, अङ्क १, २ नि.नं. ७०५२ पृष्ठ १) भनी नजीर सिद्धान्त समेत प्रतिपादन भएको अवस्था छ । यस स्थितिमा यी निवेदकहरूलाई अवकाश दिने गरी मिति २०६६/४/३२ मा भएको नेपाल सरकार स्थानीय विकास मन्त्रालय (मा. मन्त्रीस्तर) को निर्णय उक्त गुम्बा व्यवस्था तथा विकास समिति(गठन) आदेश, २०४५ तथा प्रतिपादित नजीर सिद्धान्त समेतको प्रतिकूल देखिन आएको हुँदा निवेदकहरूलाई कानूनले तोकेको पाँच वर्षको निश्चित् पदावधि पूरा नहुँदै बिना आधार र कारण मिति २०६६।४।३२ मा अवकाश दिने गरी विपक्षीहरूबाट भएको निर्णय कानून एवं प्रतिपादित नजीर सिद्धान्त समेतको प्रतिकूल भएको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने र यी निवेदकहरूलाई पुनः आफ्नो साविक पदमा बहाल गरी बाँकी पदावधि काम गर्न दिनु भनी विपक्षी स्थानीय विकास मन्त्रालयका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-WO-०२१२, उत्प्रेषण, अधिकारपृच्छा, परमादेश, *खेम्पो डिमादोर्जे नेमा लामा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।
- यसै प्रकृतिको ०६६-WO-०१३६, उत्प्रेषण, परमादेश, *कर्णबहादुर घले वि. स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक ललितपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०२७२, उत्प्रेषण परमादेश, *सुरेन्द्रकुमार लामा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विवेचित आधार एवं कारणबाट निवेदकहरूलाई कानूनले तोकेको पाँच वर्षको निश्चित् पदावधि पूरा नहुँदै बिना आधार र कारण मिति २०६६।४।३२ मा अवकाश दिने र सो सदस्य पदमा अन्य विपक्षीहरूलाई नियुक्ति गर्ने गरेको मिति २०६६।५।१९ को विपक्षीहरूको निर्णय कानून एवं प्रतिपादित नजीर सिद्धान्त समेतको प्रतिकूल भएको देखिँदा ती निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने र यी निवेदकहरूलाई पुनः आफ्नो साविक पदमा बहाल गरी बाँकी पदावधि काम गर्न दिनु भनी विपक्षी स्थानीय विकास मन्त्रालयका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०६८२, परमादेश, *प्रेमदोर्जे लामा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानप्रदत्त धर्मसम्बन्धी हकलाई सुनिश्चित गर्न सम्बद्ध निकाय र व्यक्तिहरूको संलग्नतामा एउटा वृहद् छाता कानून (Umbrella Law) ल्याउनेतर्फ आवश्यक कामकारवाही गर्न विपक्षी मन्त्रिपरिषद् समेतका नाममा यसअघि नै यस अदालतबाट निर्देशनात्मक आदेश जारी भइसकेको र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालनसम्बन्धी आवश्यक कानून निर्माण गर्न क्रियाशील रहेको भनी निवेदकले उठाएको विषयवस्तु पनि विपक्षीहरूले गम्भीर सरोकार व्यक्त गरिरहेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरी रहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०९३७, प्रतिषेध, परमादेश, *नवलपरासीस्थित श्री सेनचेन छोइलिङ्ग गुम्बा समितिको अधिकारप्राप्त पूर्णबहादुर गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासी समेत*

विपक्षीहरूको के कुन कार्यबाट निवेदकलाई संविधानद्वारा प्रदत्त उल्लिखित धर्मसम्बन्धी हकमा के कसरी खलल पुऱ्याउने कार्य भएको हो स्पष्टसँग मागदावी लिन सकेको पाइएन ।

गुम्बा रहेको भनिएको विवादित स्थान जग्गा निवेदक सेनचेन छोइलिङ्ग गुम्बाको नाममा दर्ता नरही सार्वजनिक जग्गा भन्ने देखिइरहेको अवस्थामा निवेदकको संविधान वा कानूनप्रदत्त हक के कसरी विपक्षीहरूबाट हनन् हुन जान लागेको हो निवेदकले स्पष्टसँग उल्लेखन गर्न सकेको नपाइएबाट कानूनबमोजिमको आफ्नो कर्तव्य पालनामा संवेदनशील रहिरहेको निकायमा अनावश्यक हस्तक्षेप गर्नु पनि उपयुक्त नहुने भएबाट निवेदकको मागबमोजिमको परमादेश जारी गरिरहनुको औचित्य नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०१६९, ०४६७, जग्गा खिचोला चलन, *मैनादेवी वि. भिखारी राय यादव, भिखारी राय यादव वि. मैनादेवी*

सार्वजनिक पोखरीको डील भनी ठहर गरिसकेको सार्वजनिक जग्गालाई प्रतिवादीले भोग गरेको देखिरहेको अवस्थामा सो डील समेत चलन चलाई दिनुको बदला चलन चलाई पाऊँ भन्ने वादी दावी परेको अवस्थामा कानूनबमोजिम हुने हुँदा चलन चलाई दिने भनी ठहऱ्याएको हदम्यादको निर्णय उल्टी हुन्छ भनी उक्त जग्गा प्रकारान्तरले प्रतिवादीकै भोगमा रहने गरी वा कब्जा खिचोला गर्ने प्रतिवादीको भोगमा जाने गरी निर्णय गरेको मिलेको नदेखिँदा सो सार्वजनिक जग्गा सार्वजनिक चलन चलाई पाउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०४९६, लिखत बदर, *नागेन्द्रप्रसाद चौधरी वि. कलावतीदेवी चौधरी समेत*

प्रतिवादी लखन चौधरीले राजीनामा गरिदिएको जग्गा निजका पितापुर्खाबाट हक हस्तान्तरण हुँदै आएको देखिँदैन । सो सम्पत्ति सगोलको सम्पत्तिबाट बढे बढाएको भन्ने कुरा वादी पक्षले प्रमाण पेश गरी प्रमाणित गराउन सकेको अवस्था पनि देखिँदैन । उक्त जग्गाहरू वादी रविन्द्र झा प्रतिवादी विशेश्वर चौधरी भएको लेनदेन मुद्दामा लिलाम हुँदा डाँक सकार गरी लिएको मिसिल संलग्न महोत्तरी जिल्ला अदालतको मिति २०५०।११।२ को चलन पूर्जी समेतबाट देखिन्छ । त्यस्तै सो जग्गा डाँक लिलामबाट प्राप्त गरी लखन चौधरीले नगेन्द्र चौधरीलाई राजीनामा गरी दिएको भन्ने कुरा मिसिल संलग्न २०६२।१०।२० को कागज समेतबाट देखिन्छ ।

मुलुकी ऐन, अंशबण्डाको १९(१) हेर्दा "पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधिसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा

बुहारीको मञ्जूरी नभए पनि आफूखुश गर्न पाउँछ..." भन्ने समेत व्यवस्था भइरहेको देखिँदा प्रस्तुत मुद्दामा पनि विवादित जग्गा पितापुर्खाका पालाको नभई आफैंले डाँक लिलाम सकार गरी प्राप्त गरेको देखिएको र राजीनामा लिखतमा नै घरखर्चबापत भनी उल्लेख भइरहेको देखिँदा आफूले आफ्नो जीवनकालमा आर्जन गरेको सम्पत्ति जग्गा आधासम्म घरखर्च गर्नका लागि बिक्री गर्नका लागि बिक्री गर्न पाउने नै देखिन्छ भने सोही ऐनको दफा १९(२) मा आफ्ना पालामा आर्जेको चल अचल सम्पत्ति आफ्नो खुश गर्न पाउँछ भन्ने व्यवस्था भइरहेको हुँदा प्रतिवादी लखन चौधरीले पनि घरव्यवहार गर्न आफ्नो पालामा आर्जन गरेको सम्पत्ति बिक्री गर्न नपाउने भन्न मिल्ने देखिँदैन। त्यस्तै पुनरावेदक मीनबहादुर समेत विपक्षी बेदकुमारी बस्नेत समेत *नेकाप* २०५९, भदौ, असोज नि.नं. ७०८७ पृष्ठ २५४ मा प्रतिपादित, "अंशबण्डाको महलको् १८ नं. ले बण्डा गर्न कर नलाग्ने र १९ नं. को देहाय २ नं. ले आफ्नो पालामा आर्जित सम्पत्ति आफूखुश गर्न पाउने नै देखिन्छ" भन्ने सिद्धान्त समेतका आधारमा पनि निजले र.नं. ३८२३ मिति २०६१।८।१३ मा पारीत राजीनामा लिखतमा उल्लिखित जग्गा आफ्नो पालामा आर्जेको बण्डा गर्न कर नलाग्ने प्रकृतिको देखिँदा राजीनामा लिखत खडा गरी बिक्री गरेको कार्य कानूनसम्मत् नै देखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल फागुन १ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०३४१, जालसाज, *नागेन्द्रप्रसाद चौधरी वि. कलावतीदेवी चौधरी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०९४५, मोही लगत कट्टा, *सानोलोदै दास थारू सा लोदाई चौधरी भन्ने नन्दुलाल चौधरी वि. टेकेन्द्रकुमार सापकोटा*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) बमोजिम मोहीले जग्गा जोत्न छोडी भागेको वा बेपत्ता भएको वा तोकिएबमोजिमको कुत नबुझाई मोहियानी हक समाप्त समेत भएको नदेखिएको अवस्थामा त्यसतर्फ जाँचबुझ नगरी सर्जमीनको आधार लिई मोही लगत कट्टा गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ फागुन १९ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६६-CI-०९४४, मोही बेदखली, *सानो लोदै दास थारू सा लोदाई चौधरी भन्ने नन्दुलाल चौधरी वि. टेकेन्द्रकुमार सापकोटा समेत*

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-RC-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जग्येबहादुर शाही*

प्रतिवादीहरूमाथि लागेको अभियोग विभिन्न तथ्यहरूको कडीले प्रमाणित गरिरहेको अवस्थामा अन्यथा भई सही सत्य नभएको भए निजले मौकामा नै अदालतमा उपस्थित भई आफ्नो निर्दोषिता प्रमाणित गर्न सक्नुपर्ने हुन्थ्यो तर त्यस विपरीत यी प्रतिवादी जग्येबहादुर वारदात भएको समयदेखि नै फरार रहेको देखिन्छ । यस्तो स्थितिमा यी प्रतिवादी जग्येबहादुर शाही निर्दोष रहेछन् भनी अनुमान गर्न सक्ने तथ्ययुक्त कुनै आधार एवं कारण नदेखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल चैत १२ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.संगीता रैदास*

प्रतिवादीको साथबाट मृतकको फूली समेत बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिएको छ। मृतक पकल भन्ने मायावती रैदासको लास घाँटीमा सलले कसी हात बाँधिएको अवस्थामा फेला परेको तथ्य लास प्रकृति मुचुल्काबाट खुल्न आएको स्थिति छ । मृतकको शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा मृत्युको कारणमा MANUAI STRANGULATION And PHYSICAL ASSAULT

(HEAD INJURY) लेखिन गएको पाइन्छ । यी सबै तथ्यहरूले प्रतिवादीले अनुसन्धानको सिलसिलामा गरेको साविती बयान कागजलाई पुष्टि गरेको देखिन्छ । मिसिल संलग्न प्रमाणहरूका अतिरिक्त जाहेरी दरखास्त, बरामदी एवं वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाई एवं बकपत्र समेतबाट यी प्रतिवादी संगीता रैदासको मौकाको साविती बयानलाई शंकारहित तवरले समर्थन गरिदिएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल चैत १२ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१४०२, परमादेश, *श्रीप्रसाद रोपाखेती वि. वन तथा भू-संरक्षण मन्त्रालय*

निवेदकले माग गरेको जग्गा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको देखिएको उक्त जग्गा यी पुनरावेदकले निजी प्रयोजनका लागि माग गरेको देखिएको, निकुञ्ज क्षेत्रभित्रको जग्गा निजी प्रयोजनका लागि दिने कानूनी व्यवस्था नभएको र निकुञ्ज क्षेत्रभित्रका वनस्पति, वन्यजन्तु एवं वातावरणप्रति प्रतिकूल असर पर्नसक्ने सम्भावना समेतलाई मध्यनजर राखी यी पुनरावेदकले माग गरेबमोजिमको जग्गा उपलब्ध गराउन नमिल्ने भनी निर्णय भई निवेदकलाई जानकारी गराई सकिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएबाट निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१४४९, निषेधाज्ञा, *दुर्योधन गोश्वामी समेत वि. मनोहर गोश्वामी*

निवेदकको मोही हकमा प्रतिकूल असर पर्ने गरी निवेदनमा उल्लिखित कि.नं. ३७ को जग्गामा भोग गर्न एवं आवाद गर्नबाट दखल र बञ्चित गर्ने अधिकार यी पुनरावेदकलाई भएको नदेखिँदा उक्त जग्गाको हकभोग गर्नबाट निवेदकलाई कुनै प्रकारको अवरोध बाधा व्यवधान नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१४७३, निषेधाज्ञा, *वीरेन्द्रप्रसाद गुप्ता वि. जिल्ला प्रशासन कार्यालय, बाँके समेत*

निवेदकलाई जिल्ला प्रहरी कार्यालय, नेपालगञ्जबाट पक्राउ गर्ने तथा धरपकड गर्ने आशंका पुष्टि हुने किसिमको प्रमाण कागजात निवेदकबाट पेश हुन सकेको पाइएन । हाल निवेदक पक्राउ परेको नदेखिएको र गैरकानूनी रूपमा पक्राउ गरेमा कानूनबमोजिमको उपचार निवेदकले प्राप्त गर्नसक्ने नै देखिँदा वस्तुनिष्ठ प्रमाणको अभावमा पक्राउ पर्ने आशंका विद्यमान देखियो भनी मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१४७५, निषेधाज्ञा, *दिनेश महतो वि. नथु महतो समेत*

प्रहरी प्रशासन देशमा शान्ति सुव्यवस्था र अमनचयन कायम राख्न र अपराधको अनुसन्धान समेतको प्रयोजनको लागि स्थापित संस्था हो । पक्ष विपक्षका बीचमा देवानी वा लेनदेन विषयका कागज फट्टा गर्ने गरी निजहरूका बीचमा मिलापत्र गराउने अधिकार कुनै कानूनले जिल्ला प्रहरी कार्यालयलाई दिएको देखिँदैन । कानूनले नदिएको अधिकार प्रयोग गरी कुनै कागज भएमा त्यस्तो कागजको अस्तित्व शून्य सरह हुने ।

पुनरावेदक र प्रत्यर्थीहरूका बीचमा लेनदेन मुद्दा चलिरहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएकोले उक्त मुद्दामा कानूनबमोजिमको ठहर

निर्णय हुने नै हुँदा उक्त मुद्दालाई प्रभावित गर्ने उद्देश्यले उक्त मुद्दाका पक्षहरू बीच मिलापत्र वा यस्तै कुनै कागज वा शर्तनामा गर्ने गराउने वा मुद्दा फिर्ता गराउन दवाव दिन लगाउने समेतको अधिकार विपक्षी जिल्ला प्रहरी कार्यालय समेतलाई नभएको अवस्थामा मिसिल संलग्न कागजात हेर्दा उक्त कार्यालयबाट मिलापत्र समेतका कागजातको माध्यमबाट निवेदकमाथि धाक धम्की वा दवाव सिर्जना हुन सक्ने स्थितिको विद्यमानता नरहेको भनी भन्न मिल्ने नदेखिँदा कानूनबमोजिम बाहेक निवेदकको वैयक्तिक स्वतन्त्रता हनन् हुने काम नगर्नु भनी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय, धनुषा समेतका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१५२६, निषेधाज्ञा, *खुशीराम थारू समेत वि. बुझावन थारू समेत*

पुनरावेदक निवेदकले दावी लिएबमोजिम अंशसम्बन्धी विवादलाई लिएर प्रत्यर्थी इलाका प्रशासन कार्यालय एवं प्रहरी कार्यालय समेतबाट यी खुशीराम थारू समेतलाई धरपकड गरिएको, थुनामा राखिएको वा अंश मुद्दाको सम्बन्धमा उजूरी सुन्ने र कागज गराउने समेतका कामकारवाही नगराइएको भन्ने विपक्षी इलाका प्रहरी कार्यालय, राजापुर बर्दिया समेतको लिखित जवाफबाट देखिएको र निवेदकको दावी निजका कथन बाहेक मिसिल संलग्न कुनै कागजातबाट पुष्टि हुन नआएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. CI-०९०४, परमादेश, *राजेन्द्रमान श्रेष्ठ वि. जयप्रसाद अहिर*

निवेदकले डाँका वारदातका सम्बन्धमा कुरियरमार्फत् जिल्ला प्रहरी कार्यालयमा जाहेरी पठाएको भन्ने कुरालाई उक्त कार्यालयले पेश गरेको लिखित जवाफबाट स्वीकार गरेको देखिन्छ । प्राप्त जाहेरीलाई दर्ता गरी आवश्यक कारवाही अघि बढाउन जिल्ला प्रहरी कार्यालयलाई कुनै कानूनले बाधा पुग्ने देखिँदैन । उक्त दरखास्त दर्ता गरी आवश्यक कारवाही अघि बढाउनु पर्नेमा सोबमोजिम कारवाही अघि बढाएको भन्ने प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय समेतको लिखित जवाफ र मिसिल संलग्न कागजातबाट देखिँदैन ।यसबाट शान्ति सुरक्षा र अपराध अनुसन्धानको जिम्मेवारी पाएको निकायबाट कानूनबमोजिमको कर्तव्य पालना गरेको भन्न मिल्ने नदेखिँदा निवेदकको जाहेरी दरखास्त दर्ता गरी आवश्यक कारवाही गर्नु भनी जिल्ला प्रहरी कार्यालय, पर्सा समेतको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-१०९२, निषेधाज्ञायुक्त परमादेश, *दिव्य इन्टेयर्सको तर्फबाट प्रोप्राइटर रघु शाह वि. बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय समेत*

प्रस्तुत विवाद करारीय प्रकृतिको विवाद देखियो । प्रस्तुत निवेदनबाट उक्त विवादको स्थायी समाधान हुन सक्ने देखिँदैन । उल्लिखित करारको सम्बन्धमा यिनै निवेदक रघु शाहले यिनै विपक्षी बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय समेतका उपर काठमाडौं जिल्ला अदालतमा करारीय दायित्व पूरा गराईपाऊँ भन्ने मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको भन्ने मिसिल संलग्न उक्त मुद्दाको फिरादपत्र समेतका कागजातबाट देखिन्छ । प्रस्तुत रिट निवेदनमा उल्लिखित विवाद र काठमाडौं जिल्ला अदालतमा चलेको करारको विवाद एउटै देखिँदा दुबै पक्षका प्रमाणको मूल्याङ्कन गरी सोही मुद्दाबाट इन्साफ हुने नै हुँदा उक्त मुद्दाको निर्णयमा असर पर्ने गरी निवेदन मागबमोजिम प्रस्तुत मुद्दामा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको फौ.पु.नं. CR-०४२०, अपहेलना, *निरञ्जनरत्न शाक्य वि. भवानी गिरी*

आफ्नो दावी प्रमाणित गर्ने भार स्वयं यी पुनरावेदकमा नै हुँदा अपहेलनाको दावी लिने पुनरावेदकबाट प्रतिवादीले यो यस हिसाबले अपहेलनाजन्य कसूर गरेको भनी आफ्नो दावी तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । मिसिल संलग्न कुनै पनि कागजातबाट वादी दावी पुष्टि हुन नआएको र प्रतिवादीका कुनै पनि कार्यले न्याय सम्पादनको कार्यमा अवरोध पुऱ्याएको नेदेखिएको, सो कार्य अदालतको मानमर्यादा र प्रतिष्ठामा आघात पुग्ने किसिमको नदेखिनुको साथै अदालतको आदेश वा फैसलाको प्रतिकूल हुने गरी प्रतिवादीले कुनै काम गरेको नदेखिएकोले केवल वादीको कथनको आधारमा मात्र अपहेलनामा दोषी ठहऱ्याई प्रतिवादीलाई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल मंसिर २६ गते रोज २ शुभम् ।

## इजलास नं. ३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०५९ सालको फौ.पु.नं. २९१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.लटु कवारी समेत*

अनुसन्धान अधिकारीसमक्ष बयान गर्ने प्रतिवादीहरूले आफूहरू समेत संलग्न भै कुटपीट गरेको भनिरहेका र वारदातका दिन अन्यत्र रहेको थिएँ भन्ने यी प्रतिवादीहरू समेतलाई पोल गरी गरेको बयान व्यहोरा एकअर्कामा तादात्म्य मिलेकै देखिन्छ । यदि यी प्रतिवादीहरू समेत घटनामा नरहे नभएको भए सो घटनामा सामेल नभएका व्यक्तिहरूलाई पोल गर्नुपर्नेसम्मको कुनै अर्थ नहुने ।

अनुसन्धानका क्रममा प्रहरीमा भएको बयान ठीक हो भनेको यी प्रतिवादीहरूको अनुसन्धानका क्रममा भएको बयानलाई अन्य प्रमाणबाट खण्डित र पुष्टि नभएसम्म अन्यथा मान्न नसकिने ।

प्रतिवादी छठु कवारीले मृतक किशोरी साहलाई आफू समेतका प्रतिवादीहरूले कुटपीट गरेको कुरामा सावित भै अरू प्रतिवादीलाई समेत पोल गरेको र चश्मदित मोहित साह समेतका व्यक्तिले प्रतिवादी छठु कवारीले फर्सा जस्तो घातक हतियारले मृतकलाई प्रहार गरेको भनेका र पोष्टमार्टम रिपोर्टबाट टाउकोमा Heavy and cutting weapon को प्रहारबाट मृत्यु भएको भन्ने निज प्रतिवादी छठू कवारीको साविती बयानलाई प्रमाणमा लिई अभियोग दावीबमोजिम कसूर कायम भैसकेको यस अवस्थामा निजले गरेको अनुसन्धानको बयानमा यी प्रतिवादीहरूको नाम समेत किटान भएको अवस्थामा सो बयानलाई समेत अदालतमा कसूरमा इन्कार रहेका प्रतिवादीहरू रामजी साह, अमिरी साह, गणेश साह, सेवक राउत, मोहन राउत, लटु कवारी, रहिमान कवारी तथा रसुल कवारीको इन्कारी बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट खण्डित र पुष्टि गराउन नसकेको अवस्थामा त्यस्तो इन्कारी बयानबाट मात्र कसूर अपराधबाट उन्मुक्ति प्राप्त गर्न नसक्ने हुँदा यी प्रतिवादीहरूले लाठी समेत बोकी घटनास्थलमा मौजूद भै मृतक किशोरी साहलाई कुटपीट गर्दाका बखत बचाउ गर्न गएका मोहित शाह समेतका प्रमाणका व्यक्तिहरूलाई कुटपीट गरेको र छठु कवारी समेतले कुटपीट गर्दा मृतकलाई भाग्न उम्कन बाटो छेकी संयोगसम्म पारिदिने काम गरेको देखिँदा निज प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरअन्तर्गतको नभई १७(२) को कसूर गरेको देखिने ।

प्रतिवादीहरू बुलन साह, इसरायल कवारी, जीवछ महतो, राजेन्द्र महतो, रामचन्द्र महतो, देवनारायण महतो, बालबोध साह, रामबाबु महतो, राम श्रेष्ठ साह, जगदीश पण्डित र रामवृक्ष साहका हकमा विचार गर्दा यी प्रतिवादीहरू कसूरमा पूर्ण इन्कार रहेका र सो इन्कारी बयानलाई निजको साक्षीहरूबाट पुष्टि भएको देखिन्छ । गोश्वारा रूपमा जाहेरीमा नाम लेखिए पनि मौकामा कागज गर्ने, जाहेरवाला र सर्जमीन समेतका कुनै पनि व्यक्तिले यी ज्यानसम्बन्धी महलको १७(१) नं. को दावी गरिएका प्रतिवादीहरूको हातमा यो यस्तो हतियार वा लाठी बोकी वारदातस्थलमा उपस्थित थिए भनी अभियोजन पक्षले उल्लेख गरी दावी गर्न नसकेको र यो यस्तो

संयोग पारिदिने काम गरेको भन्ने स्पष्ट किटानी समेत गर्न नसकेको यस अवस्थामा शंका र अनुमानको भरमा मात्र सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RC-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायण सिंह गुरुङ*

सामान्य शारीरिक र मानसिक अवस्थामा रहेर यी प्रतिवादी आफ्नो बाबुसँगै खल्यानमा मुसुरी ठटाउने काम गर्दै गरेको अवस्थामा निजले राम्रोसँग काम नगरेको भनी बाबुले गाली गरेबाट उठेको रिस थाम्न नसकी लट्ठीले आफ्नै बाबुको शरीरको निकै सम्बेदनशील भाग टाउकोमा पटक-पटक प्रहार गरेको देखिएको छ । सोही प्रहारबाट परेको घातक चोटबाटै इमानसिँह गुरुङको सोही दिन अर्थात् वारदातको दिन २०६६।११।२८ को अपरान्ह ३ बजेतिर मृत्यु भएको रहेछ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Blunt Force Head Injury भन्ने उल्लेख छ। प्रतिवादीले मुसुरी ठटाउने क्रममा लाठीले तीन पटक टाउकोमा हानेबाट परेको चोट Autopsy Report बाट समेत पुष्टि भएको छ । यस्तो अवस्थामा आफू मानसिक रोगी भएको भनी प्रतिवादीले भने पनि सजायमा छूट हुनुपर्ने किसिमको मानसिक रोगी भएको भनी प्रमाण पुऱ्याउने भार निजमै निहीत रहेकोमा सो प्रमाणित गराउन सकेको देखिएन । केवल मानसिक रोगको कारण बाबुलाई मारेको भनी बयानमा लेखाएबाटै कानूनबमोजिम हुने सजायमा छूट पाउन सक्ने अवस्था छैन । उपलब्ध प्रमाणबाट प्रतिवादीले आफ्नै बाबु ईमानसिँह गुरुङलाई मारी ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमको कसूर अपराध गरेको देखिएकोले सोही नम्बरअनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

इति संवत् २०६९ साल जेठ ५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०८३५, जग्गा हक कायम दर्ता, *राममणिप्रसाद कुर्मी वि.गणेशप्रसाद चौधरी कुर्मी समेत*

रामनारायणको हक देखाई दावी गरेका यी वादीहरूले आफ्नो फिरादपत्रमा बकसपत्र बदर मुद्दामा कपिलवस्तु जिल्ला अदालतमा मिति २०३०।३।३१ मा भएको मिलापत्रबाट रामनारायण र तुलसीको सम्पूर्ण अपुताली हक आफूले प्राप्त गरेको भन्ने दावी लिएको भए पनि उक्त मुद्दाको मिलापत्रमा प्रतिवादी पशुपतिप्रसाद कुर्मी पक्ष रहे भएको देखिँदैन । न त वादीले दावी गरेको कि.नं. ६९४ को जग्गा रामनारायण वा निजकी पत्नी तुलसीले यी वादीहरूलाई कुनै प्रकारले हक हस्तान्तरण गरिदिएको नै देखिन्छ । त्यसमाथि रामनारायणको नापी भन्दा अघि नै २०२५ सालमा र तुलसीको २०२७ सालमा मृत्यु भएको भन्ने कुरालाई वादीले अन्यथा भन्न सकेको अवस्था छैन । यसरी २०२८ सालको उक्त फैसला हुनुभन्दा अघि परलोक भइसकेको रामनारायणको हक उक्त मुद्दाबाट सिर्जना हुने अवस्था छैन । विवादित कि.नं. ६९४ को जग्गा सम्बन्धमा हकवाला भनिएका रामनारायणको तर्फबाट कुनै उजूर नपरी उक्त जग्गा प्रतिवादी पशुपतिप्रसाद कुर्मीकै नाउँमा साविकदेखि हालसम्म अटुट रूपले दर्ता रही निजकै नाउँमा जग्गाधनी दर्ता प्रमाणपूर्जा समेत कायमै रहेको देखिएको स्थितिमा हाल आएर उक्त जग्गामा यी वादीहरूको हक नलाग्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६४-WO-०९०५, उत्प्रेषणयुक्त परमादेश, *तेजबहादुर श्रेष्ठ समेत वि. टेकनपुर गा.वि.स. को कार्यालय, सिन्धुपाल्चोक समेत*

निवेदकले जिकीर लिएको विषयवस्तुको उपचार अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गर्नु पर्ने विषयवस्तु हो । यस्तो विषयवस्तु समावेश भएको विवादको निरूपण पनि अदालतको सामान्य

अधिकारक्षेत्रअन्तर्गत नै हुन उपयुक्त हुने हुँदा रिट निवेदकहरूसँग सडक निर्माण समितिले गरेको मिति २०६४।६।२४ को सहमतिको पालना नभएको अवस्थामा सो सहमतिबमोजिमको मुआब्जा तथा क्षतिपूर्ति भराई लिन सक्ने वैकल्पिक उपचारको मार्ग निवेदकहरूसँग सुरक्षित रहेको अवस्थामा हाल असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने स्थिति नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस ४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७-CR-००९१, ठगी, *नेपाल सरकार वि. ब्रसुबु भन्ने* We Yu Jiang

प्रतिवादी We Yu Jiang र जाहेरवालाहरूका बीच पश्मिना आपूर्ति गर्ने सम्बन्धमा विभिन्न मितिमा सम्झौता (Agreement) भई प्रतिवादीले जाहेरवालीहरूबाट केही रकम लिइएकोमा शर्तबमोजिम पश्मिना उपलब्ध गराएको पाइदैन । सामान खरीद गर्ने, आपूर्ति गर्ने पैठारी गर्ने र सोबापत रकम लिने दिने शर्त राखी दुई पक्षहरूबीच भएको उक्त सम्झौता वस्तु विक्रीसम्बन्धी विशेष करारअन्तर्गत पर्दछ। यस प्रकारको व्यापारिक करार वा सम्झौताका शर्तहरू करार वा सम्झौताका पक्षहरूले पालना गर्नु पर्दछ । आफूले कबूल गरेका शर्तहरू पालना नगरेको अवस्थामा शर्त परिपालना गराउनको लागि मर्का पर्ने पक्षले करार ऐन, २०५६ बमोजिम करार परिपालना गर्नको लागि र अर्को पक्षले सम्झौताको शर्त पालना नगरेबाट अर्थात् आफूलाई पर्न गएको नोक्सानीको सम्बन्धमा समेत कानूनबमोजिम क्षतिपूर्तिलगायतको न्यायिक उपचारको अवलम्बन गर्न सक्नुपर्ने ।

दुबै पक्ष मिली राजीखुशीले गरेको करारको सम्बन्धमा, कपटपूर्ण (Fraudulently) करार भएको वा कुनै कानूनको उल्लंघन हुने गरी करार गरेको वा एकले अर्को पक्षलाई झुक्याई वा जालसाजीपूर्वक करार गरेको अवस्थामा एकले अर्को पक्षलाई हानि पुऱ्याउने नियतले वा प्रारम्भदेखि नै ठग्ने अभिप्रायले कुनै करार गरेकोमा बाहेक फौजदारी दायित्वको सिर्जना हुन नसक्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. ०६८-CI-०१७६, बेलगती मोही लगत कट्टा, *मु.स. गर्ने शुभाष चन्द्र दुवेदी समेत वि. घनश्यामकुमार दुवेदी*

नापीकै समयमा उक्त कि.न.१६४ को जग्गामा प्रतिवादीको नाउँ मोहीमा जनिई निज निर्विवाद मोही कायम रहिरहेको लामो समयपश्चात् सो जग्गाको स्वामित्व प्राप्त गरेका यी वादीले प्रतिवादीको मोहियानी हकको वैधानिकतामाथि प्रश्न उठाउन नपाउने हुँदा प्रतिवादीको मोही हकलाई हाल आएर बेलगती मोही भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. ०६८-CI-०१७७, फैसला बदर, *मु.स. गर्ने शुभाषचन्द्र दुवेदी समेत वि. घनश्यामकुमार दुवेदी*

वादीको पिताकै पालामा प्रतिवादी छुट्टी भिन्न भैसकेको भन्ने मिसिलसंलग्न मिति २००४।१२।१३ को पारीत बण्डापत्रको लिखतबाट देखिएकोले सो पछि भएको सर्वे नापीमा मोही जनिएकोले मोही कायम हुँदा वादी र प्रतिवादी सगोलमा रहेको भन्न मिल्ने देखिएन। यसरी पिताकै पालामा अंशबण्डा भै छुट्टिसकेको व्यक्ति विवादित जग्गाको मोही हुन भूमिसम्बन्धी ऐनले बन्देज लगाएको नदेखिँदा कि.नं. २५० र २५१ को जग्गाबाट वादीको मोही लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालयको निर्णय वादीको हकमा असर परेको देखिएकोले शुरू भूमिसुधार कार्यालय, पर्साको मिति २०६६।११।२६ को निर्णय उल्टी गरी वादी दावीबमोजिम वादीको मोही हक कायम हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०५३९, मोही प्रमाणपत्र, *मु.स. गर्ने माल्हे चमार वि. बिनम श्रेष्ठ*

विवादित जग्गाको जग्गाधनी प्रमाणपूर्जामा समेत मोही जनिएको नदेखिएको र वादीले जग्गाधनीलाई बाली बुझाएको भरपाई समेत पेश गर्न सकेको देखिएन । यसरी उक्त कि.नं. ९६५ को जग्गामा कहिले पनि कोही पनि मोहीको हैसियतले कमाएको नदेखिएको र यी प्रतिवादीले पनि आफू मोहीको हैसियतले कमाएको कुनै प्रमाण पेश गर्न नसकेको हुँदा मोही कायम नहुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०९७८, मोही लगत कट्टा, *पुष्पकुमारी थरूनी वि.शोभालाल माझी*

वादीले कि.नं. ८५ को जग्गा २०६४।८।५ मा खरीद गरिलिनु पूर्वदेखि नै उक्त जग्गामा प्रतिवादीको निर्विवाद मोही हक कायम भइरहेको देखिन्छ भने वादी प्रतिवादी एकासगोलका अंशियार समेत रहे भएको देखिँदैन । यसका अतिरिक्त प्रतिवादीले उक्त जग्गाको बाली समेत धरौटी राखेको र साल वसाली जोतभोग गर्दै आएको देखिएकोले मोहीले जग्गा भोग नगरेको भन्न नमिल्ने ।

वादीको फिराद पत्रमा विवादित जग्गाको यी प्रतिवादी मोही भएको भन्ने कुरा स्वीकार गरी केवल एकासागोलका अंशियार भएकाले मोही कायम हुन नसक्ने भनी दावी भएकोमा वादीले उक्त जग्गा खरीद गर्नु पूर्व नै प्रतिवादी सो जग्गाको मोही रही वादी प्रतिवादी सगोलका अंशियार समेत नदेखिएको हुँदा दावीबमोजिम मोही लगत कट्टा हुने अवस्था नहुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. ०६७-CI-१२४७, मोही नामसारी, *सुवदार यादव वि. किसुन यादव*

साविक कि.नं. १२७ को जग्गा वादीको बाबु गणेश यादवका नाउँमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ बमोजिम मोही प्रमाणपत्र नै बनिसकेको देखिन्छ । वादीको बाबु उक्त जग्गाको हक प्राप्त मोही भएको भन्ने कुरामा विवाद देखिएन । सोही कि.न.. १२७ को जग्गा कित्ताकाट भई कि.नं. ९११ र कि.नं. ९१२ कायम भएको भन्ने कुरामा विवाद छैन । कित्ताकाट भई कायम भएकोमध्ये कि.नं. ९१२ को जग्गामा समेत मोही जनिएको भन्ने उक्त जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपिबाट देखिएको छ । उल्लिखित तथ्यबाट वादीको बाबु हक प्राप्त मोही भएकोले निज मोहीको मृत्युपछि प्रचलित कानूनबमोजिम कि.नं. ९१२ को जग्गाको मोहियानी हक वादीले आफ्नो नाममा नामसारी गरी लिन पाउने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. ०६७-CI-१६०९, बेलगती मोही लगत कट्टा, *शिवलाल राउत अहिर वि. रेयाज महमद*

विवादित कि.नं. १८ को जग्गाको सर्वे नापीको फिल्डबुकमा किसानको महलमा शेख सोवरातीको नाउँ जनिई किसानको व्यहोरामा उक्त जग्गा प्रतिवादीको बाबु शेख सोवरातीको जोत रहेको भन्ने उल्लेख भएको देखियो । सोही जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जामा पनि यिनै प्रतिवादीको बाबुको नाउँ मोही महलमा उल्लेख भई अद्यापि कायम रहेको छ । त्यसका अतिरिक्त मोहीको ४ नं. जोताहाको अस्थायी निस्सा समेत निजले प्राप्त गरी निजको मृत्युपछि मोहीको छोरा यी प्रतिवादीले विभिन्न सालको बाली यिनै वादीलाई बुझाई बाली बुझाएको भरपाई समेत पेश गरेको देखिएकोले विवादित जग्गाको प्रतिवादीको बाबु हक प्राप्त मोही भएकोमा कुनै विवाद देखिन आएन । अतः प्रतिवादीको पिता उक्त जग्गाको हकप्राप्त मोही रहे भएकै देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. ०६८-CI-००१९, अवैध मोही लगत कट्टा, *तारादेवी समेत वि. शेख रउफ*

सर्वे नापीदेखि नै सबै आवश्यक अभिलेखहरूमा यी प्रतिवादीको आमाको नाम मोहीको हैसियतले उल्लेख छ। उक्त अभिलेखहरू सरकारी अड्डामा रहने अभिलेख हुन्। त्यसमा गलत ढंगले वादीको आमाले आफ्नो नाम आफैं लेख्न सक्ने स्थिति छैन र अड्डाका कर्मचारीहरूको मिलेमतोमा निजले आफ्नो नाम लेखाएको भन्ने आजसम्म कसैले भन्न सकेको छैन। यस्तो अवस्थामा ४० वर्ष पछि अहिले आएर मोही कायम हुने नहुने भन्ने विवादमा हेरिने कुराहरू १ नं. र २ नं. को कुरा उठाएर अवैध मोही हो भन्न पाउने हक यी वादीलाई छैन। अहिलेको अवस्थामा यी प्रतिवादीले निजकी आमा मोही हो भन्ने कुराको प्रमाण पेश गर्नुपर्ने छैन। किनभने यो विवाद मोही कायम हुने वा नहुने भन्ने सम्बन्धी विवाद होइन। एउटा विधिवत् कायम भइरहेको मोहीलाई विस्थापित गर्ने दुष्प्रयास मात्र हो। यस्तो दुष्प्रयासलाई सफल हुन दिनु हुँदैन। यी वादीले भइरहेको कानूनी व्यवस्थालाई आफ्नो दुष्प्रयासलाई सफल बनाउन कपटपूर्ण कारवाही गरेको देखिने।

कि.नं. २८४ को जग्गाको मोही अवदिनी सेखिन भएको र निजको मृत्युपश्चात् निजको सौतिनी छोरा यी प्रतिवादी शेख रउफले उक्त जग्गा जोतभोग गरिआएको भन्ने निजले जिकीर लिएको र दर्तावाला मोहीको यी प्रतिवादी छोरा भएको भन्ने कुरामा विवाद समेत नभएकोले अवैध मोही भनी मोही लगत कट्टा गर्न नमिल्ने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम्।

- यसै लगाउको २०६८ सालको दे.पु.नं. ०६८-CI-००२०, मोही नामसारी, *तारादेवी समेत वि. शेख रउफ* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०३०४, उत्प्रेषण परमादेश समेत, *तेजिया थरूनी वि. वीरबहादुर चौधरी समेत*

यी निवेदिका हुँदाहुँदै छोरा वीरबहादुर चौधरी घरको मुख्य भै काम व्यवहार गरेको भन्ने अनुमान गर्न मिल्ने नभए पनि निवेदिका आमा नै घरको मुख्य भई घर व्यवहार चलाएको भन्ने पनि पुष्टि नभएकोले सगोलमा लिएको ऋणको बिगो सगोलको सम्पत्तिबाट भराउन मिल्ने।

कानूनको रीत पुऱ्याई बिगो भराउने सम्बन्धी फैसला कार्यान्वयन गर्नु भनी पुनरावेदन अदालतबाट मिति २०६६।१०।७ मा भएको आदेशअनुसार जिल्ला अदालतले पनि कानूनबमोजिमको कारवाही गरी लिलाम समेतको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ। कानूनविपरीत वा वेरीतपूर्वक बिगो भराउने वा लिलामी कारवाही गरेमा सोको लागि नियमित प्रक्रियाअन्तर्गत कानूनी उपचारको मार्ग अवलम्बन गर्न सकिने नै हुँदा यस्तो अवस्थामा असाधारण अधिकार क्षेत्रको प्रयोग गरी यस अदालतले निवेदिकाको मागबमोजिमको रोक्का फुकुवा गरिरहन मनासिब नदेखिने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल माघ २० गते रोज ६ शुभम्।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको रिट नं. ०६५-WO-००१७, उत्प्रेषण परमादेश, *नारायण दास वि. भूमिसुधार कार्यालय, राजविराज समेत*

साविक जग्गधनीसँग हक प्राप्त तत्कालीन मोही हक छाडी अदालतमा मिलापत्र गरिसकेपछि सोही जग्गामा मोहीको छोराले मोही नामसारी र बाँडफाँड गरिलिन पाउने हक नै रहँदैन। मिलपत्रबाट मोही हक छोडी सकेकोले भूमिसुधार कार्यालयको स्रेस्तामा मोहीको नाउँ कायम रहेको मात्र आधारमा सो जग्गामा पुनः मोही कायम हुन सक्ने पनि होइन। अदालतमा भएको मिलापत्रअनुसार गर्न अदालतबाट भूमिसुधार कार्यालयमा लेखी गए पनि सो अनुसार कार्य सम्पन्न नगरी आफूकहाँको स्रेस्तामा मोही कायम रहेकै आधारमा भूमिसुधार कार्यालयले मोही नामसारी गर्न वा सो जग्गाबाट मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड गर्न पाउने स्थिति छैन। यस अवस्थामा

भूमिसुधार कार्यालयबाट विवादित जग्गामा विपक्षी शेरु नोनियाको मोही नामसारी हुने र जग्गा बाँडफाँड गर्ने गरी भएको निर्णय प्रत्यक्ष कानूनी त्रुटिपूर्ण र न्यायिक मनको प्रयोग बेगर गरिएको अविवेकपूर्ण निर्णय देखिँदा भूमिसुधार कार्यालय, सप्तरीले गरेको २०६२।१२।२५ को फैसला, २०६३।५।२० मा जग्गा बाँडफाँड गरेको टिप्पणी आदेश र सो आदेशलाई सदर हुने गरी २०६५।२।३१ मा गरेको सोही कार्यालयको आदेश समेत कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल फागुन २१ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश एवं फैसला भएका छन्:

- २०६५ सालको रिट नं. ०६५-WO-०१४५, उत्प्रेषण परमादेश, *शेरु नोनिया वि. भूमिसुधार कार्यालय, राजविराज समेत*
- २०६७ सालको दे.पु.नं. ०६७-CI-०८३९, मोही नामसारी, *शेरु नोनिया वि. नारायण दास*
- दे.पु.नं. ०६७-CI-०८३८, निर्णय बदर दर्ता बदर दर्ता, *शेरु नोनिया वि. महावीर दास* भएको मुद्दामा पनि यसैअनसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको रिट नं. ०६४-WO-०९३८, उत्प्रेषण परमादेश, *शेरु नोनिया वि.भूमिसुधार कार्यालय, सप्तरी समेत*

अ.बं. २०८ नं. ले प्रतिउत्तर दिने म्याद पहिला फैसला भएको मितिले जम्मा ६ महिना ३५ दिन निर्धारित गरेको छ । तर फैसला भएको भोलिपल्टै वा ६ महिनाभित्र जहिले पनि थाहा पाएको छ भने सोको ३५ दिनभित्र वा छैठौं महिनाको अन्तिम दिन थाहा पाएको छ भने पनि सोको ३५ दिनभित्र प्रतिउत्तर दिन पाउने म्याद निर्धारित गरिएको छ। उक्त ऐनमा प्रयुक्त “थाहा पाएको” भन्ने शब्दावलीको व्याख्या गर्दा ऐनको उद्देश्यअनुरूप र पक्षको सुविधाअनुसार न्यायपूर्ण तवरबाट गर्नुपर्ने हुन्छ। प्रतिउत्तर दिनेले थाहा पाएको भनी उल्लेख गरेको मितिभन्दा पहिला नै थाहा पाएको रहेछ भने सो कुरा प्रमाणित गर्ने दायित्व पहिला थाहा पाएको भन्ने व्यक्तिमाथि रहेको हुन्छ। अन्यथा मिसिलबाट फैसलाको नक्कल लिएको अभिलेख छैन भने प्रतिउत्तर दिने पक्षले थाहा पाएको भनी भनेको मितिलाई अदालतले मान्यता दिनुपर्ने ।

विपक्षी रुपेश दासले २०६२।१२।२५ मा भएको फैसलाको रीतपूर्वक नक्कल लिनुभन्दा अगावै उक्त फैसला भएको छ महिनाभित्रै आफूलाई थाहा भई सोको ३५ दिनभित्रै उजूरीसाथ प्रतिउत्तर दिएको भन्ने जिकीर लिई फैसला भएको ६ महिना ३५ दिनभित्रै अर्थात् २०६३।७।२२ मा भूमिसुधार कार्यालयमा उजूरी निवेदनसाथ प्रतिउत्तर दर्ता गराएको सम्बन्धित मिसिलबाट देखिएकोले उक्त प्रतिउत्तरपत्र अ.बं. २०८ नं. को म्याद नाघी दायर भएको नभई म्यादभित्र दर्ता भएको देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल फागुन २१ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको रिट नं. ०६४-WO-०९३९, उत्प्रेषण परमादेश, *शेरु नोनिया वि. भूमिसुधार कार्यालय, सप्तरी समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको साधक नं. ०६८-RC-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरबहादुर तामाङ*

प्रतिवादी मिति २०५१।७।१२ को वारदातपछि अचानक गायब भई लगभग १० वर्षसम्म आफ्ना गाउँ-ठाउँमा नआई अन्यत्रै बस्नुपर्ने उचित र मनासिब कारण देखाउन सकेको पाइँदैन । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा हुने कारवाही र सजायबाट बच्ने प्रयोजनले नै यी प्रतिवादी लामो समयसम्म आफ्नो गाउँ-ठाउँ छोडी अन्यत्र बसेको वा हुन सक्ने कारवाहीलाई छल्नै बसेको देखिन आउने ।

मृतकको भाई सोमराज तामाङले दिएको मौकाको जाहेरीमा यी प्रतिवादी र मृतक लोकमान तामाङको मिति २०५१।७।२२ मा झगडा भएको र सोही झगडा भएको ठाउँबाट मृतक लोकमान तामाङ बेपत्ता भएको भनी यी प्रतिवादीउपर किटानी जाहेरी

परेको देखिन्छ । जाहेरवाला सोमराज तामाङले अदालतमा गरेको बकपत्रमा आफ्नो जाहेरीको व्यहोरा समर्थन गर्ने गरी बकपत्र गरेको देखिन्छ । मौकामा बुझिएका कसुनमाया तामाङ समेतले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी समेतको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी बकपत्र गरेको देखिन्छ । त्यस्तै प्रस्तुत मुद्दाका अर्का मुख्य प्रतिवादी लालबहादुर तामाङले मौकामा अनुसन्धानको क्रममा बयान गर्दा आफू सावित भै यी प्रतिवादी नरबहादुर तामाङले समेत लोकमान तामाङलाई खुकुरी प्रहार गरी मारेको भन्ने उल्लेख गरी अदालतमा बयान गरेको कुरा खण्डन गर्ने कुनै पनि तथ्ययुक्त आधार यी प्रतिवादीले पेश गर्न नसकेबाट सह अभियोगको पोललाई प्रमाणको रूपमा अदालतले ग्रहण गर्न पर्ने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूर गरेकोले निजलाई सोही दफाबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजदलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको साधक नं. ०६८- CR-००३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तारावीर राई*

प्रतिवादीले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मृतक सासू विष्णुकुमारी लिम्बूलाई २०६६।४।९ का दिन धारिलो खुर्पाले घाँटीमा प्रहार गरी मारेको भनी कसूरमा सावित भई बयान गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा समेत अनुसन्धानको क्रममा गरेको बयानलाई समर्थन गर्दै उक्त दिन मृतक सासू र श्रीमती समेतले गाली गरी यी प्रतिवादीलाई मारेर अर्केसँग विवाह गरी जान्छु भनेकी हुँदा श्रीमती खेतमा काम गर्न गएको बखत सासूले मकैको घोगा भुत्ता पार्दै गरेको अवस्थामा धारिलो खुर्पाले सासूको घाँटीमा प्रहार गर्दा टाउको र शरीर छुट्टिई निजको मृत्यु भएको भन्ने उल्लेख गरेको देखिन्छ ।

मौकामा कागज गर्ने कान्छीमाया राई, वस्तुस्थिति मुचुल्काका दलबहादुर दाहाल, टंकबहादुर दाहाल, तेजबहादुर राई र जाहेरवाला शिशिर लिम्बू समेतले अदालतमा बकपत्र गर्दा यिनै प्रतिवादीले कर्तव्य गरी विष्णु कुमारीलाई मारेको भन्ने उल्लेख गरेको देखिन्छ । लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनमा मृतकको शरीर टाउकोबाट छुट्टिएको भन्ने उल्लेख भएको छ । यी प्रमाणहरूबाट यिनै प्रतिवादीले विष्णुकुमारी लिम्बूलाई धारिलो हतियार खुर्पा प्रहार गरी मारेको पुष्टि र प्रमाणित हुन आउने हुँदा अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसूर गरेकोले सोही नम्बरबमोजिम यी प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको साधक नं. ०६७-RC-००६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर दमाई*

मृतक हातिमा दमाईको लास सडीगली कंकाल मात्र बाँकी रहेको कारण पोष्टमार्टम हुन नसकेपछि मृतकको छोरा जाहेरवाला टेकबहादुर दमाईले मृतकको लास सनाखत गरिदिएको मिसिल संलग्न कागजबाट देखिन्छ । मृतकको छोरा टेकबहादुरले यिनै प्रतिवादी चन्द्रबहादुर दमाईले मृतक हातिमालाई मारेको भनी किटानी जाहेरी दिएको देखियो । वस्तुस्थिति मुचुल्काका राजबहादुर दमाईले पनि यही प्रतिवादीले मारेकोले हत्यारालाई सजाय हुनुपर्ने भनी वकपत्र गरेको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीले अभियोग दावीअनुसारको कसूर गरेको भनी साविती बयान गरेकोलाई निजको विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नै देखियो । यसप्रकार प्रतिवादीले आफ्नो श्रीमतीलाई मारी घरमा ताल्चा लगाई कारवाही र सजायबाट बच्ने अनेक प्रयास गर्दै यी प्रतिवादी लुकी बसेको समेत देखिन्छ । लगभग ६ महिना पछि निजकै छोराले प्रतिवादीलाई कोहलपुरमा फेला पारी सोधपुछ गर्दा कसूर गरेको स्वीकार गरेको देखिन्छ ।

प्रतिवादीले आफ्नै जीवनसंगिनी श्रीमतीलाई निजको कुनै कसूर बेगर बिना कारण हत्या गरी आफू अन्यत्र गई बसेको कुरा अन्य परिस्थितिजन्य प्रमाणहरूबाट पनि पुष्टि हुन आएको छ । यस्तो

अवस्थामा उल्लिखित सबूद प्रमाणको आधारमा यिनै प्रतिवादीले आफ्नो श्रीमती हातिमा दमाईलाई कर्तव्य गरी मारेको देखिएकाले निजलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CR-०२९५, गाली बेइज्जती, *रामकलेश राय वि. रञ्जूदेवी यादव*

प्रतिवादीहरू रामकलेश राय र निजकी श्रीमती बबिताकुमारी यादवले सर्लाही जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको अंश मुद्दामा आफूहरूले प्रतिउत्तरपत्र फिराउँदा वादी रञ्जूदेवी यादवलाई अर्कै व्यक्तिको गर्भ रहेको भनी गलत लाञ्छना लगाई वादीको सामाजिक इज्जत, प्रतिष्ठामा जानीजानी आँच पुऱ्याई लिखित रूपमा गाली बेइज्जती गरेको देखिँदा प्रतिवादीहरूलाई जनही रू. ५,०००।- जरीवाना र क्षतिपूर्ति रू. २५,०००।- प्रतिवादीहरूबाट बराबरको दरले असूल गरी वादीलाई भराई दिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-०३०६, ३०७, अंश, *रामकलेश राय समेत वि.रञ्जूदेवी यादव, विन्दुदेवी समेत वि..रञ्जूदेवी यादव*

वादी रञ्जूदेवी यादव आफ्नो श्रीमती नहुनुको साथै निजबाट जन्मेको छोरा रोहित यादव आफ्नो छोरा नभएकोले अंश दिनुपर्ने होइन भनी प्रतिउत्तर जिकीर लिने प्रतिवादी रामकलेश राय यादवले गा.वि.स. कार्यालयको विवाह दर्ताको प्रमाणपत्र र छोरा रोहित यादवको जन्मदर्तालाई अन्यथा भनी खण्डन गर्न सकेको देखिँदैन । ती अभिलेखहरू गलत हुन् भनी उजूर दावी गर्न सकेको पाइँदैन । यस्तो अवस्थामा वादी रञ्जूदेवी यादव र प्रतिवादी रामकलेश रायबीच विवाह भै छोरा रोहित यादवको जन्म समेत भएकोले यी वादी प्रतिवादी श्रीमान् श्रीमती भएको देखिन्छ । प्रतिवादी राम कलेश रायले बबीताकुमारी यादवलाई दोस्रो विवाह गरी घरमा ल्याई पहिलेकी श्रीमती वादी रञ्जूदेवी यादवलाई घरबाट निकाला गरेकोले वादी रञ्जूदेवी यादवले अंश पाउने ।

मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. अनुसार निजी तवरले दान वा बकस पाएको कि.नं. ८९, ९०, र २९७ को जग्गा प्रतिवादी लालबाबु रायको निजी भै आफूखुश गर्न पाउने हुँदा त्यसबाट अन्य अंशियारहरूले अंश भाग प्राप्त गर्ने अवस्था देखिँदैन । सो बाहेक बाँकी सम्पत्तिमा दावीबमोजिम वादीले अंश पाउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०१९४, उत्प्रेषणयुक्त परमादेश, *मुगाधन योञ्जन वि. नेशनल फाइनान्स कम्पनी लिमिटेड, पाको न्यूरोड, काठमाडौं समेत*

नेशनल फाइनान्स कम्पनी लिमिटेडको मिति २०५४।१२।१६ को निर्णयअनुसार धितो सकार गरिएको र मालपोत कार्यालय, काठमाडौंको मिति २०५५।३।२३ को दा.खा. को निर्णयबमोजिम नेशनल फाइनान्स कम्पनी लिमिटेडको नाउँमा कि.नं. १४४ ज.रो. १-०-० को घर जग्गा विपक्षी फाइनान्स कम्पनीको नाममा दर्ता भइरहेकोमा १० वर्ष पछि माइली रेग्मीलाई २०६५।५।३१ मा राजीनामाको लिखत रजिष्ट्रेशन पास गरी बिक्री गरिदिएको देखिन्छ ।

उक्त निर्णय र दाखिल खारेजउपर यी निवेदक मुगाधन योञ्जनका छोरा तथा श्रीमती समेत वादी भै काठमाडौं जिल्ला अदालतमा दिएको निर्णय दर्ता बदर मुद्दामा यी निवेदकले मिति २०५६।४।११ मा प्रतिउत्तर फिराएको र नियमित साधारण प्रक्रियाअन्तर्गत उक्त मुद्दामा कारवाही निर्णय भई सक्दा पनि विपक्षी फाइनान्सले आफ्नो नाममा सकार गरेको जानकारी २०६६।४।२५ मा मात्र भएको

भनी झुट्टा व्यहोरा उल्लेख गरी प्रस्तुत रिट निवेदन दर्ता गराएको देखियो । निर्णय दर्ता बदर मुद्दा तहतह हुँदै यस अदालतबाट वादी दावी नपुग्ने ठहरी २०६४।११।६ मा अन्तिम फैसला भइसकेपछि पनि उक्त घरजग्गाको भोग चलन नछोडी अनधिकृत रूले आफू बसी आएको घरबाट विस्थापित हुन नपरोस् भनी यी निवेदकले २०६६।५।२१ मा प्रस्तुत रिट निवेदन यस अदालतमा दायर गरेको देखिन्छ । यसप्रकार झूठो कुरा उल्लेख गरी आफूले गरिरहेको अनधिकृत भोग कब्जालाई निरन्तरता दिने, दिलाउने वा लम्ब्याउने दूषित उद्देश्यबाट प्रेरित भई यो रिट निवेदन दायर भएको देखिएको छ ।

साविक कि.नं. १४४ को ज.रो. १-०-० को उक्त घरजग्गा नेशनल फाइनान्स कम्पनी लिमिटेड स्वयंले सकार गर्ने गरी मिति २०५४।१२।१६ मा निर्णय गरेको र सोही कम्पनीको पत्रानुसार मिति २०५४।३।२९ को दा.खा. निर्णयले उक्त फाइनान्सको नाममा उक्त घरजग्गा दर्ता भएको ११ वर्षपछि प्रस्तुत रिट निवेदन परेको देखिन आयो । यसरी यो रिट निवेदन अत्याधिक बिलम्ब गरी दायर भएकोले यसबाट यी निवेदकले माग बमोजिमको उपचार प्राप्त गर्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

२१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०२११, उत्प्रेषण परमादेश, *सरस्वती सापकोटा वि.बढुवा समितिको सचिवालय, जिल्ला प्रशासन कार्यालय, रूकूम समेत*

निवेदिकाले प्रस्तुत निवेदनमा प्रा.स. कृषि भेटेरीनरी रा.प. अनं. प्र. (प्राविधिक) पदमा बढुवा सिफारिश गरिपाऊँ भनी माग गरेकोमा सोही सेवा समूहको रा.प. अनं. प्रथम (प्राविधिक) पदमा यी निवेदिका सरस्वती सापकोटा मिति २०६७।१०।१ देखि जेष्ठता कायम हुने गरी नेपाल सरकारको मिति २०६८।२।२४ को निर्णयानुसार बढुवा भई मिति २०६८।२।५ मा नियुक्तिपत्र समेत बुझी पदभार ग्रहण गरिसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समेत समाप्त भैसकेको हुँदा यसमा अरू कारवाही गरिरहनु पर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

२२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-०६६९, उत्प्रेषणयुक्त परमादेश, *हरिशचन्द्र झा वि. इलाका प्रहरी कार्यालय, भीमफेदी मकवानपुर समेत*

सधै अनुशासित र आफ्नो पदीय जिम्मेवारीप्रति सचेत रहनुपर्ने प्रहरी सेवामा यी निवेदकले पदीय मर्यादा र अनुसशासनको पालना नगरी कसैलाई नसोधी आफूखुशी लाइन ब्यारेक छाडी महिनौं मात्र नभई वर्षौसम्म गैरहाजीर रहेको अवस्थामा पनि निजलाई स्पष्टीकरण पेश गर्ने मौका नदिई सेवाबाट हटाइएको गैरकानूनी भयो भन्नु प्रहरी ऐन, नियम र सुरक्षा बलको अनुशासन र पदीय जिम्मेवारीको उपहास हो । तीन वर्षसम्म भन्दा बढी अवधिसम्म आफूखुशी औषधि गराउँदै बसको भनेर सो अवधि पछि हाजीर हुन गएको भन्नु नै यस अदालतलाई गलत जानकारी दिनु र अदालतलाई भ्रममा पार्ने प्रयास गर्नु हो । यस्ता गलत प्रवृत्तिलाई बढावा दिन वा संरक्षण दिन नहुने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

२३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-११८०, उत्प्रेषणयुक्त परमादेश, *पुण्यप्रसाद खरेल वि. विद्यालय शिक्षक किताबखाना समेत*

सार्वजनिक विद्यालयमा कार्यरत् शिक्षकहरूको अभिलेख दुरुस्त राखी अनिवार्य अवकाश हुने शिक्षक कुन मितिबाट अवकाश हुने हो ? सो कुराको अग्रिम जानकारी सम्बन्धित शिक्षक एवं निज कार्यरत् विद्यालयलाई दिनुपर्ने दायित्व रहेको विपक्षी विद्यालय शिक्षक किताबखानाले आफ्नो दायित्व समयमै पूरा गरेको देखिएन । आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा मिति

२०६७।१०।९ गतेसम्म विद्यालयमा रूजु हाजीर भई सेवा गरी आएका यी निवेदकले २०६६।१२।२३ देखि २०६७।१०।९ सम्म काम गरेको तलव वा पारिश्रमिक पाउनु पर्ने ।

आधिकारिक निकायबाट अवकाश पत्र नदिई साविकबमोजिम नै नियमित रूपमा काम गरेको अवधिको तलव, भत्ता, नपाउने भन्न मिल्ने हुँदैन । यस्तो अवस्थामा बढी अवधि कार्य गरी निजले बुझेको तलव, भत्ता एवं सञ्चयकोष कट्टी रकम निजले कानूनबमोजिम प्राप्त गर्ने औषधि उपचार रकमबाट कट्टा गरी हिसाब मिलान गर्ने गरी विद्यालय शिक्षक किताबखानाको मिति २०६७।१२।२१ को पत्र प्राकृतिक न्याय र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६२ साल बैशाख १२ गते रोज ३ शुभम् ।

२४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-१२२४, उत्प्रेषणयुक्त परमादेश, *बर्मा सिंह नेपाली वि. शिक्षा मन्त्रालय समेत*

आफूलाई नोकरीबाट हटाइएपछि सो कार्य कानूनविपरीत छ र त्यसबाट यी निवेदकको हितविपरीत असर परेको छ भने तत्काल अधिकारप्राप्त निकाय वा अदालतमा कानूनबमोजिम उजूरी गरी आफ्नो अधिकार सुरक्षित गरउनेतर्फ लाग्नुपर्ने हुन्छ । तर यी निवेदकले आफूलाई पुनर्बहाली गराउन मन्त्रालयलगायतका असम्बद्ध निकायहरूमा निवेदन इत्यादि दिएको भए पनि त्यस्तो निवेदन र सो सँग सम्बन्धित कारवाही कानूनसम्मत् नभएकोले त्यसलाई अनुचित बिलम्ब नभएको आधारको रूपमा ग्रहण गर्न नमिल्ने ।

यी निवेदक बर्मा सिँह नेपालीलाई भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी २०६२।४।६ गतेदेखि लागू हुने गरी क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल, सुर्खेतबाट भएको मिति २०६३।१।१५ को निर्णयबाट निवेदकको कानूनप्रदत्त हकको हनन् हुन गएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला
इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

२५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-०६३९, उत्प्रेषण समेत, *भूतपूर्व सूचना तथा सञ्चारमन्त्री टंक ढकाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राजनैतिक परिवर्तनको कारण प्रतिशोधात्मक तवरबाट कसैमाथि देवानी दायित्वको सिर्जना गर्नु कानूनी राज्य र विधिको शासनको अवधारण विपरीतको कार्य हुने ।

तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार रकम खर्च गरिएको कानूनविपरीत नहुँदा प्रस्तुत रिट निवेदनमा निवेदकबाट रू. पाँचलाख असूलउपर गर्ने मिति २०६३।४।१० को सार्वजनिक लेखा समितिको निर्णय र सोही निर्णयलाई कार्यान्वयन गर्ने गरी मन्त्रिपरिषद्बाट मिति २०६३।६।१० मा भएको निर्णय एवं सोहीअनुसार गोरखापत्र दैनिकमा यी निवेदकको नाउँमा जारी गरिएको मिति २०६३।१०।११ को सूचना समेत कानूनबमोजिम भएको भन्ने नदेखिने हुनाले यी रिट निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ ले प्रत्यभूत गरेको समानता र सम्पत्तिसम्बन्धी मौलिक हकहरूमा असर पर्ने देखिएकोले ती निर्णयहरू र सूचना समेत बदर गर्ने गरी उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६५-WO-०४४६, उत्प्रेषण समेत, *भूतपूर्व सूचना तथा सञ्चारमन्त्री टंक ढकाल वि.अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०२२९, उत्प्रेषणयुक्त परमादेश, *सञ्जयकुमार महासेठ वि. चिकित्सा शास्त्र अध्ययन संस्थान डीनको कार्यालय, महाराजगञ्ज समेत*

जुन परीक्षा समावेशी सिद्धान्तमा आधारित भएर सञ्चालन गरिपाऊँ भनी प्रस्तुत निवेदन परेको

छ । सो प्रवेश परीक्षा मिति २०६८।५।३० र ३१ गते सम्पन्न भई नतीजा समेत प्रकाशन भैसकेको छ भने नतीजाअनुसारको भर्ना लिई कक्षा सञ्चालन समेत भइसकेको अवस्था छ । यसका साथै सोही प्रवेश परीक्षामा यी निवेदक समेत संलग्न भएको परीक्षामा उत्तीर्ण भई BPH मा भर्ना भई अध्ययन गर्न थालेपछि सो प्रवेश परीक्षा रोकिपाऊँ भनी परेको प्रस्तुत निवेदनको औचित्य बाँकी नरहने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

२७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO–०४७३,उत्प्रेषण/परमादेश, *सरस्वती ठकुरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस्तै विषयवस्तु समावेश भएको संवत् २०६२ सालको रिट नं. ३८०६, निवेदक युवराज घिमिरे विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण/परमादेशको निवेदन फैसला मिति २०६४।८।७, संवत् २०६३ सालको रिट नं. ३६१८ निवेदक हरिबहादुर अधिकारी विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण समेत निवेदन, फैसला मिति २०६४।८।७ एवं संवत् २०६५ सालको रिट नं. ०९५६ निवेदक डम्बरबहादुर थापा मगर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरवार समेत भएको उत्प्रेषणयुक्त परमादेशको निवेदन, निर्णय मिति २०६८।५।१९ समेतका निवेदनहरूमा निजामती सेवा ऐन नियमअनुसार अवकाशमा उमेरको गणना हुने नभई तत्कालीन श्री ५ को सरकारको मिति २०३४।८।२०, मिति २०३८।१०।१९ र मिति २०५९।२।२३ को निर्णयानुसार नै हुने भन्ने समेतको निर्णय आधारमा रिट निवेदनहरू खारेज हुने ठहरी निर्णयहरू भइसकेको हुँदा प्रस्तुत निवेदनमा पनि उपरोक्त निवेदनहरूमा निर्णय, निरोपण भइसकेको प्रश्न र विषयवस्तु समावेश भई तथ्यमा एकरूपता भएकोले उल्लिखित निर्णयहरूबाट कायम भइरहेको सिद्धान्त लागू हुने हुनाले निवेदकहरूलाई अवकाश दिएको निर्णय मिलेकै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६६-WO-०२२१, उत्प्रेषणयुक्त परमादेश, *दीर्गबहादुर सापकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ।*
- ०६६-WO-०२५५, उत्प्रेषणयुक्त परमादेश, *पर्शुराम अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ।*
- ०६६-WO-०२६०, उत्प्रेषणयुक्त परमादेश, *जंगबहादुर गुरुङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ।*
- ०६४-WO-०२६७, उत्प्रेषण/परमादेश, *रामशरण थापा मगर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ।*

२८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-११०४, उत्प्रेषणयुक्त परमादेश, *गोमा गजमेर वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर समेत*

निवेदिकाले परीक्षाको समयमा प्रयोग गरेको चीट सोही परीक्षा केन्द्रमा खटिएका परीक्षा सञ्चालकहरूद्वारा बरामद भएको र सो बरामद भएको चीट निजको उत्तरपुस्तिकामा नै संलग्न गरी परीक्षा केन्द्रका केन्द्राध्यक्षद्वारा प्रतिवेदनसाथ यी निवेदिकालाई कारवाहीको सिफारिश समेत गरेको भन्ने देखिन्छ । परीक्षाको मर्यादा र शैक्षिक गुणस्तर कायम राख्न केन्द्राध्यक्षबाट भै आएको सिफारिशका आधारमा परीक्षा सञ्चालन गर्ने त्रिभुवन विश्वविद्यालयको केन्द्रीय परीक्षा सञ्चालक समितिले निजको उक्त बि.एस्सी. तृतीय खण्डको सम्पूर्ण विषको परीक्षा रद्द गर्ने गरी मिति २०६७।११।१० मा निर्णय गरेको देखियो । जुन निर्णय त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम, २६८ को अनुकूल रहेको देखिँदा

निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल कात्तिक ३० गते रोज ४ शुभम् ।

२९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कमलनारायण दास,** ०६८-WH-००६२, बन्दीप्रत्यक्षीकरण, *तेन्जीङ्ग छिपेल समेत वि. महानगरीय प्रहरी परिसर, जावलाखेल समेत*

बन्दीप्रत्यक्षीरकणको रिट कुनै पनि व्यक्तिलाई गैरकानूनी तरिकाले थुनामा राखिएको अवस्थामा जारी हुने रिट हो । बन्दीप्रत्यक्षीकरणको रिटमा थुनामा राख्ने अधिकारीले बन्दीलाई कानूनी प्रक्रिया पूरा गरी थुनामा राखेको छ कि छैन भनी हेरिने सो रिटको सामान्य सिद्धान्त नै हो । अधिकार नपाएको अधिकारीले वा गैरकानूनी तवरले वा कानूनद्वारा निर्धारण गरिएका प्रक्रिया र कार्यविधि पूरा नगरी कुनै व्यक्तिलाई बन्दी बनाइएको छ वा छैन भन्ने नै यो रिटबाट हेरिने सामान्य मान्यता हो । गैरकानूनी रूपमा कुनै व्यक्तिलाई बन्दी बनाइएको देखिएमा त्यस्तो कानूनबविपरीतको थुनाबाट मुक्त गर्नु नै बन्दीप्रत्यक्षीकरणको रिटको उद्देश्य हो । बन्दीको कुनै कार्य अपराध हो वा होइन भन्ने यो रिटबाट निश्चय र निर्क्यौल नगरी केवल उक्त थुना कानूनबमोजिमको छ वा छैन भन्ने मात्र हेरिने ।

निवेदकउपर अधिकारप्राप्त निकायबाट कानूनको रीत पुऱ्याई मुद्दा चलाई मुद्दा हेर्ने अधिकारप्राप्त अधिकारीबाट निवेदकरूसँग मुद्दा पुर्पक्षको लागि धरौटी माग गर्ने आदेश भएको देखिन्छ । रिट निवेदकहरूले सो धरौटी माग गरिएको कुरामा चित्त नबुझे सम्बन्धित पुनरावेदन अदालतमा उजूर गर्न सकिने वैकल्पिक मार्ग उपयोग गर्नु पर्नेमा सो मार्ग उपयोग नगरी यो रिट दिएको देखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल फागुन २२ गते रोज २ शुभम् ।

३०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६४-WO-०४१८, उत्प्रेषण परमादेश समेत, *लक्ष्मीप्रसाद आचार्य वि. सूर्य अटोमोबाइल्स प्रा.लि. भ्रुम्सीखेल, ललितपुर समेत*

कर्जा असूलीको क्रममा गरेको धितो लिलामीको कार्य समेतलाई बदर गरिपाऊँ भनी साधारण कानूनी प्रक्रियाअन्तर्गतको कानूनी उपाय अनुशरण गरी मुद्दा दिई सोको फैसला समेत भैसकेपछि सो फैसला आफ्नो अनुकूल नभएपछि सो मुद्दा र फैसलाको कुरा समेत लुकाई यी निवेदक यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको देखिएबाट यी रिट निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको नदेखिने ।

तथ्य लुकाई सफा हातले अदालत प्रवेश नगरेकोलाई असाधारण अधिकारक्षेत्रअन्तर्गत मद्दत गर्न नसकिने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम् ।

३१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६५-WO-०७२६, उत्प्रेषण परमादेश समेत, *लक्ष्मीप्रसाद आचार्य वि. अनुशील ट्रेड कन्सर्न समेत*

ऋण असूली गर्ने क्रममा सम्बन्धित वित्तीय संस्थाबाट कानूनी प्रावधानविपरीत भएको कामकारवाहीउपर साधारण क्षेत्राधिकारअन्तर्गत कानूनी उपचारको बाटो उपलब्ध छ भने सोही बाटो अवलम्बन गरी कानूनी उपचार प्राप्त गर्नुपर्ने हुन्छ, जुन यी निवेदकले अवलम्बन गरिसकेको पनि देखियो । यसरी आफैँले वैकल्पिक उपचारको मार्ग अवलम्बन गरिसकेको तथ्यलाई लोप गरी यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत प्रस्तुत रिट निवेदन दिएको देखिँदा सफा हातले यी निवेदक अदालत प्रवेश गरेको नदेखिएकोले रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम् ।

३२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०९३०, अंश, *किताबुन निसा मुसलमान वि. वलीमोहम्मद मुसलमान समेत*

पुनरावेदक विपक्षी वली महम्मदसँगको नाता सम्बन्ध स्थापित गराउन ठोस प्रमाण गुजारी सो कुराको पुष्टि गराउन सकेको देखिँदैन भने DNA TEST समेतबाट सो प्रश्नको निरूपण गर्न अदालतले गरेको आदेशबमोजिम स्वयं वादी हाकिम अली अनुपस्थित रहेबाट नाता सम्बन्धमा निजको दावी शंकास्पद देखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल बैशाख २७ गते रोज ४ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-१३२३, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद सुवेदी वि. रामप्रसाद शर्मा समेत*

कि.नं.१८२८ को क्षेत्रफल ०-५-१-१ जग्गाको मूल्य रू. १५,००,०००।- पर्ने भनी यी रिट निवेदक रोहबरमा बसेको जायजात मुचुल्काबाट यकीन भैसकेकोमा उक्त कि.नं. बाट क्षेत्रफल ०-१-१-१ जग्गा निवेदकको छोराको अंश भागमा परेको हुँदा बाँकी क्षेत्रफल ०-४-०-० जग्गा मूल्य रू. १७,००,०००।- मा कास्की जिल्ला अदालतबाट लिलाम भएको देखिँदा बढी मूल्य पर्ने जग्गालाई कम मूल्यमा लिलाम गरिएको भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

"तपाईको जेथा मिति २०६६।७८ गते लिलाम बढाबढ हुने गरी लिलामी सूचना प्रकाशित भएकोले तपाईको नाउँमा यी जनाउ म्याद दिइएको छ" भन्ने व्यहोराको निवेदकका नाउँमा मिति २०६६।६।२५ मा कास्की जिल्ला अदालतबाट जारी भएको जनाउ म्याद मिति २०६६।६।२२ मा निवेदकको एकाघर सगोलकी श्रीमती सरस्वती सुवेदीले बुझी लिएको बिगो मुद्दाको मिसिल संलग्न तामेली म्यादबाट देखिएको र उक्त जनाउ म्याद बेरीतपूर्वक तामेल गरिएको भन्ने रिट निवेदकको जिकीर समेत नरहेको हुँदा आफूलाई जानकारी नै नदिई जग्गा लिलाम गरिएको भन्ने निवेदकको निवेदन जिकीर समेत सत्य तथ्यमा आधारित नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०४४४, उत्प्रेषणयुक्त परमादेश, *श्रीलाल मेहता समेत वि. सत्यनारायण साहू समेत*

बुदन महतोमा कि.नं. १०५ को जग्गाको ३ भागको १ भाग मात्र अपुताली हक निहीत रहेको भन्ने तथ्य निर्विवादित रूपमा स्थापित भइरहेको अवस्था हुँदा रामफलकी छोरी सावित्रीकुमारी मेहताको अपुताली हक समेत छुट्याई सत्यनारायण साहू वादी बुदन महतो प्रतिवादी भएको लेनदेन मुद्दामा सुनसरी जिल्ला अदालतबाट मिति २०६५।१२।२७ मा भएको फैसला कार्यान्वयन गर्नुपर्नेमा सावित्रीकुमारी मेहताको अपुताली हक नछुट्याई निवेदन दावीमा उल्लिखित कि.नं. १०५ को जग्गाको ३ खण्डको २ खण्डबाट लेनदेन मुद्दाको फैसला कार्यान्वयन गर्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको आदेश र सो आदेश यथावत कायम राख्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।३।३२ मा भएको आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

लालजी र मुसनीदेवी मेहताका ३ छोरा फुदन, रामफल र बुदन महतो भई अन्यथा प्रमाणित भएमा बाहेक फुदनका छोरा निवेदकहरू श्रीलाल, हिरालाल र मिश्रीलाल मेहताको ३ भागको १ भाग तथा रामफलकी छोरी निवेदिका सावित्रीकुमारी मेहताको १ भागमा अपुताली हक कायम हुनसक्ने अवस्था हुँदा कि.नं. १०५ को जग्गामध्ये ३ खण्डको २ खण्ड फुकुवा गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-१२१९, उत्प्रेषणयुक्त परमादेश, *डा. सदानन्द देव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक मनोनित प्रतिष्ठानको उपाध्यक्षको पद आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७(३) को व्यवस्थाअनुरूप Doctrine of Pleasure लागू हुने मनोनयनकर्ताको ईच्छाअनुसारको अवधिसम्म मात्र पदमा बस्न पाउने पद नभई ऐनमा तोकिएको अवधिसम्म बस्न पाउने Tenure पद भएको हुँदा उक्त पदबाट हटाउने मन्त्रिपरिषद्को निर्णय त्रुटिपूर्ण देखिने" भन्ने सिद्धान्त (*नेकाप* २०६८, अङ्क ४, पृष्ठ४९२, नि.नं. ७८३९ मा) प्रतिपादन भएको हुँदा उपरोक्त प्रतिपादित सिद्धान्तको आधारमा समेत निवेदकलाई तोकिएको पदावधि नपुग्दै अवकाश दिने गरी गरिएको नेपाल सरकार (मन्त्रिस्तर) को निर्णय नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ६(१) को विपरीत भए गरेको देखिँदा निवेदक नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ६ (१) ले तोकेको पदावधि चार वर्षको लागि नियुक्ति भएकोमा उक्त अवधि पूरा नगर्दै निवेदकलाई अवकाश दिने गरी गरिएको नेपाल सरकारको मिति २०६८।३।१ को निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेकलाई पदअनुसारको काम गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०९५८, उत्प्रेषण, *प्रदीप खत्री वि. दुग्ध विकास संस्थान लैनचौर, काठमाडौं समेत*

आफ्नो जिम्मेवारीको बोध नगरी आफूलाई फाइदा र संस्थानलाई हानि नोक्सानी हुने गरी कार्य गर्नु गैरकानूनी हो । दुग्ध विकास संस्थानलाई हानि नोक्सानी भएको तथ्यको पहिचान आन्तरिक लेखा परीक्षणबाट खुल्न नआएको भए निज निवेदकले आम्दानी नबाँधेको रकम जम्मा गर्ने आसय नराखेको भन्ने तथ्यमा विवाद गर्नुपर्ने अवस्था रहेन । सजाय प्रस्ताव गरेपछि आफूउपर हुन सक्ने सम्भावित सजायबाट उन्मुक्ति पाउने मनसायबाट प्रेरित भई पछिबाट उक्त रकम दाखिला गरे पनि निजको उक्त कार्य बद्नियतविहीन छ भन्न समेत मिल्ने अवस्था रहेन । दही हिनामिना गरेको सम्बन्धमा जाँचबुझ भई छानबीन समिति गठन भई सो समितिको प्रतिवेदनको आधारमा कारवाही गरिएको र उक्त कारवाहीमा कानूनी कार्यविधिगत त्रुटि नदेखिनुको अतिरिक्त हिनामिना गरेको तथ्य स्थापित हुन आएको अवस्थामा निज निवेदकलाई सेवाबाट हटाउने गरी भएको मिति २०६५।९।११ र २०६६।२।२२ को निर्णय कानूनविपरीत भन्न नमिल्ने हुँदा मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०७९९, उत्प्रेषण, परमादेश, *मोहनगोपाल श्रेष्ठ वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

नेपाल स्काउट पुरुष तालिम विभाग २०६४ को राष्ट्रिय प्रशिक्षकको मतदाता नामावलीमा यी निवेदकको समेत नाम समावेश भएको र सो मतदाता नामावलीको मतपत्र बुझ्ने महलमा निवेदकले दस्तखत गरेको देखिँदा पुरुष तालिम विभागको निर्वाचनमा निवेदक मोहनगोपाल श्रेष्ठ सहभागी भएको भन्ने मिसिल संलग्न मतदाता नामावलीबाट देखिन आयो । उपरोक्त तथ्यबाट विवाद उठाइएको निर्वाचन कार्यक्रममा निवेदक स्वयंले भाग लिएको देखिँदा नेपाल स्काउटको जिल्ला स्तर, क्षेत्रीय स्तर एवं राष्ट्रियस्तरको निर्वाचन कार्य २०६४ पुस मसान्तसम्म सम्पन्न गर्न तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने गरी मिति २०६४।८।४ मा मन्त्रिस्तरीय निर्णय भएको भन्ने मिसिल संलग्न शिक्षा तथा खेलकुद मन्त्रालय विद्यालय शिक्षा शाखाको च.नं. ५२७ मिति २०६४।८।१० को पत्रको छायाँप्रतिबाट

देखिएको हुँदा अधिकारप्राप्त निर्वाचन समितिले नै निर्वाचन गराएको भन्ने देखिन आयो । साथै निर्वाचित कार्य समितिको पदावधि नै समाप्त हुन लागेको अवस्था हुँदा प्रस्तुत निवेदनको कुनै औचित्य समेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०८९७, उत्प्रेषण, परमादेश, *ज्ञानबहादुर बम वि. विद्यालय शिक्षक किताबखाना*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९ मा रहेको बढुवासम्बन्धी विशेष व्यवस्थाबमोजिम जिल्ला शिक्षा कार्यालय, बभाङको मिति २०६४।७।१८ को निर्णयानुसार निम्न माध्यमिक शिक्षक द्वितीय श्रेणीमा बढुवा सम्बन्धी विशेष व्यवस्थाबमोजिम जिल्ला शिक्षा कार्यालय बभाङको निम्न माध्यमिक द्वितीय श्रेणीको तलव स्केलबमोजिम निवृत्तिभरण, औषधि उपचार र सञ्चित बिदाको रकम प्रदान गर्नको लागि विद्यालय शिक्षक किताबखाना ताहाचल काठमाडौंलाई लेखी पठाएकोमा विद्यालय शिक्षक किताबखानाबाट निवेदकको पद र श्रेणी निम्न माध्यमिक शिक्षक तृतीय श्रेणी कायम गरी सोही श्रेणीको मासिक तलव स्केलले हुन आउने रकम रू. ६,८१३।०६ पैसा निवृत्तिभरण पाउने गरी निवृत्तिभरण अधिकार पत्र दिएको हुँदा बढुवा भएको श्रेणी भन्दा तल्लो श्रेणी कायम गरेको कार्य त्रुटिपूर्ण देखिन आउने ।

बढुवाको निर्णय कायम रहेसम्म बढुवा भएको पद तथा श्रेणीअनुसार नै निवृत्तिभरण पाउने हुँदा निवेदकलाई निम्न माध्यमिक तृतीय श्रेणीको मासिक तलव स्केलको हुने मासिक निवृत्तिभरण रकम दिने गरी गरिएको विद्यालय शिक्षक किताबखानाको निर्णय तथा सोबमोजिम भएका कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकले निज बढुवा भएबमोजिम निम्न माध्यमिक द्वितीय श्रेणीको मासिक तलव स्केलबमोजिम निवृत्तिभरण तथा अन्य सुविधा पाउने नै हुँदा सोहीबमोजिम निवेदकलाई निवृत्तिभरण तथा अन्य सुविधा दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१४५६, मानाचामल, *वसन्तकुमार बस्नेत समेत वि. हेमन्तकुमार बस्नेत*

आफूप्रति आश्रित पत्नी तथा छोराको लगाउने खाने व्यवस्थाको साथै शिक्षा तथा स्वास्थ्यसम्बन्धी व्यवस्था गर्ने दायित्व प्रत्यर्थी प्रतिवादीमा नै रहेको हुन्छ । यसै सन्दर्भमा मुलुकी ऐन, अंशबण्डको १० नं. मा "लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान, लाउन र आवश्यकताअनुसार उचित शिक्षा-दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ, सो नगरे अंश दिनुपर्छ" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । उपरोक्त कानूनी प्रावधानबमोजिम प्रत्यर्थीमा आश्रित परिवार संख्या र निजको आम्दानीको अनुपातमा नै पुनरावेदकले माना चामल पाउने ।

प्रत्यर्थी हेमन्तकुमार बस्नेत समेतउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको २०६३।०६४ सालको दे.मि.नं. २८५४/४३८३ को अंश मुद्दामा पेश भएको तायदाती फाँटवारीबाट पुनरावेदन जिकीरमा उल्लेख भएबमोजिम घर तथा कृषिबाट आम्दानी हुने अवस्था देखिँदैन । उक्त अंश मुद्दामा पुनरावेदक वादीहरूले अंश पाउने गरी फैसला भई बण्डा छुट्ट्याउनेतर्फ कारवाही भइरहेको अवस्था देखिन्छ । प्रत्यर्थीको तलव बाहेकको अन्य आम्दानी समेत रहेको भन्ने तथ्यलाई पुष्टि गर्ने किसिमका सबूद प्रमाण पुनरावेदकबाट पेश हुन सकेको समेत नपाइँदा वादीहरूलाई जनही रू. ३३३०।५० मासिकरूपमा मानाचामलवापत भराइदिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CR-०४८५, कीर्ते जालसाजी, *मु.स. गर्ने शोभादेवी प्रकाश समेत वि. निर्मलरत्न प्रकाश समेत*

मिति २०१८।४।१२ मा पारीत छोडपत्र, लिखतद्वारा प्राणमायाले आफ्नो पति रत्नदास प्रकाशबाट दाइजो पेवाको रूपैयाँबापत प्राप्त गरेको कि.नं. २६२ को जग्गा र सो जग्गामा निर्मित घरमध्येबाट नै प्राणमायाले छोरी रस्मी देवी बमलाई मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५२।२।१ र. नं. ११९५६ मा पारीत लिखतबाट शेषपछिको बकसपत्र दिएकोले मुलुकी ऐन, स्त्री अंश धनको ५ नं. मा भएको कानूनी प्रावधानअनुसार मिति २०५२।२।१ र. नं. ११९५६ बाट पारीत लिखतद्वारा शेषपछिको बकसपत्र दिएको कि.न.. २६२ को घर जग्गा प्राणमायाले आफूखुश गर्न पाउने देखिँदा त्यस्तो सम्पत्ति बकसपत्र दिँदा अन्य अंशियारको मञ्जूरी लिनुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०५२७, अंश चलन, *मु.स.गर्ने शोभादेवी प्रकाश समेत वि. निर्मलरत्न प्रकाश समेत*

अमूल्य ग्रामोफोन, पुरस्कार, गोरखादक्षिणबाहु तक्मा समेत बण्डा हुनुपर्ने भनी पुनरावेदकले जिकीर लिएको भए तापनि उक्त सामग्रीहरूको निश्चित् मूल्य पनि नहुने तथा उल्लिखित वस्तुहरूको प्रकृतिकै हिसाबले अंशबण्डा हुने वस्तुअन्तर्गत नपर्ने हुँदा बण्डा गर्न मिल्ने नदेखिने ।

कि.नं. २५१ को जग्गाको जग्गाधनी अन्य व्यक्ति भई मोहीमा पिता रत्नदास प्रकाश भन्ने उल्लेख हुँदा सो जग्गाको मोही नामसारी नहुँदासम्म जग्गा बण्डा लाग्न सक्ने अवस्था देखिदैन । सो जग्गाको मोही नामसारी भएमा त्यसमा दावी उजूर परेका बखत ठहरेबमोजिम हुने नै हुँदा उक्त कि.नं. २५१ को जग्गा अहिले नै बण्डा हुने अवस्था नदेखिने ।

मालपोत कार्यालय, काठमाडौंको मिति २०६२।१।२३ को पत्र साथ प्राप्त जग्गा धनी दर्ता प्रमाणपूर्जाको फोटोकपीअनुसार कि.न.. २५८ को जग्गा निर्मलरत्न प्रकाशले मिति २०६०।१।१८ को राजीनामा पारीत लिखतबाट प्राप्त गरेको भन्ने देखिँदा आमाको नाममा मोही भनेकोमा त्यस्तो मोहीमा बण्डा नलाग्ने र फिराद परेको अघिल्लो दिनसम्मको वादी प्रतिवादी जिम्माको सम्पत्तिमा बण्डा लाग्नेमा मिति २०५८।१०।१५ मा प्रस्तुत मुद्दाको फिराद दायर भएको हुँदा फिराद दायर भएको मिति भन्दा पछाडि प्रतिवादी निर्मलरत्नले राजीनामा पारीत गरी लिएको उक्त कि.नं. २५८ को जग्गाबाट पुनरावदक वादीले अंश पाउने अवस्था नदेखिने ।

कि.नं. २५५ को जग्गा आमा प्राणमायाबाट छोरी शान्तिदेवीले हालैको बकसपत्र गरी लिएको भन्ने देखिएको र उक्त जग्गामा बनेको घर हालैको बकसपत्र पारीत हुनुभन्दा अगाडि नै बनेको भन्ने प्रमाणको अभावमा शान्तिदेवीको नाममा दर्ता कायम रहेको कि.नं. २५५ को जग्गामा रहेको घरमा यी पुनरावेदक वादी समेतको बण्डा लाग्न नसक्ने ।

मिसिल संलग्न सम्बन्धित बैंकका पत्रहरू तथा बैंक स्टेटमेन्ट समेतबाट स्व. मास्टर रत्नदास प्रकाशको नाममा रहेको बैंक खातामा रकम बाँकी रहेको भन्ने नदेखिँदा पिता रत्नदनस प्रकाशको बैंक खातामा रहेको रकम बण्डा हुनु नपर्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०५२८, निर्णय बदर एवं दाखिल खारेज दर्ता कायम गरिपाऊँ, *मु.स.गर्ने शोभादेवी प्रकाश समेत वि. रस्मीदेवी बम*

आफूले बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति बकसपत्र पाउनेले भोग चलन नगरेको अवस्थामा मात्र मुलुकी ऐन, दानबकसको ५ नं. को कानूनी व्यवस्था आकर्षित हुने हुन्छ । प्रत्यर्थी रश्मीदेवी बमले कि.नं. २६२ को जग्गामा रहेको घरको सटर भाडामा दिएको भन्ने मिसिल संलग्न घर भाडा सम्झौताबाट देखिनुको साथै विद्युत समेत निज प्रत्यर्थीकै नाममा जडान भएको भन्ने मिसिल संलग्न विद्युत महसूल

तिरेको संकेत कार्डको फोटोकपीबाट देखिएको हुँदा विवादित घर जग्गामा प्रत्यर्थी रश्मीदेवी बमको भोग रहेको केवल दाखिल खारेज नामसारी हुनसम्म बाँकी रहेको भन्ने देखिँदा शेषपछिको बकसपत्र बमोजिमको कि.नं. २६२ को क्षेत्रफल ०-३-१-२ को चार खण्डको दुई खण्डसम्मको मिति २०५७।११।८ को मालपोत कार्यालय, काठमाडौंको निर्णय बदर भै वादीका नाउँमा दर्ता हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CI-००४२, परमादेश, *सोभियतबहादुर थापा वि. पोखरा उपत्यका नगर विकास समिति, पोखरा कास्की*

निवेदकलाई सहुलियत मूल्यको घडेरी उपलब्ध गराउने भनी नगर विकास समितिको ८० औं बैकबाट गरिएको निर्णय मन्त्रालयको निर्देशन प्राप्त भएपछि मात्र कार्यान्वयन गर्ने गरी हाललाई निर्णय कार्यान्वयन गर्ने गराउने कार्य नगर्ने नगराउने भनी शहरी विकास तथा भवन निर्माण विभागले लेखी पठाएको भन्ने उक्त विभागको च.नं. १४२२ मिति २०६१।२।६ को पत्रको छाँयाप्रतिबाट देखिँदा ८० औं बैठकको निर्णय कार्यान्वयन नगर्ने भन्ने निर्णयअनुसार पुनरावदेकलाई जग्गा दिने दिलाउने कार्य रोकिएको हुँदा उक्त निर्णय कायम नै रहेको अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०९०३, परमादेश, *राधेश्याम श्रेष्ठ वि. राष्ट्रिय वाणिज्य बैंक प्रधान कार्यालय समेत*

बैंकले आफूले प्रवाह गरेको कर्जा सरल र सहज रूपमा असूलउपर गर्न कानूनको परिधिभित्र रही विभिन्न किसिमका नीति अख्तियार गर्न सक्छ । सोही नीतिअन्तर्गत प्रत्यर्थी बैंकले आफूले प्रवाह गरेको कर्जा समयमै सहज रूपमा असूल गर्ने अभिप्रायले कन्याकुमारी इन्टरप्राइजेजलाई केही ब्याज रकम मिनाहा दिने गरी निश्चित् अवधिसम्मको लागि सुविधा प्रदान गरेको अवस्थामा ऋणीले पनि प्राप्त हुने सुविधा उपभोग गर्न तोकिएको समय सीमालाई पालना वा उपयोग गर्नुपर्ने हुन्छ । त्यसरी तोकिएको अवधिभित्र प्रदान गरेको सुविधा उपभोग नगरेपछि सो सुविधालाई अरू बढी समयसम्मको लागि विस्तार गर्ने वा नगर्ने भन्ने विषय त्यस्तो सुविधा प्रदान गर्ने निकायको स्वविवेकको विषय भएको हुँदा ऋणीले अधिकारको रूपमा दावी गर्न मिल्ने अवस्था नदेखिने ।

प्रत्यर्थी बैकले २०६० सलामा ६० दिनसम्मको लागि भनी समय सीमा तोकी प्रदान गरिएको सुविधा प्राप्त भएन भन्दै मिति २०६५।८।९ मा मात्रै परमादेशको माग गरी अदालतमा प्रवेश गरेको देखिँदा आफ्नो हक अधिकारमा आघात परेको भए असर पर्ने पक्ष त्यसप्रति सचेत रही समयमै कानूनी उपचारको लागि आउनुपर्नेमा करिव ५ वर्ष पछि मात्रै अदालतमा प्रवेश गरेको स्थितिमा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको फौ.पु.नं. CR-०२५५, डाँका, *नेपाल सरकार वि. रजत रिजाल समेत*

दशीका बरामद भएका सुन र गहनाहरू जाहेरवालाले सनाखत गरी दिइसकेको अवस्थामा बरामदी रूपैयाँ र सुनहरू अन्यथा हुन् अथवा जाहेवालाका होइनन् भन्न मिल्न सक्ने अवस्था देखिँदैन । प्रतिवादीहरू मौकामा अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष डाँका चोरीको कसूरप्रति सावित रहेका छन् । सोलाई मौकाको किटानी जाहेरी र निजहरू सँगै बरामद भएका दशीका सामानले पुष्टि गरिरहेको छ । प्रतिवादीहरूबाट हतियार आदि कुनै चीज बरामद नभए पनि जाहेरवालाले हतियारसहित प्रतिवादीहरू डाँका गर्न आएको भनी किटान रूपमा

लेखाई अदालतमा समेत बकपत्र गरी दिइसकेको स्थिति छ। चोरीको ६ नं. मा डाँकाको वारदात हुन हातहतियार नै सँग साथमा लिई गएको नै हुन पर्ने नभै हुलहुज्जत समेत गरी जवरजस्तीको तरिकासँग चोरी गरे पनि डाँका हुने भनी उल्लेख भएको हुँदा र प्रतिवादीहरूको क्रिया पनि सोही प्रकृतिको हुँदा चोरीको १ र ६ नं. विपरीत डाँका वारदातको कसूरमा ऐ.को १४(४) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०२९१, उत्प्रेषणयुक्त परमादेश, *सर्जुलाल चौधरी वि. हिरमल्ला चौधरी समेत*

प्रतिवादीले वादीलाई लेनदेन मुद्दाको फैसलाबमोजिम तिर्नुपर्ने बिगो तिरे बुझाएको नदेखिँदा वादीले देखाएको प्रतिवादीको स्व. पिताको नामको जेथा जमानी कानूनको प्रक्रिया पूरा गरी वादीको बिगोबापतमा २०६७।११।१९ मा लिलाम भएको देखिएको र उक्त लिलाम बदर हुनुपर्ने कुनै युक्तिसंगत् कारण निवेदकले उल्लेख गर्न नसकेकोले निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिन आएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

१५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०४०५, उत्प्रेषणयुक्त परमादेश, *मनिरराज मल्ल वि. शान्ति सिँह मल्ल समेत*

अदालतको नियमित प्रक्रियाबमोजिम बण्डा छुट्टयाउनको निमित्त डोरको तारिख तोकी मिति २०६८।१०।८ मा बण्डा छुट्याएको मुचुल्का तयार भई प्रस्तुत फैसला कार्यान्वयन सम्बन्धी कार्य सम्पन्न भइसकेको भनी प्रस्तुत बिगो मुद्दा मिति २०६८।११।१६ मा तामेलीमा राखी वादी निवेदक शान्ति सिँह मल्लले बण्डा मुचुल्काअनुसार पाएको जग्गाको दा.खा. दर्ता गरी दिनु भन्ने अदालतको पत्रअनुसार शान्ति सिँह मल्लको नाममा मालपोत कार्यलय, ललितपुरबाट जग्गा दर्ता गराएको मिसिल संलग्न बण्डा मुचुल्का तामेली आदेश दा.खा. दर्ता गरी दिने पत्र र शान्ति सिँह मल्लको नामको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपीबाट देखिँदा जुन कार्य रोकीपाऊँ भनी निवेदकले निवेदनको औचित्य नै समाप्त भएको देखिँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री गिरीश चन्द्रलाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०४८६, उत्प्रेषण, *गौबहादुर आले वि. देवेन्द्र विक्रम रोक्का समेत*

वादीले लेनदेन मुद्दाको बिगो भराई पाऊँ भनी फैसला र कानूनअनुसार प्रतिवादीको जेथा खोजबीन गरी जेथा देखाई दरखास्त दिनुपर्नेमा सो बमोजिम दरखास्त दिएको नदेखिएको तथा जिल्ला अदालतबाट पनि प्रतिवादीको नाममा अन्य जेथा रहे नरहेका बारे कुनै खोजबीन नै नगरी बैंक खाताबाट रकम भराई बाँकी रहेको रकम बापतमा एकैचोटी प्रतिवादीलाई कैदमा राखिपाऊँ भनी दरखास्तमा माग गरी प्रतिवादीलाई थुनामा राख्ने गरी आदेश भएकोमा उक्त आदेश बदर गरी प्रतिवादीको जेथाबाट दण्ड सजायको ४२ नं. को आधासम्म बिगो भरिभराउको कारवाही गरी बाँकीमा कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।५।२६ मा भएको आदेशमा कुनै त्रुटि नदेखिने ।

ऋणीको नाउँमा रहेको सम्पत्तिको जायजात तायदात सम्बन्धी प्रक्रिया नै नगरी निजको जेथा नै नदेखाई दण्ड सजायको ४२ नं. को व्यवस्थाविपरीत हुने गरी ऋणीलाई लेनदेन मुद्दाको फैसलाअनुसार लेनदेन व्यवहारको १९ नं. को व्यवस्थाअनसार भनी कैदमा पठाउने कार्य कानूनसम्मत् भएको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०३६३, उत्प्रेषणयुक्त परमदेश, *शिवप्रसाद पौडेल वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

निवेदकले विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०६७।१।२०, पत्रसंख्या २०६६।०६७ (बढुवा) के.क. प्र.शा.च.नं. ७३२४ बाट २०६६।१२।१० देखि जेष्ठता कायम हुने गरी प्रशासन सेवा, प्रशासन समूहको तह ९, उपनिर्देशक (प्रशासन) पदमा बढुवा पाइसकेको भन्ने कुरा मिसिलसंलग्न नेपाल विद्युत प्राधिकरणको मिति २०६७।१।२० को निवेदक शिवप्रसाद पौडेललाई सम्बोधन गरी लेखिएको बढुवा गरी पदस्थापन गरिएको विषयको पत्र व्यहोराबाट देखिँदा प्रत्यर्थी विकासमान लामालाई बढुवा सिफारिश गर्ने गरी मिति २०६६।६।२७ मा प्रत्यर्थी पुनरावलोकन समितिबाट भएको निर्णय, सो निर्णयको आधारमा मिति २०६६।७।५ मा गोरखापत्रमा प्रकाशित सूचना, प्रत्यर्थी विकासमान लामालाई दिइएको बढुवा नियुक्ति तथा सोसँग सम्बन्धित टिप्पणी, आदेश एवं निर्णयको औचित्यमा प्रवेश गरी निर्णय गरिरहनु परेन । रिट निवेदकले हाल नवौं तहमा बढुवा पाई नै सकेबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल जेठ २८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-००५०, उत्प्रेषण/ परमादेश, *शोभाकान्त झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा विभागले मिति २०६६।१२।२४ मा गरेको सरूवाको निर्णय र मिति २०६६।१२।३० को पत्रमा उल्लेख गरिएको यी निवेदकको पदनाम स्वास्थ्य सेवा विभागले मिति २०६७।२।३१ मा संशोधन गर्ने निर्णय गरी अधिकृत छैठौं तह भनी उल्लेख गरी यी निवेदक, निजामती किताबखानालगायत अन्य सम्बन्धित कार्यालयलाई समेत मिति २०६७।२।३१ को पत्रबाट जानकारी गराएको देखिन आउँछ। यसबाट यी निवेदकले पद र तह घटुवा गरिएकोले उत्प्रेषणको आदेशले बदर गर्न माग गरेको मिति २०६६।१२।२४ को सरूवाको निर्णय र मिति २०६६।१२।३० को पत्र स्वास्थ्य सेवा विभागको मिति २०६७।२।३१ को संशोधनको निर्णयबाट संशोधन भई सम्बन्धित निकायलाई जानकारी समेत गराई सकिएको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-११७५, उत्प्रेषण परमादेश, *दामोदरप्रसाद यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकको मिति २०६४।९।२९ देखि सुगमक्षेत्रमा सरूवा भएको देखिन आउँछ । निजलाई मिति २०६६।१२।२९ मा ताप्लेजुङ्ग सरूवा गरिएकोमा सोउपर यी निवेदकले यस अदालतमा दायर गरेको प्रस्तुत रिट निवेदनमा यस अदालतबाट मिति २०६७।२।२४ मा जारी भएको अन्तरिम आदेशानुसार निज हालसम्म सुगमक्षेत्र धनुषामा नै कार्यरत् रहेको देखिन आउँछ । निज मिति २०६४।९।२९ देखि हालसम्म सुगमक्षेत्र धनुषामा नै कार्यरत् रहेको देखिन आयो । यसका अतिरिक्त स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिम ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम अति दुर्गमक्षेत्रमा पर्ने समेत देखिन आएन । यसबाट यी निवेदक मिति २०६४।९।२९ देखि हालसम्म धनुषामा कार्यरत् रहेको देखिएको र ताप्लेजुङ्गको सदरमुकाम निवेदकले उल्लेख गरेजस्तो अति दुर्गमक्षेत्र नदेखिएकोले निवेदकले गरेबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०१२३, उत्प्रेषण परमादेश, *युरेक रञ्जित वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

यी निवेदकलाई हटाउने नेपाल सरकारको मिति २०६८।४।४ को निर्णयउपर यी निवेदकले यस अदालतमा अन्तरिम आदेश समेत माग गरी दायर गरेको प्रस्तुत रिट निवेदनमा यस अदालतबाट मिति २०६८।४।३० मा यो रिट निवेदनको अन्तिम किनारा नलागेसम्म उल्लिखित मिति २०६८।४।४ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु र निवेदकलाई कान्ति बाल अस्पताल विकास समितिको सदस्य पदमा पूर्ववत् कामकाज गर्न दिनु भनी विपक्षीको नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ। उक्त अन्तरिम आदेशबमोजिम यी निवेदकले आफूलाई नियुक्त गरेको पदमा कार्यरत् रही उक्त समिति गठन आदेशको दफा ३(२)(ख) बमोजिमको दुई वर्षको अवधि पूरा गरेको देखिन आउँछ । यी निवेदकले कानूनबमोजिम उक्त समितिको सदस्यको रूपमा काम गर्न पाउने अवधि समाप्त भएको देखिन आएकोले प्रस्तुत रिट निवेदनमा उठाइएको प्रश्नको औचित्यमा प्रवेश गरी थप विचार गरिरहनु नपर्ने हुँदा यो निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०१२४, उत्प्रेषण/परमादेश, *श्रीविनोद भट्टराई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-४२६, परमादेश, *डा. ठाकुरराज अधिकारी वि. रामबाबु शरण जयसवाल*

बढुवा भनेको माथिल्लो पदले प्राप्त गर्ने तलब लगायतका सुविधाप्राप्त गर्ने विषय मात्र नभई बढुवा भएको कर्मचारीको जिम्मेवारीमा समेत फरक पर्ने हुन्छ भन्ने कुरालाई सार्वजनिक प्रशासनको एउटा कडीको रूपमा लिइन्छ। स्तरवृद्धिको व्यवस्था वस्तुतः धेरै दिनसम्म काम गरिरहेका कर्मचारीहरूको पदमा वृद्धि नभई एउटै पदमा बर्षौंदेखि सीमित रही काम गर्दा कर्मचारीको मनोभावनामा निरासा नआओस् भन्ने दृष्टिकोणबाट समय सीमाको आधारमा गरिएको पदोन्नति हो, जसले पदोन्नति भएपछि पनि साविकको पदले गर्नुपर्ने सेवा गर्नुपर्ने ।

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(क) बमोजिमको प्रक्रियाअनुसार छैठौं तहबाट सातौं तहमा बढुवा भएको नभई स्तरवृद्धिसम्म भएको कुरामा विवाद छैन। उक्त स्तरवृद्धिबाट निजले गर्नुपर्ने साविकको कामको प्रकृतिबमोजिम नै हाल स्तरवृद्धि भएको पदअनुसार नै कार्य गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको सन्दर्भमा निवेदकले प्रत्यर्थीलाई सातौं तहको अर्थात् माथिल्लो तहको पदनाम नदिएको कार्यले प्रत्यर्थीको कुनै कानूनी हक हनन् भएको भन्न नमिल्ने ।

स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गतको दफा ८(१) तथा दफा २४ बमोजिम हुने बढुवा र सोही ऐनको दफा ९ बमोजिम हुने स्तरवृद्धि एकै प्रकृतिको नभई बढुवा र स्तरवृद्धिलाई कानूनी व्यवस्थाले फरक-फरक व्यवस्था गरी दुई बढुवाको कामको प्रकृति समेत फरक तोकेको स्थिति हुँदा प्रत्यर्थी रामबाबु शरण जयसवालको छैठौं तहबाट सातौं तहमा स्तरवृद्धि भएको भए पनि निजको कामको जिम्मेवारीमा वृद्धि नगरी साविककै पदनाम दिने पुनरावेदक स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धिसम्बन्धी कार्यबाट यी निवेदक/प्रत्यर्थीको कुनै कानूनी हक हनन् भएको नदेखिने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट निवेदन नं. ०६६-WO-१३२७, परमादेश समेत, *प्रेमनाथ घिमिरे वि. शिक्षा मन्त्रालय समेत*

निवेदक स्वयंले भरी पेश गरेको नोकरी विवरण फाराम (सिटरोल)मा शुरू नियुक्ति मिति २०२७।१२।१५ उल्लेख गरेको देखिएको, निवेदकको मिति २०२३।२।३ को स्थायी नियुक्तिपत्र पेश गर्न नसकेको साथै अविच्छिन्न निरन्तरता समेत भएको नदेखिएको, निवेदकको सेवा अवधि गणना निर्धारण सिफारिश समिति, पाल्पाको मिति २०६३।३।१ को निर्णयले निवेदकको शुरू नियुक्ति मिति २०२७।१२।१५

कायम गरेको र सो निर्णयउपर निवेदकले कुनै चुनौती नगरी बसेको, निवेदकको शुरू सेवा अवधि मिति २०२७।१२।१५ देखि लागू हुने गरी विपक्षी शिक्षक किताबखानाले उपलब्ध गराएको निवृत्तिभरणलाई स्वीकार गरिसकेको र शिक्षा नियमावली, २०५९ को नियम ११४क(१) प्रारम्भ भएको मितिले दुई वर्षभित्र प्रमाणसहित निवेदन गरी सेवा अवधि गणना गराउन सकेको नदेखिँदा निवेदकको सेवाको शुरू मिति २०२७।१२।१५ मानी सो पूर्व मिति २०२३।२।३ देखि मिति २०२७।१२।१४ सम्मको सेवा अवधि गणना गर्न नमिल्ने साथै निवेदकले मिति २०३१।१।१२ देखि मिति २०३३।१०।२६ सम्म अवैतनिक अध्ययन बिदा स्वीकृत गराई अध्ययन नगरी अन्य स्थानमा कार्यरत् रहेको र निवेदकको उल्लिखित बिदा अवधि शिक्षा नियमावली, २०५९ को नियम ११४(घ) को कानूनी व्यवस्थाबमोजिम सेवा अवधि गणना गर्न मिल्ने नदेखिँदा उक्त अवैतनिक अध्ययन बिदाको अवधि समेत सेवा अवधि गणना गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१४३२, निषेधाज्ञा, *बालदेव राउत अहिर समेत वि.वैजनाथ राउत अहिर*

निवेदकलाई मखन राउतको मृत्युपश्चात् निज मखनकी श्रीमती लक्ष्मीनियाले २०४२।११।२४ मा धर्मपुत्र राखेको भन्ने निवेदन साथ पेश भएको पुनरावेदन अदालत हेटौंडाको २०६५ सालको दे.पु.नं. ९३९ को वादी वैजनाथ राउत अहिर प्रतिवादी बलदेव राउत अहिर समेत भएको निर्णय बदर मोही नामसारी मुद्दाबाट देखिन आउँछ। उक्त तथ्यलाई यी पुनरावेदकले प्रस्तुत पुनरावेदन पत्रमा खण्डन गर्न सकेको देखिँदैन । उक्त मुद्दाबाट दावीको जग्गाको मोही हक यी निवेदकका नाउँमा नामसारी भएको देखिन्छ । साविकदेखि मोहीका हैसियतले जग्गा कमाएको भन्ने निवेदन जिकीर रहेको र उक्त जग्गाको मोही समेत कायम भइसकेको अवस्थामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन गरेको भन्ने आधारमा निवेदकले विवादित जग्गा जोत भोग गर्न कमाउन नपाउने भन्न नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०५६५, निषेधाज्ञा, *कृष्णबहादुर बुढाथोकी वि. राजु बुढाथोकी समेत*

निवेदनमा उल्लिखित घर जग्गाका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा निर्णय बदर गरी खिचोला मेटाई हक कायम गरिपाऊँ भन्ने मुद्दा दायर गरेको हुँदा उक्त मुद्दाको किनारा नभएसम्म निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिनुपर्छ भन्ने पुनरावेदन जिकीर रहेको छ, त्यससम्बन्धमा विचार गर्दा जिल्ला अदालतमा मुद्दा दायर गरिएको कारणले मात्र निवेदकको निर्विवाद हक स्थापित भइसकेको मान्न मिल्दैन । उक्त घर जग्गामा निवेदकको हक स्थापित हुने नहुने भन्ने कुराको निरोपण सो मुद्दाको अन्तिम किनारा हुँदाका बखत हुने नै हुँदा हाल नै निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CR-०२२८, सवारी ज्यान अंगभंग, *नेपाल सरकार वि. भोजबहादुर घिमिरे*

प्रस्तुत मुद्दामा वादीले अभियोग माग दावीमा समेत बद्नियतसाथ प्रतिवादीले त्यस्तो कार्य गरेको भन्ने कुराको पुष्टि गरी दावी लिन नसकेको र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम लापरवाही गरी सवारी चलाएको कारणबाट यी प्रत्यर्थी प्रतिवादीलाई सो नं. बमोजिम २ वर्ष कैद सजाय भैसकेको अवस्थामा निजले बद्नियतबाट उक्त दुर्घटना गराएको भन्ने नदेखिने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१)(ख)(२) र (३) बमोजिम सामान्य घाइते भएको १२ जनाको औषधि खर्चबापतको रकम

र अंगभंग भएको देखिएको ५ जना व्यक्तिहरूको हकमा क्षतिपूर्तिबापत् बीमा रकम भराई दिने प्रयोजनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको CI-१३५५, लेनदेन, *रामवृक्ष राय यादव वि. विजयकुमार राय*

प्रतिवादीले वादीलाई रकम बुझाई वादीबाट लिएको भनिएको भरपाई लेनदेन व्यवहारको ५(२) नं. को रीतबमोजिमको रहेको नदेखिएको अवस्थामा उक्त रीतपूर्वक नभएको भरपाईलाई आधार मानी रकम बुझाइसकेको भन्न मिल्ने अवस्था नदेखिनुको साथै त्यस्तो भरपाईले कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था रहँदैन । कानूनबमोजिम यी पुनरावेदक प्रतिवादीले वादीलाई तिर्नु बुझाउनु पर्ने साँवा ब्याजको रकम बुझाइसकेको भन्ने तथ्ययुक्त सबूद प्रमाणको अभावमा यी पुनरावेदक प्रतिवादीले रकम बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने अवस्था नहुँदा वादी दावी बमोजिमको साँवा ब्याज प्रतिवादीले तिर्नु बुझाउनु पर्ने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको CR-०२३९, अदालतको अपहेलना, *विनोद ज्ञवाली समेत वि. खेमप्रसाद गौतम*

पुनरावेदन अदालत बुटवलबाट आदेश भई उक्त आदेशसहितको सूचना विपक्षी गा.वि.स. कार्यालय तथा गा.वि.स. सचिवहरूले प्राप्त गरिसकेपछि अदालतको आदेशलाई तत्काल कार्यान्वयन गराउने सम्बन्धमा कुनै चासो नदेखाई आदेशविपरीत कर असूल गर्ने कार्यलाई निरन्तरता दिइरहेको देखिँदा अदालतको आदेशलाई पालना गरेको भन्ने विपक्षीहरूको भनाई आधारहीन देखियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ मा रहेको व्यवस्थाअनुसार मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्थाविपरीत विपक्षीहरूबाट कामकारवाही भए गरेको देखिँदा उक्त कार्यलाई कानूनअनुसार नै भएको भनी मान्न मिल्ने अवस्था देखिएन । अदालतबाट आदेश भएपश्चात् अदालतको आदेश कार्यान्वयन गर्न कुनै कार्य गरेको भन्ने विपक्षीहरूले भन्न नसकेको र अदालतको आदेशविपरीत कर असूल गर्ने कार्यले निरन्तरता पाइरहेको देखिँदा विपक्षीहरूको कामकारवाहीबाट अदालतको आदेशको अवज्ञा गरेको पुष्टि हुने कामकारवाही विपक्षीहरूबाट भए गरेको देखिँदा निजहरूलाई अदालतको अपहेलनामा जनही रू. ५।- जरीवाना हुने ।

इजलास अधिकृत विष्णु अवस्थी
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०३९१, उत्प्रेषण परमादेश, *सुदर्शन घर्ती वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

नेपाल स्वास्थ्यसेवा नियमावली, २०५५ को नियम ३१ मा सरूवाको आधारको सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । उक्त नियमावलीको नियम ३१(ग) मा अधिकृत तहको कर्मचारीलाई एउटै कार्यालयको एउटै पदमा साधारणतया तीन वर्षभन्दा बढी नराखिने कानूनी व्यवस्था गरिएको देखिन्छ । यी निवदेक छैठौं तहको अधिकृतस्तरको कर्मचारी भएको र निजले केवलपुर उपस्वास्थ्य चौकी, धादिङ्गमा तीन वर्षभन्दा बढी अवधि व्यतीत गरेको देखिन आएकोले अब उप्रान्त कानून बमोजिमको अख्तियारवालाले सरूवा गर्न सक्ने नै देखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-११५९, उत्प्रेषण /परमादेश, *सावित्री शाह (शाही) वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले आफ्नो ढाडको अप्रेशन गरेको र खुट्टा फ्याक्चर भई स्टीलको पाता राखेकोले उकालो-ओरालो स्थानमा हिँडडुल गर्न असमर्थ भएकोले गाडी चल्ने सुगम ठाउँमा सरूवा गरिनुपर्ने भनी रिट निवेदनमा जिकीर लिएको देखिन्छ । निजले स्वास्थ्य मन्त्रालयलाई सम्बोधन गरी सोही व्यहोरा उल्लेख गरी आफ्नो सरूवा घरपायक स्थानमा गरिपाऊँ भनी मिति २०६७।१।१२ मा निवेदन दिएको देखिएको र मिसिल संलग्न मेडिकल बोर्डले गरेको सिफारिशबाट समेत यी निवेदक दुर्गम स्थानमा नभई मोटर बाटो भएको सुगम स्थानमा कामकाज गर्न सक्ने भन्ने देखिएकोले निजलाई सरूवा गर्नुपर्ने अवस्था भएमा मेडिकल बोर्डको सिफारिशलाई समेत मध्यनजर गरी सरूवा गर्ने भनी सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउनु उपयुक्त देखिने ।

इजलास अधिकृत: श्रीप्रकाश उप्रेती

कम्प्युटर: रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको CI-०९२२, क्षतिपूर्ति पाऊँ, *निर्मलकुमार श्रेष्ठ समेत वि. रत्नमान कुसल*

वादीले आफ्नो दायित्व पूरा गरिसकेपछि मात्र प्रतिवादीले आफ्नो दायित्व पूरा नगरेकोमा क्षतिपूर्ति माग गर्नसक्ने ।

वादी प्रतिवादीले दावी गरेको क्षतिपूर्ति पाउने सन्दर्भमा करारपत्रमा बस्ने दुबै पक्षले यो यति यस्तो भएमा यस प्रकारसँग क्षतिपूर्ति पाउने भन्ने कुराको शर्त राखेको देखिँदैन । शर्त नै नभएको विषयमा अर्थात् आफूलाई अहित हुने सन्दर्भमा पहिले नै लिखत करारपत्रमा चनाखो भई शर्तहरू राखी अनि मात्र करार गर्नु पर्नेमा क्षतिपूर्ति सम्बन्धमा क्षति भएको बखत दावी गर्ने कुनै यकीन शर्त नभएको अवस्थामा लिखतको परिधिभन्दा बाहिर गई वादीले क्षतिपूर्ति माग गर्न नसक्ने ।

इजलास अधिकृत विष्णु अवस्थी

कम्प्युटर: मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६५ सालको CI-०९२३, रकम दिलाई भराईपाऊँ, *निर्मलकुमार श्रेष्ठ समेत वि. रत्नमान कुसल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०७४५, २०६५-CR-०१८८, ०६५-RC-००७७, कर्तव्य ज्यान, *प्रकाश अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि.प्रकाश अधिकारी, नेपाल सरकार वि निर्मला मिश्र*

प्रतिवादी प्रकाश अधिकारीले छोरीलाई मार्न निर्मलालाई वचन दिएको भन्ने भनाई प्रतिवादी निर्मलाले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानमा उल्लेख गरेको र सो कुरालाई प्रतिवादी प्रकाश अधिकारीले अदालतमा भएको बयानमा इन्कार गरी बयान गरेको देखिन्छ । प्रतिवादी निर्मलाले आफूसँग सुतेकी छोरीलाई निदाएको अवस्थामा बिछ्यौनामा घाँटी थिचेर मारेको भन्ने तथ्यमा विवाद नदेखिनुका साथै प्रनिशा मिश्रलाई यी प्रतिवादी निर्मला मिश्रले मनसायपूर्वक मारेको शंकारहित तवरबाट प्रमाणित हुन आएकाले निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूरमा सोही नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी प्रकाश अधिकारीको हकमा भने मिसिल संलग्न तथ्य एवं प्रमाणहरूबाट निजको उक्त वारदातमा कुनै संलग्नता नदेखिएको अवस्था हुँदा निजले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत: श्रीप्रकाश उप्रेती

कम्प्युटर: रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CR-०३६७, कर्तव्य ज्यान, *पूर्णबहादुर दुवाल वि. नेपाल सरकार*

जाहेरी दिने जाहेरवाला पुण्यराम दुवाल स्वयंमा उक्त घटना वारदातका प्रत्यक्षदर्शी रहेको नदेखिनुका साथै प्रतिवादीहरूले मृतक र आफूसमेतलाई कुटपीट गरेको भनी मौकामा कागज गर्ने शिवराम दुवालले अदालतमा बकपत्र गर्दा आफूलाई प्रतिवादीहरूले कुटपीट नगरेको भनी मौकाको आफ्नो कागज व्यहोरासँग असंगत हुने गरी

व्यहोरा उल्लेख गरेको स्थिति हुँदा निजको विरोधाभाषयुक्त भनाइमा भर गर्न सकिने अवस्था समेत देखिन आएन । वारदात हुँदाको अवस्थामा ७० वर्ष उमेर पुगेका प्रतिवादी पूर्णबहादुर दुवालको उक्त वारदातमा संलग्नता पुष्टि गर्ने ठोस सबूद प्रमाणको अभाव रहेको यस स्थितिमा वृद्धवयका निज प्रतिवादी आफैं मृतक कृष्ण दुवालसँग कुटपीट धकेला धकेलको कार्यमा संलग्न भए होलान् भनी अनुमान गर्न र सोका आधारमा मृतक कृष्ण दुवालको मृत्युमा यी प्रतिवादीलाई दोषी मानी अभियोग मागदावी बमोजिमको आपराधिक दायित्व स्थापित गर्न नमिल्ने हुँदा प्रतिवादी पूर्णबहादुर दुवालले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २६ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०७५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमप्रसाद तिमल्सेना*

भेष्ट प्रतिवादीको नै भएको भए निजले अपराध गरेपछि आफ्नो सेण्डो भेष्ट मृतकको झोलाभित्र हाल्नुपर्ने कुराको कुनै तार्किक प्रयोजन समेत स्थापित हुन नआउनुका अतिरिक्त सो भेष्ट प्रतिवादीकै हो भन्ने सम्बन्धमा वादी पक्षबाट ठोस र तथ्ययुक्त सबूद प्रमाण पेश हुन सकेको नपाइँदा कर्तव्य ज्यान जस्तो मुद्दामा वस्तुनिष्ठ आधार प्रमाणपबेगर सो भेष्टलाई प्रतिवादीकै हो भनी मानेर सो विवादित भेष्टकै आधारमा मात्र सो वारदात हुँदाका अवस्थामा घटनास्थलमा प्रतिवादीको उपस्थिति थियो भनी अनुमान गर्न नमिल्ने ।

मृतक दण्डपाणि कँडेलको मृत्युको कारण खुल्न महत्वपूर्ण हुने लासको Postmartem Examination कार्य नै हुन नसक्नुका साथै प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी साक्षीको समेत अभाव रहेकोले मृतक दण्डपाणि कँडेललाई प्रतिवादी प्रेम तिमिल्सेनाले नै मारेका हुन् भन्ने कुराको विश्वासयोग्य र ठोस प्रमाण नदेखिएको अवस्थामा शंकाको भरमा मात्र प्रतिवादी प्रेम तिमिल्सेनालाई कर्तव्य ज्यान जस्तो जघन्य फौजदारी अपराधमा आरोपित कसूरको कसूरदार ठहऱ्याउन नमिल्ने हुँदा अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको स.फौ.पु.नं. ०६७-CR-०७७१, भ्रष्टाचार, *कृष्ण महर्जन वि. नेपाल सरकार*

प्रतिवादीले अरनिको माध्यमिक विद्यालय दधिकोट, भक्तपुरबाट दशम कक्षा उत्तीर्ण गरेको भनी पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र समेतको आधारमा खरिदार पदमा बढुवा भएको र उक्त प्रमाणपत्र जारी गर्ने आधिकारिक निकाय अरनिको माध्यमिक विद्यालय दधिकोट, भक्तपुर र जिल्ला शिक्षा कार्यालय, भक्तपुरबाट प्रतिवादीले दशम कक्षा उत्तीर्ण गरेको अभिलेखमा रेकर्ड नभेटिएको भनी प्रमाणीकरण भै आएबाट सो प्रमाणपत्र झूट्टा देखिन आएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको देखिँदा प्रतिवादीलाई ऐ. ऐनको दफा १२ र २९ (२) बमोजिम रू.५००।- (पाँच सय) जरीवाना हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल फागुन १६ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६० सालको फौजदारी पुनरावेदन नं. ३०९४, भ्रष्टाचार, *गीता ज्ञवाली नेपाल वि. नेपाल सरकार*

यस अदालतको आदेशानुसार प्रतिवादीको प्रमाणपत्रको सत्यापनसम्बन्धी विवरणलाई स्पष्ट गरी पठाउन भनी उच्च माध्यमिक शिक्षा परिषद्लाई पत्राचार गरिएकोमा उक्त परिषद्बाट पठाइएको च.नं. १७८, मिति २०६८।१२।१४ को पत्रमा उल्लिखित प्रकरण (घ) मा "निजको '१६०/६०० र FAIL न कि Second Div Pass' भनी उल्लेख भई आएकोले निजले पेश गरेका प्रमाणपत्रहरू सो बोर्डबाट जारी भएका होइनन्" भनी किटानी रूपमा उल्लेख भएको देखिन्छ । यसबाट प्रस्तुत मुद्दामा विवादित प्रमाणपत्र जारी गर्ने बोर्डले

सत्यापन परीक्षण गरी उल्लेख गरेको विवरण तथा सत्यापन गरी ल्याउने संस्था उच्च माध्यमिक शिक्षा परिषद्ले आफ्नो जवाफमा खुलाएको व्यहोरा समेतको आधारमा यी प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरू सो प्रमाणपत्रमा उल्लिखित बोर्ड अफ हाइस्कूल एण्ड इण्टरमिडिएट एजुकेशन यू.पी. बाट जारी भएको नदेखिई झूट्ठा प्रमाणित भएको हुँदा निजलाई रू. २,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १२ गते रोज १ शुभम् ।

२०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-०८२५, निषेधाज्ञा, *सहस्त्र फुड प्रोडक्टस प्रा.लि.को तर्फबाट अ.प्रा. श्यामसुन्दर खेतान वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत*

यसै कर्जाको विषयमा यिनै निवेदकले करारको उल्लंघनबाट भएको क्षतिपूर्तिसम्बन्धी मुद्दा बाँके जिल्ला अदालतमा र विपक्षी राष्ट्रिय वाणिज्य बैंकले पनि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरी हाल ती मुद्दाहरू विचाराधिन रहेको भन्ने पाइएबाट तत्तत् मुद्दाबाट प्रस्तुत विवादको निरोपण हुने नै हुँदा प्रस्तुत मुद्दाबाट विचाराधिन मुद्दालाई हस्तक्षेप हुने गरी आदेश जारी गर्न नमिल्ने हुँदा र लिलाम गरेको समेत नदेखिँदा निवेदकले उठाएको आशंकाको स्थिति हाल विद्यमान रहेको अवस्था समेत नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०३१५, निषेधाज्ञा, *बुफावन महरा चमार वि. उपेन्द्रराम चमार समेत*

निषेधाज्ञा नागरिकको निर्विवाद हकमाथि गैरकानूनी तरिकाबाट हस्तक्षेप भई हक हनन् हुने आशंकामा अदालतद्वारा जारी गरिने आदेश हो। यस्तो आदेशको माग गर्नेले आफ्नो कानूनद्वारा प्रदत्त हकको प्रथम दृष्टिमा नै पुष्टि गर्न सक्नु पर्दछ। त्यसपछि उक्त हकमाथि कुनै निकायले आघात गर्ने आशंका भएको भन्ने कुरा स्पष्ट रूपमा देखाउन सक्नुपर्ने ।

निषेधाज्ञा जारी नभएमा निवेदकको कानूनी हक हनन् हुन गई अपूरणीय क्षति व्यहोर्नु पर्ने स्थिति छ भने मात्र अदालतले यो आदेशमार्फत् हस्तक्षेप गरी निषेधाज्ञा जारी गरी त्यस्तो प्रत्यक्ष हस्तक्षेपलाई रोक्नुपर्ने हुन्छ। तथापि यो आदेशबाट कुनै व्यक्तिको हक सिर्जना गर्ने वा गरिने कार्य हुँदैन। यसले निर्विवाद हकमाथि विपक्षीको विवादित कार्यबाट हुने आशंकित आघातलाई रोक्ने, नोक्सानी हुन नदिने र दावी गरेको विषयवस्तुलाई यथास्थितिमा कायमसम्म गर्दछ । यस्तो आदेशको माग गर्ने यी पुनरावेदक/निवेदकले सम्पत्तिमा आफ्नो निर्विवाद हकभोग भएको कुरा वस्तुनिष्ट प्रमाणिक आधार पुष्टि गर्न सकेको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिँदा निषेधाज्ञाको निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ कात्तिक २४ गते रोज ५ शुभम् ।

२२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०५६९, निषेधाज्ञा, *बच्चेलाल मण्डल खत्वे वि. कन्तलाल खंग खत्वे समेत*

बाबुको मृत्युपश्चात् पक्ष विपक्ष कसको नाममा मोही नामसारी हुने भन्ने जस्तो तेरो मेरो हक बेहकको विवाद नै भूमिसुधार कार्यालयमा विचाराधिन अवस्थामा रहेको देखिन्छ । जग्गा कमाउने मोहीका नामसारीको हक बेहकको विवाद नै टुङ्गो लागी नसकेको अवस्थामा विवादित जग्गाको वास्तविक हकवालाको सम्बन्धमा नै विवादित भई कसको नाममा मोहियानी हक नामसारी हुने भन्ने सम्बन्धमा यकीन भइसकेको भन्ने देखिएन । निषेधाज्ञाको निवेदनबाट कुनै नयाँ हकको उद्घोष गर्ने नभई स्थापित भइरहेको निर्विवाद हकको प्रचलनमा बाधा विरोध भएमा त्यस्तो अनधिकृत कार्यलाई रोक्नेसम्म कार्य गर्ने हुँदा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

२३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०८०२, निषेधाज्ञा समेत, *मोहनप्रसाद भट्टराई वि. कमलप्रसाद भट्टराई*

निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको विवादित रकमका सम्बन्धमा विपक्षीले निवेदकउपर मोरङ्ग जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरी हाल सो मुद्दा विचाराधिन रहेको र सो तथ्य मिसिल संलग्न तारिख पर्चाको प्रतिलिपिबाट समेत पुष्टि भएको छ। यसरी अदालतमा मुद्दा चलिरहेको अवस्थामा निवेदकलाई सोही विषयमा अन्यत्र कागज गराए पनि सो अनाधिकार निकायबाट गराएको कागजको कुनै प्रामाणिकता नहुने हुँदा निवेदकले उल्लेख गरेबमोजिमको कार्य गर्ने गराउने आशंकाको स्थिति विद्यमान रहेको नदेखिँदा निवेदन खारेज भई पुनरावेदन जिकीर नपुग्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

२४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०९२०, निषेधाज्ञा, *विपतराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरिया समेत*

निवेदकले दावी लिएका जग्गाहरूमा निवेदकको हकभोग स्थापित भएको प्रमाण निवेदकले आफ्नो निवेदनपत्रमा उल्लेख गर्न सकेको देखिँदैन । निवेदक मुक्त कमैया रहेकोमा विवाद देखिँदैन । निजको मुक्त कमैयाको परिचय पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको भए तापनि उक्त परिचयपत्रमा निवेदकले उल्लेख गरेका जग्गाहरूको स्वामित्वको सम्बन्धमा उक्त प्रमाणपत्रमा उल्लेख नहुनुका अतिरिक्त दावीका जग्गाको जोत कमोद यी पुनरावेदकले गरेको भन्ने कुनै पनि प्रमाण पुनरावेदकले पेश गर्न सकेको देखिँदैन । मुक्त कमैयालाई नीति नियम बनाई पुनः स्थापना गर्ने कार्य नेपाल सरकारको नीतिगत विषयभित्र पर्ने भएकोले त्यस्तो विषयभित्र प्रवेश गरी अदालतले हस्तक्षेप गर्न मिल्ने समेत देखिँदैन । निषेधाज्ञाको निवेदनबाट भइरहेको हक अधिकारको रक्षासम्म गर्ने हो नयाँ हक अधिकारको सिर्जना गर्ने होइन । यसरी निवेदकबाट दावीका जग्गाहरूमा निजको हक स्थापित भएको कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

२५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गैडे भन्ने सागर बनेम (लिम्बू)*

प्रतिवादीले गरेको साविती बयानलाई घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, मृतकको शवपरीक्षण प्रतिवेदन तथा अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई गरिदिएको बकपत्रबाट समेत समर्थित भइरहेको देखिन्छ। यसबाट यी प्रतिवादी सागर बनेम (लिम्बू) ले जाहेरवालाको १४ वर्षको नाबालक छोरा शम्भु थोप्रालाई पूर्व रिसइवीको कारणले मार्ने मनसाय राखेर मृतक सदरमुकाम गएको भन्ने थाहा पाई सँगसँगै पछि लागी गई घर फर्कने क्रममा प्रतिवादी र मृतक मात्र एकान्त ठाउँमा पुगेपछि पूर्वरिसइवी साँध्ने मनसायले पहिले पछाडिबाट मृतकको टाउकोमा र पछि मृतकको शरीरको यत्रतत्र भागमा प्रहार गरी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शंकारहित तवरले पुष्टि भएको हुँदा यी प्रतिवादी गैडे भन्ने सागर बनेम (लिम्बू) लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. को कसूर अपराधमा सोही नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६९ साल बैशाख १५ गते रोज ६ शुभम् ।

२६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनकुमार लिम्बू*

प्रतिवादीले जानीजानी गरेको गम्भीर कुटपीटको परिणामस्वरूप मृतकको मृत्यु भएको देखिएकोले पुनरावेदक प्रतिवादी धनकुमार लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम

कसूरदार कायम गरी सोही नं बमोजिम जन्मकैद हुने ।

स्थानीय समाज भेला भई छलफल गर्ने क्रममा विवाद बढ्दै गई कुटपीटमा परिणत भएको देखिएको, मृतक र यी प्रतिवादीहरूको बीचमा पूर्व रिसइवी रहेको नदेखिएको, मृतकलाई मर्नबाट सतर्क गराउने प्रयोजनको लागि कुटपीट गर्दा अनपेक्षित परिणाम आएको भन्ने प्रतिवादीको भनाई रहेको तथा मृतकले आत्महत्या गरी मर्छु भन्दा आत्महत्याबाट बचाउन कुटपीट गर्दा फोक्सोमा समेत असर परी मृतक दिलमायाको मृत्यु भएको हो भन्ने भनाइ प्रतिवादीको रहेको देखिएकोले निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आयो । तसर्थ, यी प्रतिवादी धनकुमार लिम्बूलाई १०(दश) वर्ष मात्र कैदको सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १५ गते रोज ६ शुभम् ।

२७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-१३४३, अंश चलन, *तिलकबहादुर खत्री समेत वि. गीता खत्री भनिएकी गीता तिमल्सिना समेत*

जसलाई अर्को विवाह गरेको भनी दोषारोपण गरिन्छ यात त्यो आरोपित पक्षले स्वीकार गरेको हुनुपर्‍यो वा विवाह प्रमाणित गर्ने खम्बिर प्रमाणहरूबाट पुष्टि हुनु पर्‍यो । त्यस्ता प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादीहरूले पुष्टि गर्न सकेको मिसिल प्रमाणबाट देखिँदैन । यस अवस्थामा वादी विधिवत् प्रतिवादी सुमन खत्रीको प्रथम पत्नी भएकी हुँदा प्रतिवादी लोग्नेको अंशबाट अंश छुट्ट्याई लिन पाउने नै देखियो । अर्कोतर्फ दावीको विवादित कि.नं. १९ को जग्गाको वादीले अंश हकमा पाउने कि नपाउने सन्दर्भमा विचार गर्दा सगोलका अंशियार लक्ष्मण खत्रीका नाममा रहेको जग्गा ऐ. जग्गा बकपपत्रबाट आएको देखिए पनि फिराद पर्नु पूर्व नै बकसपत्रबाट आएको सगोलको देखिँदा बण्डा लाग्ने ।

वादीले प्रतिवादी लोग्ने समेतको ५ भागको एक भाग अंशबाट २ भाग अंशको दावी गरेको भए तापनि अ.बं. १३९ नं. बमोजिम बुझिएकी सरस्वती भन्ने शान्ता खत्रीको बयान र प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा प्रतिवादी सुमन खत्रीले शान्ता खत्रीसँग विवाह गरी निजका तर्फबाट छोरा समेत जायजन्म भएको भन्ने अवस्था विद्यमान रहेकोले जम्मा अंशियार ६ जनाबीच बण्डा हुने पनि देखिँदा मूल अंशियारहरू ५ जना भई ५ भागको १ भागमध्येबाट प्रतिवादी सुमन खत्रीको एक भागमध्येबाट ६ भाग लगाई त्यसमध्येबाट २ भाग अंश पाउने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-०४६९, उत्प्रेषण समेत, *देवनाथ यादव वि. कपिलदेव चौधरी समेत*

सेवाग्राहीलाई न्याय पाएको अनुभूति दिलाउने एकमात्र माध्यम फैसला कार्यान्वयन हो । कार्यान्वयन फैसलाको अन्तिम परिणती हो । तसर्थ विधिकर्ताले फैसला कार्यान्वयनलाई मुद्दा वा उपमुद्दा सरह हेरिनबाट जोगाउन नै दण्ड सजायको ६१ नं. को प्रवन्ध गरेको हो । लामो समय मुद्दा गरेर कसैले कुनै कुरा अदालतको अन्तिम फैसलाबाट प्राप्त गरेको हुन्छ । सो फैसला कार्यान्वयन गर्ने रीत कानूनद्वारा निर्धारित छन् । तसर्थ फैसला कार्यान्वयनका तामेली निर्णय समेतका कामकारवाहीलाई मुद्दाको रूपमा नभई केवल रीत वा बेरीतको कसीमा मात्र दण्ड सजायको ६१ नं. र अ.बं. १७ अनुरूप हेरिने ।

फैसला कार्यान्वयन गर्ने भन्दैमा कानूनद्वारा निर्धारित रीत र प्रक्रिया प्रतिकूल गर्नुपर्छ भन्ने होइन । यसो भयो भने जिल्ला अदालतले दण्ड सजायको ६१ नं. अन्तर्गत अवश्य हेर्दछ र जिल्ला अदालतको आदेशको परीक्षण सुधारात्मक क्षेत्राधिकारका रूपमा अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालतले गर्दछ । कुन कुरा भने बेग्लै हो भने फैसला कार्यान्वयनका क्रममा दिइने चुनौतीका हकमा रौंचिरा तर्कलाई कुनै स्थान हुँदैन

र कुतै फैसला कार्यान्वयनमा व्यवधान खडा गर्न खोजिएको त छैन भन्ने कुरा अवश्य हेरिन्छ। फैसला कार्यान्वयन सम्पन्न भएको अवस्थामा यसलाई सकारात्मक रूपमा हेरिनु पर्दछ । तर यसो भन्दैमा सोलाई चुनौती दिने पक्षले उठाएका बेरीतका प्रश्नमा आँखा चिम्लिनु पर्दछ भन्ने होइन । अदालतका आँखामा सबै सेवाग्राही समान हुन्छन् चाहे तिनको चित्रण पीडितका रूपमा भएको होस्, चाहे पीडकका रूपमा ।

फैसला कार्यान्वयनको सन्दर्भमा गरिने तामेलीको आदेश वा निर्णय मुद्दामा गरिने फैसला वा निर्णय सरह होइन । मुद्दाका निर्णयलाई अ.बं. १७ नं. ले बदर गर्न सक्तैनन्। तर, फैसला कार्यान्वयनको कामकारवाही स्वरूप गर्ने तामेलीको निर्णय न्यायिक कार्य नभई एक किसिमको प्रशासकीय कार्य हो । यस कार्यमा प्रक्रिया वा रीत नपुगेको प्रश्न मात्र सान्दर्भिक हुन्छ । सरोकारवालाले खोज्ने उपचारका विधिसम्मत् मार्ग दण्ड सजायका ६१ नं. र सोपश्चात् अ.बं. १७ नं. नै हुने।

फैसला कार्यान्वयनका सन्दर्भमा उठ्ने प्रश्नहरूको शीघ्र र सरल तरिकाले समाधान होस् भन्ने विधिकर्ताको मनसाय रहेको कुरा सहजै ठम्याउन सकिन्छ । दण्ड सजायको ६१ नं.ले नै अ.बं. १७ को उपचार औंल्याई यसलाई पनि दुई महिनाभित्र किनारा गर्नुपर्ने मार्गनिर्देशन गरेबाट पनि फैसला कार्यान्वयन तदारूखताको अपेक्षा विधिकर्ताले राखेको छ भन्ने अर्थमा ग्रहण गर्नुपर्ने ।

केवल सम्बन्धित फैसला र अन्य कानूनको प्रतिकूल फैसला कार्यान्वयन भएको खण्डमा लिलाम बदरमा प्रचलित कानूनबमोजिम कारवाही चलनु बेग्लै कुरा हो । डाँक वा लिलाम बदर मुद्दामा दण्डसजायको ६१ नं. अन्तर्गतको निवेदनमा उठाइएका वा उठ्ने कार्यविधिगत रीत वा बेरीतका प्रश्नमा प्रवेश गर्न मिल्दैन । फैसला कार्यान्वयन गर्दा अपनाउनु पर्ने जिल्ला अदालत नियमावली समेतका कानूनमा व्यवस्थित कार्यविधिगत प्रश्न दण्ड सजायको ६१ नं. र तदोपरान्त अ.बं. १७ नं. अन्तर्गत हेरिने र बोलिने विषय हुन् भने भएको फैसलाकै प्रतिकूल वा प्रचलित सारवान कानूनको विपरीत फैसला कार्यान्वयनका क्रममा डाँक लिलाम समेत भएको भनी चुनौति दिएकोमा डाँक वा लिलाम बदर मुद्दाबाट हेरिने र बोलिने विषय हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०६६-WO-०७१७, उत्प्रेषण, *नारायणप्रसाद नेम्वाङ्ग वि. पुनरावेदन अदालत, इलाम समेत*

अदालतबाट अन्तिम फैसला भैसकेपछि सम्बन्धित पक्षले कानूनले निर्धारित गरेको हदम्याद र कार्यविधिलाई अंगीकार गरी दरखास्त दिएको अवस्थामा त्यसबाट फैसला कार्यान्वयनतर्फ आवश्यक कामकारवाही अगाडि बढाउनु पर्ने ।

अ.बं. ८५ नं. फैसला कार्यान्वयनका दरखास्तका हकमा आकर्षित हुन सक्ने देखिँदैन । कारण यो कानून फैसला हुने प्रकृतिका मुद्दाका हकमा मात्र लागू हुन्छ । अदालतबाट बिगो भरिभराउ हुने ठहरी भएका अन्तिम फैसलाको कार्यान्वयनमा अवरूद्धता उत्पन्न गर्न कानूनद्वारा प्रष्ट शब्दमा बन्देज लगाइएको अवस्था विद्यमान हुनुपर्ने ।

फैसला कार्यान्वयनको विषयलाई अन्य फिराद सरह हेर्ने अवस्था रहँदैन । अ.बं. ७२ नं. फिराद दावीलाई समेट्ने कानून हो । अ.बं. ८५ नं. पनि मुद्दाका हकमा लागू हुन्छ । फैसला कार्यान्वयन न्यायिकभन्दा पनि प्रशासनिक कार्य हो । अदालतले पनि चार अलग फैसला कार्यान्वयनका लागि एउटै दरखास्त लिन नमिल्ने भनी आरम्भमै भन्नु पर्दथ्यो । अदालतमा पनि केही दायित्व हुन्छन् । दर्ता गर्न नमिल्ने भए अ.बं. २७ नं. बमोजिम दरपीठ गरिदिनु पर्ने कानूनी दायित्व अकारण राखिएको होइन र, अड्डाको गल्तीले पक्षको हक नजाने सिद्धान्त अनजानमा प्रतिपादन भएको होइन । उही वादी, उही प्रतिवादी, उही प्रकृतिका, उही दिन फैसला भएका, उही प्रकृतिका चार अलग-अलग फैसला कार्यान्वयनका लागि शुरूमा एउटै दरखास्त दर्ता गरे पनि भूल महसूस गरी पहिलो फैसलाका हकमा सोही दरखास्त कायम गरी बाँकी तीन फैसलाका हकमा अन्य दरखास्त लिनु र ती

पछिका दरखास्त समेत दण्ड सजायको ४२ नं. ले तोकिदिएको अवधिभित्रै दायर हुनु प्रचलित कुनै पनि कानूनप्रतिकूल हुँदैन । भूल त्रुटि सच्याइएकोमा कसैको हक गयो भन्न मिल्दैन । हकको सिर्जना वा समाप्ति केवल कानूनबाट मात्र हुन्छ । प्रस्तुत रिट निवेदनमा चारवटा मुद्दाको बिगो भरिभराउका लागि एउटै दरखास्त दिइसकेपछि पुनः तहसीलदारको आदेशबाट अलग-अलग दरखास्त लिई बिगो भरिभराउको कारवाही अगाडि बढाएको कारणबाट फैसला कार्यान्वयनको सम्पूर्ण कामकारवाही कानूनविपरीत हो भन्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०६७-WO-१२५५, उत्प्रेषण समेत, *शकुन्तलादेवी यादव वि. शंकर यादव समेत*

कतिपय जग्गा क्षेत्रफलका हिसाबले विभाजनयोग्य हुँदैनन् भने कतिपय जग्गाको भूबनोट तथा निकासको स्थितिबाट खण्डित गर्नै नमिल्ने हुन्छ । प्रत्येक कित्ताबाट विभाजन नहुँदा नरम करम मिल्दैन भन्ने धारणा नरम करमको आधारभूत मान्यता नहुने ।

अठार धुर दुई चिरा गरी नौ/नौ धुर विभाजन गर्दा त्यो घडेरीमा घर बन्न सक्छ, सक्दैन र बनेमा समेत कस्तो घर बन्नेछ तथा ती दुई घडेरीको निकास बाटोको दुबै पक्षलाई पर्ने असुविधाका सम्बन्धमा सोच्दासम्म नसोची न्यायिक मन प्रयोग नगरी यान्त्रिक रूपमा प्रत्येक कित्ता चिर्नै पर्छ अन्यथा नरम करम मिल्दैन भन्ने मान्यता कानूनसंगत् नहुने ।

सम्बन्धित सम्पत्तिलाई अवलोकन गरी मुद्दाका पक्षहरू सबैलाई सुविधा होस् र सम्पत्ति विभाजन न्यायोचित होस् भन्ने नै नरम करमको मुल अभिप्राय हो । नरम करम मिलाउँदा कुनै कित्ता ससीम नै एउटा पक्षलाई र अर्को कित्ता अर्को पक्षलाई पर्नु र जग्गाको अवस्थाअनुसार एउटा कित्तामा एक पक्षलाई केही क्षेत्रफल बढी पर्नु र अर्को पक्षलाई पहिलो कित्ताबाट घटी परेको खण्ड अर्को कित्ताबाट सोधभर्ना हुन सक्ने सूचना पाई सो समयमा अनुपस्थित रहने तर पछिबाट रौंचिरा खोट देखाई भएको बण्डा मुचुल्का बदर गरिपाउन माग गरी फैसला कार्यान्वयनमा व्यवधान खडा गर्न सकियोस् भन्ने दण्ड सजायको ६१ नं. र अ.बं. १७ नं समेतको मनसाय होइन । म्याद सूचना बुझी अनुपस्थित हुनु भनेको अधिकार स्वेच्छाले परित्याग गर्नु हुने ।

फैसला कार्यान्वयन न्यायको सर्वोपरि सोपान हो । फैसला कार्यान्वयन नभई न्यायको अनुभूति कसैले गर्न सक्तैन । तसर्थ, गम्भीरतम् कानूनी त्रुटि नदेखिएसम्म त्यसलाई बदर गर्न अदालत तम्सिन नहुने ।

अदालतबाट भएको फैसला कार्यान्वयनमा कुनै पक्ष प्रवेश गरिसकेपछि अड्डाले त्यसपछि अपनाउनु पर्ने कानूनी प्रक्रिया पूरा गरी सम्पूर्ण कार्य सम्पन्न भैसकेपछिको अवस्थामा कुनै पक्षले त्यस्ता कामकारवाहीप्रति नै चुनौती दिने र त्यसलाई अदालतबाट गम्भीरतम् कानूनी त्रुटि नदेखिए पनि बदर गर्दै जाने हो भने त्यसबाट अदालतप्रतिको आस्था र विश्वासमा आघात पर्न जाने हुन्छ । यति मात्र होइन फैसला कार्यान्वयन नहुँदा न्याय प्रणालीमा नै प्रश्न खडा हुन जान्छ । प्रत्येक कार्यमा कुनै न कुनै खोट देखाउन सकिन्छ । तर, गरिएको फैसला कार्यान्वयनको न्यायोचित् विकल्प के हुन सक्दथ्यो भन्ने नखुलाई प्रक्रिया पुगेन मैले थाहा पाइन भन्ने जस्ता आधारमा फैसला कार्यान्वयनको सम्पन्न कार्य बदर गर्न नहुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको WO-०९१८, उत्प्रेषण समेत, *दुर्गाप्रसाद पन्थी समेत वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

समान व्यक्तिहरूबीच समान कानूनले प्रत्याभूत गरेको कानूनी वा संवैधानिक हकको प्रयोगमा विभेद भएमा मात्र समानताको हकको प्रश्न उठ्न सक्दछ । तर, प्रस्तुत सन्दर्भमा त्यस्तो स्थिति देखिएन । निवेदकहरूले आफैंले सहमति जनाई अध्ययन गर्न गई अध्ययन समेत गरिरहेकोमा पछि मात्र हाल

आएर आफैंले गरेको कबूलियतनामालाई समेत गैरकानूनी भनी लिएको दावी सन्दर्भमा विचार गर्दा एकपटक आफैंले स्वीकार गरेको शर्तलाई पछि गैरकानूनी वा विभेदकारी भन्न पाउने स्थिति आउँदैन । यस्ता कुरालाई विवन्धनको सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा ३४(१) ले समेत निवेदकहरूलाई विवन्धित तुल्याउँछ । जहाँसम्म निवेदकहरूले करारको प्रश्न उठाएको छ । त्यस सन्दर्भमा हेर्दा निवेदकहरूको करारसम्बन्धमा विवाद उत्पन्न भई कुनै असर परेको रहेछ भने प्रचलित नेपाल कानूनअन्तर्गत करारको शर्त पूरा गराई पाऊँ भनी वैकल्पिक कानूनी उपचार उपलब्ध रहेको हुँदा करारीय प्रश्नमा संवैधानिक उपचार उपलब्ध हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CR-०५५७, ज्यान मार्ने उद्योग र जवर्जस्ती चोरी, *नेपाल सरकार वि. रामचन्द्र के.सी. समेत*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. ले कसैले कुनै व्यक्तिलाई ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरिसकेको हुनुपर्ने हुन्छ । अर्थात् कार्य (Actus reus) र मनसाय (Mens rea) तत्वको विद्यमानताका साथसाथै तेस्रो तत्वको हस्तक्षेप तत्व पनि अनिवार्य तत्व रहनु पर्ने देखिन्छ । यसले गर्दा पीडित व्यक्तिलाई ज्यानै मार्ने मनसायले गर्नेसम्मको काम गरिसकेको अवस्थामा पनि सो तेस्रो तत्वको उपस्थिति वा विद्यमानता वा हस्तक्षेपका कारणले पीडित व्यक्तिको ज्यान मर्न पाएको रहेनछ भने ज्यान मार्ने उद्योगको कसूर कायम हुने देखिन्छ । त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनसक्ने गरी दण्डको व्यवस्थाको परिदृष्यमा हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादी र पीडितका बीच पूर्व रिसइवी रहेको छैन भने घाइते उदयबहादुर कार्कीको घाउ जाँचबाट ज्यान मर्नेसम्मको घाउ खत परे भएको पनि देखिँदैन । यस अतिरिक्त जसको कारणले ज्यान मर्न नपाएको भन्ने अर्थात् तेस्रो तत्त्वको उपस्थितिका सम्बन्धमा घाउ जाँचको लागि दिइएको निवेदन, जाहेरी दरखास्त र घाइते उदयबहादुरको भनाइमा तादम्यता भएको पाइदैन । घाइते उदय कार्कीको ज्यान लिनुपर्ने पूर्व रीसइवी नभएको, मार्नुपर्नेसम्मको काम भएको पनि नदेखिएको र तेस्रो तत्त्वको क्रियात्मक रूपले उपस्थिति समेत विद्यमानता नहुँदा प्रस्तुत मुद्दामा निज प्रतिवादीहरूउपर ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कसूर कायम गर्न नमिल्ने ।

प्रतिवादीहरूले चोरी गरी लगेको भनिएको दावीको एकलाख रूपैयाँ जाहेरवाला र पीडितसँग कहाँ कसरी प्राप्त भई राखिएको हो भन्ने कुरा कहीं कतैबाट खुल्न नआएको र सो रकम प्रतिवादीहरूबाट बरामद हुन सकेको समेत नपाइँदा आधारभूत प्रमाण र दशीको अभाव रहेको स्थितिमा प्रतिवादीहरूउपर जवर्जस्ती चोरीको वारदात र कसूर कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. निवेदन नं. ०६८-WO-००१०, उत्प्रेषणयुक्त परमादेश, *नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघ समेत वि. स्थानीय विकास मन्त्रालय समेत*

निवेदन मागबमोजिम अन्य मुलुक वा नेपालकै अन्य जिल्लामा उत्पादन भएका कृषिजन्य फलफूल तथा तरकारी आफ्नो जिल्लाबाट पारवहन सुविधा प्रयोग गरी ढुवानी गर्दा वा अर्को जिल्लामा लैजाँदा कृषिजन्य वस्तुको कर नलिनु भनी विपक्षी जिल्ला विकास समितिको कार्यदलको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल जेठ १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट निवेदन नं. ०६८-WO-०३६६, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रबहादुर शाही वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदक चन्द्रबहादुर शाहीलाई नेपाल सरकारको मिति २०६८।०२।१८ को निर्णयले जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेडको महाप्रवन्धकको पदमा बढीमा २(दुई) वर्षको लागि नियुक्ति गरेकोमा २(दुई) वर्ष नपुग्दै नेपाल सरकारको मिति २०६८।०६।३० को निर्णयले निजलाई सो पदबाट पदमुक्त गरेको देखिन्छ । यसरी तोकिएको पदावधि अगावै पदमुक्त गर्नुपर्ने कुनै आरोप तथा प्रतिवादको मौका दिएको भन्ने नदेखिएको साथै प्रत्यर्थीको तर्फबाट लिखित जवाफ र वहसमा समेत त्यस्तो लगाइएको आरोप र प्रतिवादको मौका दिएको जिकीर लिएको देखिएन। यस्तो अवस्थामा तोकिएको अवधिभन्दा अगावै बिना आरोप तथा प्रतिवादको मौका समेत नदिई महाप्रवन्धकको पदबाट मुक्त गर्ने गरेको नेपाल सरकारको मिति २०६८।०६।३० को निर्णय माथि उल्लिखित वृहत पूर्ण इजलासको आदेशानुसार समेतबाट स्वेच्छाचारी मान्नुपर्ने देखिँदा रिट निवेदन मागबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।०६।३० को निर्णय र सो निर्णयअनुसार महाप्रवन्धकको पदबाट यी रिट निवेदकलाई पदमुक्त गर्ने गरेको वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६८।०७।०२ को पत्र उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल जेठ १४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. निवेदन नं. ०६६-WO-०६२६, उत्प्रेषण, *वातावरण तथा मानव संशाधन विकास समाज नेपाल, डोटी वि. जिल्ला प्रशासन कार्यालय, डोटी समेत*

संस्था दर्ता ऐन, २०३४ बमोजिम स्थापित संगठित संस्थाले नियुक्त गरेको कर्मचारीलाई सो संस्थाले अवकाश दिने सम्बन्धमा गरेको निर्णय तथा कामकारवाहीबाट उत्पन्न विवाद हेर्ने अधिकारक्षेत्र स्थानीय अधिकारी अर्थात् प्रमुख जिल्ला अधिकारीलाई रहे भएको विपक्षीहरूले प्रष्ट खुलाउन र देखाउन समेत सकेको देखिँदैन। विपक्षीको लिखित जवाफमा प्रमुख जिल्ला अधिकारीको निर्णय स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार प्रयोग गरी भएको हो भन्नेसम्म उल्लेख भएको देखिन्छ । तर सो ऐनले समेत त्यस्तो विवादको सुनुवाइ गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई तोकेको देखिँदैन । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ८(६) बमोजिम प्रमुख जिल्ला अधिकारीले कुन ऐन कानूनको क्षेत्राधिकार प्रयोग गरी विवादको कारवाही र किनारा गरेको हो सो समेत खुलाउनु पर्ने कानूनी व्यवस्था गरेको छ । तर प्रमुख जिल्ला अधिकारीले मिति २०६६।०८।२९ मा गरेको निर्णयमा समेत कुन ऐन कानूनको क्षेत्राधिकार प्रयोग गरी विवादको कारवाही र किनारा गरेको हो सो समेत खुलाएको देखिँदैन । विवाद हेर्ने क्षेत्राधिकार कानूनतः स्पष्ट तोकिएको अवस्थामा मात्र त्यस्तो निकायले ग्रहण गर्ने हो र त्यस्तो साधिकार निकायबाट भएका आधिकारिक निर्णयले मात्र कानूनी मान्यता पाउने हो । अतः संस्था दर्ता ऐन, २०३४ बमोजिम गठित संगठित संस्थाले आफ्नो संस्थाको कर्मचारीको नियुक्ति बदर गर्ने निर्णयउपरको विवाद हेर्ने वा उजूरी सुनी निर्णय गर्ने विशेष क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई रहे भएको नदेखिने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ जेठ १४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट निवेदन नं. ०६७-WO-०७२८, उत्प्रेषणयुक्त परमादेश, *रोजनाथ पाण्डे वि. कर्मचारी प्रशिक्षण प्रतिष्ठान, ललितपुर समेत*

कर्मचारी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकको छनौटसम्बन्धी सक्कल फायलबाट हेर्दा उल्लिखित गठन आदेश, नियमावली र निर्देशिका बमोजिम मिति २०६७।०९।१३ मा कर्मचारी प्रशिक्षण प्रतिष्ठानले कार्यकारी निर्देशकको पदपूर्तिको सूचना प्रकाशित गरी विज्ञहरू सम्मिलित मूल्याङ्कन समिति गठन गरेको समेत देखिन्छ । सो मूल्याङ्कन समितिले प्रदान गरेको प्राप्ताङ्क तालिका अवलोकन गर्दा रिट

निवेदक र अन्य सहभागी उम्मेद्वारहरूले भन्दा विपक्षी बालचन्द्र मिश्रले सबैभन्दा बढी ९८.६ अङ्क प्राप्त गरेको र विपक्षीले केवल ७३ अङ्क प्राप्त गरेको देखिन्छ। यसरी मुख्य उम्मेद्वारमा सिफारिश गरेका बालचन्द्र मिश्रले र वैकल्पिक उम्मेद्वारमा सिफारिश यी रिट निवेदकले प्राप्त गरेको अङ्कमा २५.६ अङ्कको अन्तर रहेको पाइयो। त्यस्तै छनौट समितिको सिफारिश तथा कामकारवाही कर्मचारी प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६६ कर्मचारी प्रशिक्षण प्रतिष्ठान (कर्मचारी प्रशासन) नियमावली, २०६७ र कर्मचारी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकको छनौट प्रणालीसम्बन्धी निर्देशिका, २०६७ बमोजिम नै भए गरेको देखिएकोले सो मा कुनै त्रुटि देखिन आएन। छनौट समितिले छनौट प्रक्रियामा उम्मेद्वारहरूको मूल्याङ्कन गर्ने कार्य स्वयंमा विशेषज्ञगत कुरा भएको र सम्बन्धित विषयको विज्ञहरूले गरेको मूल्याङ्कनको औचित्यता र गुणस्तरको परीक्षण यस अदालतबाट हुन नसक्ने तथा विज्ञहरू रहेको छनौट समितिले गरेको निर्णय निजहरूको अनुभव र सद्विवेकमा आधारित हुने हुँदा यस अदालतले त्यस्तो विशेषज्ञतामा आधारित विषयमा प्रवेश गर्न नमिल्ने।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ जेठ १४ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएको छन्:

- रिट निवेदन नं. ०६७-WO-०७३३, उत्प्रेषणयुक्त परमादेश, *पवनकुमार लाल वि. कर्मचारी प्रशिक्षण प्रतिष्ठान, ललितपुर समेत*
- रिट निवेदन नं. ०६७-WO-०७६१, उत्प्रेषण, परमादेश, अधिकारपृच्छा, *शालिकराम भुसाल वि. कर्मचारी प्रशिक्षण प्रतिष्ठान, ललितपुर समेत*

५

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्रीभरतबहादुर कार्की,** २०६५ सालको CI-०३८०, खान लाउन र शिक्षा समेतको खर्च दिलाई पाऊँ, *खड्गकुमार श्रेष्ठ वि. बिन्दुकुमारी श्रेष्ठ समेत*

प्रस्तुत मुद्दामा यी प्रतिवादी खड्गकुमार श्रेष्ठले वादीहरूको स्वास्थ्य एवं शिक्षा दीक्षामा विशेष ध्यान पुऱ्याउने पर्ने र यिनले आफूलाई तोकिएको सामाजिक दायित्वका साथसाथै कानूनी बाध्यताहरू पनि पूरा गर्नुपर्ने।

विपक्षीहरू सम्पूर्ण मेरै साथमा छन्, विपक्षीहरूलाई मैले खान लाउन दिनेलगायतका शिक्षा, दीक्षा, औषधि उपचार जस्ता सम्पूर्ण कार्यहरू गरी आएको छु भन्ने प्रतिवादीको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा वादी दावीअनुसार वादीहरूलाई प्रतिवादीबाट माना चामल भराई दिनुपर्ने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल बैशाख २१ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको CI-०२९९, परमादेश, *भीमबहादुर मादेन वि. मालपोत कार्यालय, तेह्रथुम र सो कार्यालयका प्रमुख*

अधिकृत वारेसनामा कायम रहने अवधि किटान नगरी दिएको अवस्थामा दिनेले बदर नगराए वा मुद्दा परी बदर नभएसम्म त्यस्तो अधिकृत वारेसनामा दिएको अवस्थामा स्वतः निष्क्रिय नहुने।

विलम्बको सिद्धान्त निवेदकलाई अन्याय परेको कुराको विरोधमा कहिले उजूर गर्छ र औचित्यपूर्ण समयावधिभित्र परेको छ, छैन भन्ने कुरा हो। मिति २०६६।९।२० पूर्व निवेदकको प्रतिकूल कुनै कामकारवाही नै नभएको अवस्थामा केवल अधिकृत वारेसनामा पुरानो भयो भनी बिलम्ब भयो भन्न मिल्ने अवस्था हुँदैन। दरपीठबाट निवेदकलाई मार्का पऱ्यो भनी दरपीठ आदेश विरूद्ध दरपीठ भएको भोलिपल्ट नै निवेदकले रिट निवेदन लिई अदालत प्रवेश गरेको देखिँदा यहाँ विलम्बको सिद्धान्त आकृष्ट हुने अवस्था नहुने।

कसैलाई कसैको कामबाट मार्का पऱ्यो वा हक अधिकारमा आघात भयो भने त्यस्तो मार्का परेको समयबाट सहज अनुमान गर्न सकिने अवधि वा कत्तिको विलम्ब हुनसक्छ भन्ने अवधि भन्दा पनि अत्यधिक

बिलम्ब गरेको अवस्थामा आफ्नो अधिकारप्रति सजग नहुने सुतेर बस्ने विरूद्ध यो सिद्धान्त आकृष्ट हुने हो । जसले गर्दा प्रस्तुत विवादित अधिकृत वारेसनामा लिखतमा समयावधि किटान भएको नहुँदा त्यसलाई बिलम्बको सिद्धान्तसँग जोडेर हेरिनु नपर्ने ।

इजलास अधिकृतः बशन्तजङ्ग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल असोज ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.न. ०३७४, लेनदेन, *फेकु लोहार वि. बबुनी लोहार समेत*

रेखा प्रष्ट नभएको कागजमा लागेको ल्याप्चे सहिछापले कानूनी मान्यता प्राप्त गर्न सक्ने हुँदैन । विवादास्पद मिति २०५३।११।२० को तमसुकमा लागेको ऋणीको ल्याप्चे सहिछापहरूमा रेखाका गुणहरू नै स्पष्ट नभएको स्थितिमा उक्त छापहरू मरिसकेको पानमतीकै हुन् भन्न सक्ने स्थिति भएन । कुनै व्यहोराले ल्याप्चे सहिछाप प्रष्ट नभएको भए कानूनमा व्यवस्था भएबमोजिम खुलाई लिखत सहिछाप गर्नुपर्नेमा सोबमोजिम भएको भनी वादीले खुलाउन सकेको भएको अवस्था समेत देखिएन । ल्याप्चे सहिछाप शंख चक्र आकृतिमा जातहरू मिल्नु मात्र पर्याप्त मानिदैन । त्यस्ता आकृति र जातहरू धेरै प्रतिशत व्यक्तिहरूमा मिल्न आउने अवस्था हुने हुँदा ल्याप्चे सहिछापका रेखाहरूको पुष्टि नभएसम्म त्यस्तो ल्याप्चे लिखतको प्रामाणिक महत्त्व रहदैन । ऐनले निर्दिष्ट गरेको कुरामा सो प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । त्यसो नभएमा लिखत पक्का हुन नसक्ने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६९ साल बैशाख २१ गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०४०६, ०६२७, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि. नेपाल सरकार*

सवारी साधनको फाइल पेश गर्दा आवश्यक कागजपत्रहरू दुरूस्त छन्, छैनन् र आवश्यक कानूनी प्रक्रिया पूरा भएको छ, छैन भनी हेरी जाँची निर्णयाधिकारीसमक्ष पेश गर्नुपर्ने कानूनी कर्तव्य र दायित्व सम्बन्धित कार्यको जिम्मा लिएको कर्मचारीमाथि रहन्छ बा.अ.स. ६७ को ३ पाङ्ग्रे सवारी साधनलाई जीप कारको स्पेसिफिकेशनमा परिवर्तन गरी बा.२ च ६६०६ को सवारी साधनको ब्लु बुक तथा सवारी दर्ता प्रमाणपत्र बनाई कानूनद्वारा निर्दिष्ट कानूनी कर्तव्य र दायित्वको दुरूपयोग गरिएको तथ्य पुष्टि हुन आएको छ । बा.अ.स.७१ को ३ पांग्रे सवारी साधनलाई जीप कारको स्पेशिफिकेशनमा परिवर्तन गरी बा. २ च ३१९८ को सवारी साधन यिनै प्रतिवादीमध्येका ऋषिराम खरेलको नाममा दर्ता गरेको देखिएको र पटक-पटक विभिन्न सवारी साधनको स्पेशिफिकेशन परिवर्तन गरी विभिन्न सवारी साधन दर्ता गर्ने कार्यमा समेत निजको प्रत्यक्ष संलग्नता देखिएको हुँदा निजले सवारी साधनको स्पेशिफिकेशन परिवर्तन गरी दर्ता गर्ने कार्यमा निजको बद्नियत हुँदा निज हरिशरण फुँयालले आरोपित कसूरबाट उन्मिुक्ति पाउन सक्ने अवस्था नदेखिने ।

कार्यालयका कर्मचारीको मिलेमतोमा ऋषिराम खरेलले बा.अ.स ६७ को ३ पाँग्रे सवारी साधनलाई जीप कारको स्पेशिफिकेशनमा परिवर्तन गर्न लगाई आफ्नो नाममा दर्ता गर्नुपर्ने कार्यमा ऋषिराम खरेलको प्रत्यक्ष संलग्नता भएकोमा दयाराम खरेलले आफ्नो नाममा दर्ता नगरी मेरो नाममा दर्ता गरेको भन्ने निजको भनाइ सत्यतामा आधारित नरहेको र निजको भनाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको छैन । दावी पुष्टि हुने खालको तथ्य र सो तथ्य पुष्टि हुने सम्बद्ध प्रमाणको अभाव रहेको हुँदा दुषित रूपमा सवारी साधन दर्ता गर्न मिलेमतो गरी भ्रष्टाचारको कसूर गरेको भन्न मिल्ने अवस्था नहुँदा प्रतिवादी दयाराम यादवले आरोपित कसूरबाट सफाइ पाउने ।

बिगोबमोजिम सजाय गर्नुपर्नेमा कम सजाय गरेको नमिलेको भनी वादी नेपाल सरकारबाट दायर भएको यस्तै प्रकृतिको २०६७-CF-००११, ००१२, ००१३ को गैरकानूनी सवारी साधन दर्ता भ्रष्टाचार मुद्दामा प्रतिवादीहरूलाई भ्रष्टाचाार निवारण ऐन, २०१७ को

दफा ७(१) र २९(२) बमोजिम रू. ५०००।- मात्र जरीवाना हुने । (*नेकाप* २०६८, नि.नं. ८६९३ पृष्ठ १६३४) भनी सिद्धान्त प्रतिपादन भएको छ । उक्त सिद्धान्त प्रतिपादन भएको मुद्दाको विषयवस्तु यस मुद्दाको विषयवस्तु समेत एउटै प्रकृतिको भई उक्त सिद्धान्त यस मुद्दामा आकर्षित हुने नै हुँदा प्रतिवादीहरू अब्दुल रइस खाँ, हरिशरण फुँयाल र ऋषिराम खरेललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(२) बमोजिम रू. ५०००।- जरीवाना हुने ।

इजलास अधिकृत: रिन्जा डंगोल

कम्प्युटर: शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल फागुन २१ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६४-CR-०४००, ०६९१, ०७६२,भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि. नेपाल सरकार, राजेन्द्रकेमार रिजाल वि. नेपाल सरकार*
- ०६४-CR-०४०१,०६३०, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि. नेपाल सरकार*
- ०६४-CR-०४०२, ०६९२, ०७६०, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि. नेपाल सरकार, राजेन्द्रकुमार रिजाल वि. नेपाल सरकार*
- ०६४-CR-०४०४, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत*
- ०६४-CR-०४०७, ०६२८, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि नेपाल सरकार*
- ०६४-CR-०४०५, ०६२९, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत, हरिशरण फुँयाल वि नेपाल सरकार*
- ०६४-CR-०४०८, भ्रष्टाचार, *नेपाल सरकार वि. अब्दुल रईस खाँ समेत*
- ०६४-CR-०६३१, ०७६१, भ्रष्टाचार, *हरिशरण फुँयाल वि नेपाल सरकार, राजेन्द्रकुमार रिजाल वि. नेपाल सरकार*

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** रिट नं. ०६८-WO-१२४७, उत्प्रेषण समेत, *दस्तूर सिँह बस्नेत वि. पशुपतिक्षेत्र विकास कोष समेत*

पशुपतिनाथको मन्दिर परिसरभित्र मूल ढोकाभन्दा दाहिनेतर्फ रहेको भवनमा शौचालयको निर्माण गर्न लागेको निवेदनमा उल्लेख भएको देखिनाले पशुपतिनाथ क्षेत्रको वातावरणीय स्वच्छता, पवित्रता, धार्मिक र पुरातात्विक महत्त्व समेतलाई दृष्टिगत गर्दा त्यस्तो महत्त्वपूर्ण क्षेत्रको मुलढोकाभित्रको मन्दिर परिसरमा शौचालय निर्माण गर्न लागिएको भए प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म शौचालय निर्माण गर्ने कार्य नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६८-WO-१२१३, उत्प्रेषणयुक्त परमादेश, *राजेश सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यसमा निवदकले नेपाल सरकारबाट आगामी आर्थिक वर्षको बजेट व्यवस्थापिका संसद नहुँदा अध्यादेशबाट जारी गर्ने भएको र सो गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४३ बमोजिम राजनैतिक सहमतिमा बाहेक जारी नगर्नु भनी अन्तरिम आदेशका लागि माग गरेको देखिन्छ । नेपाल सरकारबाट प्रत्येक आर्थिक वर्षको लागि आय-व्यय सञ्चालन गर्न बजेट ल्याउनु पर्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । नेपाल सरकारले व्यवस्थापिका संसदमा राजश्व र व्ययको अनुमान पेश गर्न नसक्ने विशेष परिस्थिति भएमा नेपालको अन्तरिम संविधानको धारा ९६क ले राजश्व र व्ययसम्बन्धी विशेष व्यवस्था गरी सोको उपधारा (१) र (२) को व्यवस्थाको अधिनमा रही बजेट जारी गर्नुपर्ने संवैधानिक व्यवस्था भैरहेको अवस्थामा सो संवैधानिक व्यवस्थाविपरीत हुने गरी सरकारबाट बजेट जारी हुने अवस्था

नभएकोले सुविधा सन्तुलन निवेदकको पक्षमा नरहेको साथै मागबमोजिम अन्तरिम आदेश जारी हुन अन्य पूर्वावस्था पनि विद्यमान रहेको नदेखिएकोले हाल अन्तरिम आदेश गर्न मिलेन। प्रस्तुत रिटलाई पेशीमा अग्राधिकार दिई नियमानुसार पेश गर्नै ।

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०६८-WO-१२६७, उत्प्रेषणयुक्त परमादेश, *चिन्तामणि भण्डारी वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासी समेत*

विपक्षी शिक्षा निर्देशनालय, पश्चिमाञ्चल पोखरा, शिक्षक सेवा आयोग भक्तपुर र शिक्षक किताबखाना काठमाडौंले गरे बिराएको निवेदन लेखबाट नदेखिएकोले उक्त विपक्षीहरूको नाममा कारण देखाउ आदेशको सूचना जारी गर्न नपर्ने ।

अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा मिति २०६६।३।१ देखि मिति २०६९।२।३० सम्म ३ वर्षका लागि निवेदकले अध्ययन बिदा स्वीकृत गराई अध्ययनको लागि गएकोमा सो बिदा भुक्तान गरी निज निवेदक आफू कार्यरत् विद्यालयमा २०६८।२।२८ मा हाजीर भई अध्यापन प्रारम्भ गरेको व्यहोराको जानकारी प्रत्यर्थी कालिका मा.वि. ले जिल्ला शिक्षा कार्यालय, नवलपरासीलाई मिति २०६९।२।२९ को पत्रबाट दिएको र सो पत्रसाथ निजले अध्ययन गरेको प्रमाणपत्र समेत पेश गरेको अवस्थामा जिल्ला शिक्षा कार्यालयको मिति २०६८।१।५ को निर्णयानुसार निजलाई विद्यालयमा हाजीर हुन रोक लगाइएको भन्ने जिकीर रहेको देखिँदा त्यसरी बिदा स्वीकृत गराई गएका निवेदकलाई बिदा भुक्तान गरी हाजीर भइसकेपछि अध्यापन गराउन रोक लगाउने उक्त मिति २०६८।१।५ को जिल्ला शिक्षा कार्यालयको निर्णय र तत्सम्बन्धी पत्रबाट निवेदकलाई हुन सक्ने क्षति र सुविधा सन्तुलनको दृष्टिबाट मर्का पर्नसक्ने भएकोले प्रस्तुत रिटको अन्तिम टुंगो नलागेसम्म सो पत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरू जिल्ला शिक्षा कार्यालय, नवलपरासी र कालिका मा.वि. का नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार २५ गते रोज २ शुभम् ।

४

**मा.न्या.कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-WO-११७७, उत्प्रेषण समेत, *कृष्णप्रसाद तिमिल्सिना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अन्तरिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।१।२१ को निर्णयअनुसार नेपाल सरकार र भारत सरकार बीच सम्पन्न द्विपक्षीय समझदारी पत्रअनुसार काठमाडौंमा एक इमरजेन्सी तथा ट्रमा सेन्टर स्थापनाको लागि भवन निर्माण भएको भै सो सञ्चालनको लागि विभिन्न निर्णय भएको देखिन्छ । सो सिलसिलामा अन्य कुराको अतिरिक्त भारत सरकारबाट हस्तान्तरणपश्चात् इमरजेन्सी तथा ट्रमा सेन्टर नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मातहतमा केन्द्रीय स्वास्थ्य संस्थाको रूपमा सञ्चालन गर्ने भन्ने निर्णय भएको देखिन्छ ।

निवेदकले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।१।२१ को निर्णयबाट चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३, ४ र १४ को स्वामित्व गुमेको भन्ने समेतका जिकीरको आधारमा स्वास्थ्य मन्त्रालयअन्तर्गत रहने गरी इमरजेन्सी तथा ट्रमा सेन्टर सञ्चालन गर्ने मन्त्रिपरिषद्को उक्त निर्णय बदर गरी पाउन माग गरेको भए पनि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अख्तियारसहित उजूरी पर्न आएको देखिँदैन । पक्ष विपक्षीको कानून व्यवसायीहरूको वहस जिकीरबाट उक्त सेन्टरको लागि बनेको भौतिक संरचना रहेको जग्गाको स्वामित्व विपक्षी प्रतिष्ठानमा रहेको भन्ने कुरामा विवाद रहेको देखिँदैन । तर विवादित इमरजेन्सी तथा ट्रमा सेन्टर कुन रूपमा सञ्चालन गर्ने भन्ने कुरा जग्गाको स्वामित्व मात्रैले निर्धारण गर्ने कुरा नभएको र सोसम्बन्धी सम्पूर्ण प्रश्नहरूमा पछि लिखित जवाफ परेपछि विचार गरिने कुरा भएकोले नेपाली जनताको आवश्यकता र लामो प्रतीक्षा पछि सञ्चालन हुन लागेको यस्तो इमरजेन्सी एवं ट्रमा सेन्टरलाई सञ्चालन गर्ने सम्बन्धमा वैकल्पिक प्रावधान बिना मागबमोजिम अन्तरिम आदेश जारी गरी रोक्दा सर्वसाधारणलाई असुविधा र स्वास्थ्यसम्बन्धी गम्भीर समस्या निरन्तर हुनजाने भै सुविधा र सन्तुलनको सिद्धान्तलाई विचार गरी मागबमोजिम तत्काल

अन्तरिम आदेश जारी गर्न मिलेन। तसर्थ यस अदालतको मिति २०६९।३।३ को अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन समेत नपर्ने ।

इति संवत् २०६९ साल असार १८ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६८-WO-१२३८, उत्प्रेषण परमादेश, *पुष्कर खतिवडा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा निवेदकहरू पुष्कर खतिवडा र पुरन लहेरीले साविक कार्यालयमा २ वर्ष भन्दा बढी अवधि व्यतीत भएपछि मिति २०६९।१।३१ मा सरूवा गरिएको देखिँदा सो सरूवा पुनः बदर गरेको मिति २०६९।२।२३ को सरूवा बदर निर्णयमा कानूनसम्मत् कारण पनि उल्लेख भएको नदेखिँदा सो सरूवा बदरको निर्णय यो रिट निवेदनको अन्तिम निर्णय नभएसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

निवेदक हेमनारायण यादवको हकमा हेर्दा निज सुनसरीबाट लमजुङ र त्यसपछि पुनः सुनसरीमा सरूवा गरिएको देखिँदा निज लमजुङमा हाजीर भएको अभिलेख झिकाए पछि अन्तरिम आदेशका सम्बन्धमा छलफलका लागि अर्को पक्षलाई सूचना दिई पेश गर्ने ।

इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६८-WO-१२४१, उत्प्रेषण परमादेश, *सीमा सिँह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत*

निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धमा विचार गर्दा यी निवेदिकालाई राष्ट्रिय सहकारी विकास बोर्डमा महिला सहकारी कार्यकर्ताहरूमध्येबाट दुई वर्षका लागि सदस्य पदमा मिति २०६८।४।२७ को निर्णयानुसार मनोनयन (नियुक्त) गरिएको देखिन्छ । यसरी मनोनयन गरिएको सदस्यको कानूनी पदावधि पनि राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ७(३) ले दुई वर्षको भनी उल्लेख गरेको रहेछ। उक्त कानूनी व्यवस्थाको विपरीत र मनोनयनमा उल्लेख गरिएको पदावधि नपुग्दै मिति २०६९।१।२२ मा यी निवेदिकालाई सदस्यबाट अवकाश गरिएको देखिँदा सो सम्बन्धी मिति २०६९।१।२० को निर्णय र मिति २०६९।१।२२ को पत्र समेत कार्यान्वयन नगर्नु, नगराउनु र यी निवेदकलाई निजको उक्त बोर्डको सदस्य पदको जिम्मेवारी पूरा गर्न वा कामकाज गर्नबाट अवरोध नगर्नु भन्ने समेत अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-१२८९, उत्प्रेषण समेत, *रमेश शर्मा लम्साल वि. जिल्ला शिक्षा कार्यालय, पर्वत समेत*

अन्तरिम आदेश समेत माग गरेको देखिँदा सो सम्बन्धमा हेर्दा यी निवेदक मिति २०३९।६।१२ मा भवानी विद्यापीठ व्यावसायिक माध्यमिक विद्यालय पर्वत फलेवासको माध्यमिक विद्यालय स्तरमा स्थायी नियुक्ति भएको देखिएको र निजलाई २०६२।३।१० देखि लागू हुने गरी मा. द्वितीय श्रेणीमा बढुवा गरेको देखिएको अवस्थामा निवेदकलाई उक्त भवानी विद्यापीठ उच्च मा.वि.मा निमित्त प्रधानाध्यापकमा नियुक्त नगरी अर्जुनकुमार रेग्मीलाई केवल २०६९।२।२३ मा उक्त भवानी विद्यापीठ उच्च माध्यमिक विद्यालयमा सरूवा गराई २ दिनपछि उक्त विद्यालयको निमित्त प्रधानाध्यापकमा नियुक्त गर्ने विद्यालय व्यवस्थापन समितिको मिति २०६९।२।२५ को निर्णय दूषित भावनायुक्त देखिएको साथै शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम १२ को समेत विपरीत देखिँदा निज अर्जुनकुमार रेग्मीलाई निमित्त प्रधानाध्यापकमा नियुक्त गर्ने तथा उक्त पदको जिम्मा दिने निर्णय कार्यान्वयन नगर्नु र निजलाई प्रधानाध्यापकको जिम्मेवारी नदिनु र प्रचलित कानूनको प्रक्रिया पुऱ्याई उक्त उच्च माध्यमिक विद्यालयमा स्थायी प्रधानाध्यापक नियुक्त भई नआएसम्म शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम १२ अनुसार निवेदक रमेश शर्मा (लम्साल) लाई नै सो भवानी विद्यापीठ उच्च मा.वि.मा निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनू भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-१२९१ उत्प्रेषण समेत, *विनयकुमार महासेठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

रिट निवेदकले निवेदनमा अन्तरिम आदेश समेत माग गरेकोले सो सम्बन्धमा हेर्दा निवेदकलाई गाँडाकोट आयुर्वेद औषधालय पाल्पाबाट आयुर्वेद विभागको मिति २०६९।१।३१ को निर्णयानुसार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र महोत्तरीमा सरूवा गरिएको सरूवापत्रको प्रतिलिपिबाट देखिएको साथै पुनः सोही विभागबाट नेपाल सरकार सचिवस्तरको मिति २०६९।२।२३ को निर्णयानुसार भनी पूर्व मिति २०६९।१।३१ को सरूवा बदर गरिएको देखियो। यस अघि निवेदकलाई आयुर्वेद विभागको मिति २०६६।३।२४ को निर्णयानुसार गैंडाकोट आयुर्वेद औषधालय पाल्पामा पदस्थापना गरेको देखिँदा कानूनले तोकेको अवधि पूरा गरिसकेपछि मिति २०६९।१।३१ मा एक स्थानबाट अर्को स्थानमा सरूवा गरेको अवस्थामा सो मितिबाट नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ बमोजिमको अवधि पूरा नहुँदै निवेदकको सरूवा बदर गरेको देखिएको छ। त्यसरी बदर गर्दा नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) नियमावली, २०६८ मा उल्लेख भएको कुनै पनि आधार र कारण निवेदकलाई दिएको सरूवा पत्रमा नखुलाई कानूनको आधार र कारण बिना मिति २०६९।१।३१ को सरूवा निर्णय बदर गरेको देखिएबाट सो मिति २०६९।२।२३ को निर्णयबाट निवेदकलाई सुविधा सन्तुलनको दृष्टिबाट मर्का पर्नसक्ने देखिँदा यो निवेदनको टुङ्गो नलागेसम्म मिति २०६९।२।२३ को निर्णय यी निवेदकको हकमा कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-१२५४, उत्प्रेषण समेत, *सन्तोष विश्वकर्मा वि. स्वास्थ्य सेवा विभाग समेत*

अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा निवेदकलाई विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६८।१२।३० को निर्णयबमोजिम तुम्लिङटार स्वास्थ्य चौकी संखुवासभाबाट इन्द्रपुर स्वास्थ्य चौकी मोरङमा सरूवा भई रमाना समेत लिई हाजीर भइसकेको अवस्थामा पुनः मिति २०६९।२।१४ मा दुलारी स्वास्थ्य चौकी मोरङमा कानूनसम्मत् आधार र कारण उल्लेख नगरी सरूवा संशोधन तथा मिलान गरेको देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म उक्त सरूवा संशोधन तथा मिलानसम्बन्धी मिति २०६९।२।१४ को निर्णय तथा च.नं. ११३९ को पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-१२८२, उत्प्रेषण, *गोले मगर समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग*

अन्तरिम आदेशको मागका सम्बन्धमा विचार गर्दा मिति २०६९।३।६ मा प्रकाशित सूचनाअनुसार लिलाम गर्ने भनिएका काठहरू निजी जग्गाभित्रको उत्पादन तथा कटान भए गरेको भन्ने निवेदन जिकीर भएको र उक्त काठहरूको सम्बन्धमा प्रमाण भए नभएतर्फ जिल्ला वन कार्यालय, पाँचथर फिदिमको मिति २०६९।२।१७ को आदेशअनुसार सर्जमीन लगायतका अनुसन्धान कार्य भई वन विभागको मिति २०६४।९।१४ को परिपत्रबमोजिम निर्णय हुन बाँकी रहेकै अवस्थामा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।२।५ को निर्णय एवं २०६९।२।१४ को पत्रबमोजिम लिलाम बिक्री हुन लागेको भन्ने निवेदन साथ प्रस्तुत भएको कागजातको छायाँप्रतिबाट देखिन आएको छ। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र पत्रबाट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा अतिक्रमण भएको भन्ने निवेदन जिकीर रहेको तथा उक्त निर्णय र पत्रबाट कुन कानून अवलम्बन भए गरेको हो सोको अभाव रहेको अवस्था समेत देखिन आउँछ। सूचनाबमोजिम कार्य हुन गएमा निवेदकलाई पुग्न सक्ने क्षतिलाई दृष्टिगत गर्दा तुलनात्मक रूपमा निवेदकको पक्षमा सुविधा र सन्तुलन विद्यमान रहेको स्थिति समेत हुँदा यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मिति २०६९।३।६ को लिलाम बिक्रीसम्बन्धी सूचना कार्यान्वयन नगर्नु नगराउनू, यथास्थितिमा राख्नु भनी यो अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असार २५ गते रोज ३ शुभम्।

११

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-WO-१२७२, उत्प्रेषण, *रमेशप्रसाद दवाडी वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

अन्तरिम आदेशतर्फ विचार गर्दा यी निवेदक हुकुम फर्मास्युटिकल्स प्रा.लि. को प्रशासकीय अधिकृत पदमा कार्यरत् रहेका र निवेदक कार्यरत् रहेको प्रा.लि. र मेची काली इन्टरनेशनल प्रा.लि. का बीच मिति ७ जुलाई २०११ मा भएको करार सम्झौताको दफा १० मा पक्षहरूका बीच आपसी सहमतिबाट कुनै विवाद समाधान हुन नसके मध्यस्थताद्वारा विवाद समाधान गरिनुपर्ने भन्ने प्रावधान रहेकोमा सोको विपरीत हुने गरी पक्षहरूका बीचको करारीय विवादमा महानगरीय प्रहरी परिसर हनुमानढोकाले यी निवेदकलाई पक्राउ गरी मिति २०६९।३।१९ मा अनधिकृत निकायले अनधिकृत कागज समेत गराएको भन्ने भएकोले, यस्तो करारीय विषयवस्तुलाई लिएर पक्षहरूका बीचको उक्त मितिको सम्झौता समेतको विपरीत हुने गरी यी निवेदकलाई पक्री प्रहरी कार्यालयमा गराइएको भनिएको उक्त मिति २०६९।३।१९ को कागज क्षेत्राधिकारविहीन समेत हुने हुँदा पक्षहरूका बीचको मिति ७ जुलाई २०११ को सम्झौताविपरीत हुने गरी कुनै कामकारवाही नगर्नु नगरानु तथा निवेदकलाई प्रहरी निकायबाट गराइएको भनिएको मिति २०६९।३।१९ को कागजसमेत कार्यान्वयन नगर्नु नगराउनु र यसै विषयलाई लिएर अनाधिकृत रूपमा निवेदकलाई धरपकड समेत नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-१२२०, उत्प्रेषण, *अजयकुमार शाह वि. पुनरावेदन अदालत, विराटनगर समेत*

निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयन गर्ने सिलसिलामा विवादित कित्ता नं. १५२ को जग्गा छुट्ट्याउने क्रममा मुलुकी ऐन, दण्ड सजायको ४३(६) नं. विपरीत नरमकरम नमिलाई निवेदकको घरजग्गामा प्रवेश गर्ने बाटो नै बन्द हुने गरी जग्गा छुट्ट्याई दा.खा. दर्ताको लागि मोरङ्ग जिल्ला अदालतले मिति २०६८।८।७ मा मालपोत कार्यालय, मोरङ्गलाई पत्र लेखेको भन्ने देखिएको र उक्त पत्र कार्यान्वयन भएको अवस्थामा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई मर्का परी अपूरणीय क्षति हुन सक्ने देखिँदा लिखित जवाफ परेपछि पुनर्विचार हुने गरी तत्कालका लागि मोरङ्ग जिल्ला अदालतको उक्त पत्र कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

## दरपीठ आदेश

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६८-AP-०४१७, कर्तव्य ज्यान, *सानु माइकल भन्ने संदीप श्रेष्ठ वि. नेपाल सरकार*

यी रिट निवेदक प्रतिवादीले आफूलाई शुरू काठमाडौं जिल्ला अदालतबाट रू. २५,०००।- धरौट लिई तारिखमा छाडेको भन्ने आधारमा अ.बं. १९४(२) नं. को सुविधा माग गरेको देखिन्छ । तर यस अदालतका सहरजिष्ट्रारबाट मिति २०६८।११।३० मा भएको दरपीठ आदेशमा सो काठमाडौं जिल्ला अदालतबाट धरौट लिई तारिखमा राख्ने आदेश उल्टी गरी पुनरावेदन अदालत, पाटनबाट अ.बं. ११८(२) नं. बमोजिम थुनामा राखी कारवाही गर्नु भन्ने समेत व्यहोराको आदेश भएको भनी अ.बं. १९४ नं. को सुविधा दिन इन्कार गरेको देखिन्छ। सो तथ्यलाई यी निवेदकले अन्यथा हो भनी निवेदनमा उल्लेख गरी खण्डन गर्न सकेको नदेखिँदा अ.बं. १७ नं. को रोहमा धरौट लिई तारिखमा राख्ने शुरू काठमाडौं जिल्ला अदालतको आदेशलाई उल्टी गरी पुर्पक्षका निमित्त निवेदकलाई थुनामा राख्ने आदेश भएकोमा सो आदेशबमोजिम थुनामा नबसेको अवस्थामा यी निवेदकलाई अ.बं. १९४(२) नं. को सुविधा दिन नमिल्ने हुनाले यस अदातका सहरजिष्ट्रारबाट मिति २०६८।११।३० मा भएको दरपीठ आदेशमा कानूनी त्रुटि रहेको नदेखिने ।

इति संवत् २०६९ साल असार २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-RE-००७५, *उत्प्रेषण, दानबहादुर प्रजापती वि. पुनरावेदन अदालत, पाटन समेत*

प्रस्तुत विवादमा सर्वोच्च अदालतले साधारण अधिकारक्षेत्र अन्तर्गत गरेको निर्णय समेत बदर गर्न असाधारण अधिकारक्षेत्र अन्तर्गतको रिट निवेदन दर्ता हुनसक्ने वा नसक्ने भन्ने विशुद्ध कानूनी प्रश्न अन्तर्निहित रहेको पाइयो । यसका लागि यस अदालतको मिति २०६९।३।२८ को टिप्पणी आदेशबाट प्राप्त हुन नसकेको भनी देखिएको मिसिलको अभावमा समेत निर्णय गर्न सकिने देखिँदा दरपीठ आदेश जारी हुने वा नहुने सन्दर्भमा विचार गर्दा यस अदालतका तत्कालीन रजिष्ट्रार श्री रामकृष्ण तिमिल्सिनाबाट मिति २०६६।१२।३ मा भएको दरपीठ आदेशमा उल्लिखित कारण समेतबाट केही परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०६९ साल असार २९ गते रोज ६ शुभम् ।

## रायबाझी आदेश

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RE-०००१, ००६६, ००६७, ००६८, ०११५, ०११६, ०११७, ०११८, ०२७६, ठगी, *नारायण शिवाकोटी समेत वि. नेपाल सरकार*

यसमा मुलुकी ऐन, ठगीको महलको ४ नं. को दावी लिई अभियोग पत्र दायर भएको मुद्दामा पुनरावेदन अदालतका विभिन्न मितिका आदेशहरूउपर अ.बं. १७ नं. अन्तर्गत वादी नेपाल सरकारको र प्रतिवादीहरूकातर्फबाट निवेदन पर्न आएको ।

प्रतिवादीहरू नारायण शिवाकोटी, गोविन्द कोइराला, रामप्रसाद घिमिरे, प्रिन्स सन्तोष शाह, रत्नकाजी श्रेष्ठ समेतलाई थुनामा राख्ने र भीमबहादुर खत्री एवं सुदीप घिमिरेलाई रू. पचास हजार धरौटी माग गर्ने तथा घनश्याम बस्ताकोटीलाई साधारण तारिखमा राख्ने गरी गरेको मिति २०६७।९।३० गतेको, निवेदक गुणप्रसाद भण्डारीलाई थुनामा राख्ने गरेको मिति २०६८।१।२३ को र निवेदकहरू धनकुमार गुरुङ, कुमार डंगोल, नारायणप्रसाद सापकोटा, नेत्रकुमार राई, गणेशध्वज खातीलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको मिति २०६८।५।१६ को पुनरावेदन अदालत, पाटनको आदेश मिलेकै देखिँदा त्यसमा परिवर्तन गरिरहनु नपर्ने भन्ने संयुक्त राय ।

प्रतिवादी कालु गुरुङलाई रू. ५ करोड धरौटी लिने गरी भएको जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको आदेश सो हदसम्म बदर गरिदिएको छ । निजलाई अ.बं. ४७ नं. बमोजिम तारिखमा राख्नु ।

प्रतिवादी कष्णप्रसाद पाठकको हकमा ३०,००,०००।- (तीस लाख) धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राख्नु पर्नेमा निजलाई पुर्पक्षका लागि थुनामा राखेको शुरू जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालतको मिति २०६७।९।३० को आदेश बदर भै रू. तीस लाख नगद धरौटी वा सो बराबरको जेथा जमानी लिई तारिखमा राख्नु ।

प्रतिवादी लोकबहादुर टण्डनको हकमा थुनामा राखेको पुनरावेदन अदालत, पाटनको आदेश नमिलेकोले बदर भई शुरू जिल्ला अदालतको आदेशबमोजिम रू. १,५०,००००।- (एक करोड पचास लाख) नगद धरौटी वा जेथा जमानी दिए लिई तारिखमा राख्नु भन्ने मा.न्या.श्री ताहिर अली अन्सारीको छुट्टै राय र निवेदक लोकबहादुर टण्डन र कृष्णप्रसाद पाठकलाई पुनरावेदन अदालत, पाटनको मिति २०६७।९।३० को आदेश बेरीतको नदेखिँदा सदर हुने र अर्का प्रतिवादी कालु गुरुङको हकमा रू. पाँच करोड धरौटी माग गर्ने गरेको मिति २०६७।९।३० को आदेश मिलकै देखियो भन्ने मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्कीको छुट्टै राय भई फरक-फरक राय भएकोले यी तीन जना प्रतिवादीहरूको हकमा आदेश हुन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) अनुसार पूर्ण इजलासमा पेश गर्ने ।

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम् ।